# परिच्छेद : एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **साहित्यकार हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक पाठ्यांश परिपूर्तिका निम्ति दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ शोधविषय

साहित्यकार हरिहर सविताले नेपाली साहित्यका विभिन्न कथा, कविता, नाटक, शोककाव्य, समालोचना, निबन्ध, हास्यव्यङ्ग्यजस्ता साहितियक विधामा कलम चलाएका छन् । विशेष गरेर पद्य लेखनमा रुचि राख्ने सविताका साहित्य सम्बन्धी लेखहरू स्थानीय पत्रपत्रिकाका साथै राष्ट्रिय स्तरका पत्रपत्रिकामा पनि छापिने गरेका छन् । साथै साहित्येतर विधामा पनि उनी सिद्धहस्त व्यक्तित्व हुन् । पाश्चात्य साहित्यका महान् साहित्यकार लियो टाल्सटायबाट प्रभावित सविताका साहित्यसम्बन्धी यी पाँचवटा कृतिहरू प्रकाशित छन् : (क) **कालरात्रि** कथासङ्ग्रह (२०४७), (ख) **मणि** शोक-काव्य (२०४८), (ग) **जानुका** शोक-काव्य (२०४८), (घ) **प्रचण्डलाई पत्र** काव्य (२०६४), (ङ) **पुष्पपत्र** (२०६५) महाकाव्य र केही कृतिहरू विविध समस्याका कारणले पाण्डुलिपिमै सुरक्षित रहेका छन् । आफ्ना अमूल्य कृतिहरू नेपाली साहित्यानुरागीहरूलाई अर्पण गरेका सविताको बारेमा अध्ययन, विश्लेषण र मूल्याङ्कन हुन सकेको छैन । यसैले साहित्यकार **हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**लाई यस शोधको विषय चयन गरिएको छ ।

## १.४ समस्याकथन

**हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकसँग सम्बद्ध भएर गरिने यस शोधकार्यका यी समस्याहरू रहेका छन् :

क. साहित्यकार हरिहर सविताको जीवनी र व्यक्तित्व कस्तो रहेको छ ?

ख. उनका कृतिहरूमा के-कस्ता विचार र दृष्टिकोणहरू प्रस्तुत भएका छन् ?

ग. उनको साहित्ययात्रामा उनका रचनाहरूको मुख्य प्रवृत्ति के रहेको छ ?

घ. नेपाली साहित्यको उत्थान र श्रीवृद्धिमा उनको के-कस्तो योगदान रहेको छ ?

यिनै विभिन्न समस्याहरूको अध्ययन, अनुसन्धान, विश्लेषण र मूल्याङ्कनमा यो शोधपत्र उन्मुख रहेको छ ।

## १.५ शोधकार्यको उद्देश्य

**साहित्यकार हरिहर सविताको जीवनी, व्यक्तित्व, साहित्यकार अध्ययन,** साहित्यिक यात्राको गतिशीलता तथा उनका प्रकाशित सम्पूर्ण कृतिहरूको अध्ययन तथा विश्लेषण गरी नेपाली साहित्याकाशमा उनको स्थान निर्धारण गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ । यसका खास-खास उद्देश्यहरूलाई क्रमिक रूपले यसरी उल्लेख गरिएको छ :-

क. साहित्यकार हरिहर सविताको जीवनी, व्यक्तित्वको पहिचान गर्नु,

ख. उनका साहित्यिक कृतिहरूमा पाइने विचार र दृष्टिकोणलाई हेर्नु,

ग. उनका साहित्यिक कृतिहरूमा पाइने मुख्य प्रवृत्ति पत्ता लगाउनु र,

घ. नेपाली साहित्यमा उनले पुऱ्याएको योगदानको पुष्टि गर्दै मूल्याङ्कनका साथ निष्कर्षमा पुग्नु ।

यिनै उद्देश्य पूरा गर्नेतर्फ यो शोधपत्र उन्मुख रहेको छ ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार हरिहर सविता वि.सं. २०१८ सालबाट नै कविता लेखनमा सक्रिय भई हालसम्म लगभग साढे चार दशकसम्म निरन्तर काव्य साधनामा जुटेका छन् । सविताका बारेमा निकै कम लेखक समीक्षकहरूले विभिन्न पुस्तक र पत्रपत्रिकाहरूमा फाटफुट रूपमा चर्चा गरेका छन् । विभिन्न समीक्षकहरूले विभिन्न पत्रपत्रिकाहरूमा गरेका टीका-टिप्पणीहरूको कालक्रमिक विवरण यसप्रकार छ :

क. हरिहर खनालले **'विवेक'** (चितवन परिचय विशेषाङ्क अङ्क-२, वर्ष-५ २०४६ पृष्ठ ७५) मा *'साहित्य र अनुसन्धानमा चितवन'* मा चितवनका कवि तथा साहित्यकारहरू मध्ये २०३५ सालतिरबाट साहित्यिक फाँटमा कलम चलाउन सुरु गरेका लेखक हुन् भनी हरिहर सविताको चर्चा गरेका छन् । कुनै कृति प्रकाशित नगरे पनि हरिहर सविताको भविष्य उज्यालो भएको चर्चा पृष्ठ ८४ मा पनि गरेका छन् ।

ख. लक्ष्मणप्रसाद गौतमले **'चितवन जिल्लाको साहित्य सर्वेक्षण र विश्लेषण'** (चितवन वाङ्मय प्रतिष्ठान, नेपाल प्रथम २०५२, चैत्र) पृ. २३ मा **'कालरात्रि'** कथासङ्ग्रहको चर्चा गर्दै

सवितालाई एक मार्क्सवादी, प्रगतिवादी साहित्य साधकको कित्तामा उभ्याएका छन् । गौतमले हरिहर सविताका कथाहरूले कलात्मक मूल्य र मान्यताभन्दा बढी वैचारिक आग्रह बोकेका छन् भने कतै कतै उग्र राजनीतिक आग्रहको प्रवेशले आख्यानमा ह्रास आएको छ भनी उल्लेख गरेका छन् । त्यस्तै पृष्ठ २४ मा हरिहर सविताको प्रथम शोक काव्य **'मणि'** शोक-काव्य २०४८ को बारेमा विस्तृत रूपले चर्चा गरेका छन् । रामपुर कृषि क्याम्पसमा अध्ययनरत छात्र मित्रमणि आचार्यको मृत्युले उत्पन्न शोकानुभूतिलाई आँसुको भाषामा व्यक्त गरिएको यो काव्य करुण रसका परिपाकको अवस्थामा पुगेको हुनु तर विवेच्य काव्यमा करुण उचित परिपाकमा नपुगी त्यसको स्थान वीर रसले लिएको छ भनेर गौतमले उल्लेख गरेका छन् । गौतमले शार्दूलविक्रीडित छन्दका एकसय एकतीस पंक्तिमा रचिएको यस काव्यमा माधवप्रसाद घिमिरेको **राजेश्वरी** खण्डकाव्यको पूर्ण प्रभाव परेतापनि शोककाव्यको शोक सामान्यीकरण सहज रूपमा नभै कृत्रिम हुन पुगेको आरोप लगाएका छन् । त्यस्तै पृष्ठ २५ मा हरिहर सविताको दोस्रो शोककाव्य **'जानुका'** शोक-काव्य (२०४८) को बारेमा चर्चा गरेका छन् । कविले बाह्र वर्षको उमेरमा मृत्युवरण गर्न पुगेकी छोरीको मृत्युबाट आहत भई व्यथा र वेदनालाई आँसुको भाषामा प्रस्तुत गरेको यस शोक-काव्यमा परिवारका धेरै व्यक्तिहरूको नामले काव्यलाई कृत्रिम र खल्लो तुल्याएको छ भनी उल्लेख गरेका छन् । कतै राजनीतिक स्वर र धेरै मात्रामा करुण रसको अभिव्यक्ति पाइने **'जानुका'** शोक-काव्य (२०४८) मा प्रशस्त भाषिक त्रुटिहरू रहेको कुरा गौतमले उल्लेख गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमले **चितवन महोत्सव स्मारिका २०६१** मा *'छन्दोबद्ध कवितामा चितवन'* प्रकाशित लेख पृष्ठ ६५ मा चितवन जिल्लाका छन्दोवद्ध कविहरूको चर्चा गर्ने क्रममा सविताका दुई काव्य **'जानुका'** र **'मणि'** शोक-काव्यको सामान्य चर्चा गरेका छन् ।

ग. समालोचक डि.आर. पोखरेलले **'चितवन महोत्सव स्मारिका-२०६१'** मा *'पचासको दशकमा प्रकाशित चितवनको गद्य साहित्य'* पृष्ठ ९१ मा सविताको कृतिको उल्लेख नगरी केवल गद्य साहित्यसँग सम्बन्धित स्रष्टा मानी उनको नाम मात्र उल्लेख गरेका छन् ।

घ. नारायणप्रसाद खनालले **'चितवन महोत्सव स्मारिका-२०६३'** पृष्ठ ५९ मा *'शोककाव्य सृजन परम्परामा चितवनका स्रष्टाहरूको योगदान'* मा चितवनका शोककाव्य परम्पराका लेखकहरूको चर्चा गर्ने क्रममा हरिहर सविताका दुई शोककाव्यहरू **'मणि'** मित्र वियोग २०४८ र **'जानुका'** पुत्री वियोग २०४८ शोककाव्य हुन् भन्दै 'क' र 'ख' वर्गमा राखी चर्चा

गरेका छन् । पहिलो वर्गमा **मणि** शोककाव्यलाई र दोस्रो वर्गमा **जानुका** शोककाव्यको चर्चा गरेका छन् ।

माथि उल्लिखित विवरणबाट सविताको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा केही चर्चा भए पनि उनको बारेमा विस्तृत रूपले अध्ययन, अनुसन्धान भएको छैन । त्यसैले यस शोधपत्रमा सविताको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ ।

## १.७ शोधको औचित्य र महत्त्व

हरिहर सविताको साहित्यिक प्रतिभालाई खुलाई उनको प्रतिभालाई उजागर गर्दै उनको समग्र साहित्य सृजनयात्राले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई पाठक सामु पस्किनु आफैमा औचित्यपूर्ण कार्य हो । मोफसलका साहित्यकारहरूको बारेमा अध्ययन गरी उनीहरूको प्रतिभालाई अग्रगामितातर्फ लैजानुले पनि यस शोधकार्यको औचित्य देखिन्छ । हरिहर सविताजस्ता स्रष्टाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन समकालीन तथा उत्तरवर्ती प्रतिभाहरूको लागि प्रेरणादायी बन्नुका साथै उनका बारेमा जान्न इच्छुक पाठकहरूसमेत लाभान्वित हुने भएकोले प्रस्तुत शोधपत्रको औचित्य र महत्त्व पुष्टि हुन जान्छ ।

## १.८ शोधकार्यको क्षेत्र र सीमा

यो शोधपत्र साहित्यकार **हरिहर सविताको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** विश्लेषण र मूल्याङ्कनसँग सम्बन्धित रहेको छ । उनका जीवनका प्रमुख घटनाक्रम र उतारचढावलाई यस शोधपत्रको जीवनी पक्षमा समेटिएको छ भने उनका रचनाहरूलाई कृतित्व पक्षमा समेटिएको छ । उनका हालसम्म प्रकाशित काव्यकृतिलाई अध्ययन, विश्लेषण गरिएको छ । उनका अप्रकाशित कृतिहरू र फुटकर साहित्यिक लेख तथा साहित्येतर लेखहरूको सूची विवरणमात्र यस शोधपत्रमा उल्लेख गरिएको छ । यही अध्ययन यसको सीमा क्षेत्र रहेको छ ।

## १.९ सामग्रीसङ्कलन र शोधविधि

यस शीर्षकअन्तर्गत सामग्री सङ्कलन र शोधविधिलाई छुट्टाछुट्टै शीर्षकमा राखेर अध्ययन गरिएको छ ।

### १.९.१ सामग्रीसङ्कलनप्रक्रिया

व्यवस्थित तरिकाले सङ्कलित सामग्रीबाट शोधकार्य सहज तरिकाले सम्पन्न हुने भएकाले **हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** अनुसन्धान गर्न यस किसिमको प्रक्रिया अपनाइएको छ ।

### १.९.२ पुस्तकालयीय अध्ययनप्रक्रिया

यस शोधपत्रका लागि प्रकाशित कृतिहरू र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित लेख, रचनाहरूलाई आधार सामग्रीका रूपमा ग्रहण गर्न पुस्तकालयीय अध्ययनप्रक्रियाको उपयोग गरिएको छ ।

### १.९.३ अन्तर्वार्ता र भेटघाट

यस शोधकार्यको तथ्याङ्क सङ्कलन गर्ने क्रममा शोधनायकसँग लिइएको अन्तर्वार्ता, शोधनायकका परिवारजन, सहपाठी साथीहरू, मित्रहरू, समकालीन तथा उत्तरवर्ती साहित्यकारहरू, शुभचिन्तकहरूसँग प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सम्पर्क गरी सामग्री सङ्कलन गरिएको छ । यसमा विविध अध्ययनविधिहरू अपनाइए पनि मूलतः हरिहर सविताकै प्रकाशित कृतिहरू र शोधनायकसँगको प्रत्यक्ष भेटघाटका क्रममा सोधिएका मौखिक जानकारीलाई सामग्रीको स्रोत मानिएको छ ।

## १.१० शोधविधि र सैद्धान्तिक ढाँचा

**साहित्यकार हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** विश्लेषण र मूल्याङ्कनको क्रममा कविको जीवनी र व्यक्तित्व सम्बन्धी अध्ययन कार्यमा ऐतिहासिक शोधपद्धति अँगालिएको छ । सङ्कलित सामग्रीको व्याख्या विश्लेषणका लागि आवश्यकताअनुसार वर्णनात्मक, विवरणात्मक, परिचयात्मक तथा व्याख्यात्मक विधि अपनाइएको छ । जीवनीपरक समालोचना वा मापदण्डका आधारमा जीवनीको अध्ययन र कृतित्वको सहकारिताबाट निर्मित उनको व्यक्तित्वका विभिन्न आयामहरू तथा कृति विश्लेषणका लागि समालोचनाका सामान्य सिद्धान्तलाई अँगालिएको छ ।

जीवनीखण्डमा स्वयम् अनुसन्धेय व्यक्तिको अन्तर्वार्ता र भेटघाटलाई मूल आधारका रूपमा लिइएको छ  भने व्यक्तित्वखण्डमा अनुसन्धेय व्यक्तिको कृतित्वलाई मूल आधार मानिएको छ । यसै क्रममा कृतिविश्लेषणका निम्ति खण्डकाव्य, महाकाव्य र कविताका तत्त्वलाई आधार मानेर विवेचना गरिएको छ र यस अनुसार कथानक, लय र छन्द, परिवेश, पात्रविधान, उद्देश्य, भाव, कथनपद्धति, भाषाशैली, संरचना, बिम्ब, प्रतीक, अलङ्कार र रसलाई मूल आधार मानिएको छ त्यस्तै कथाको

विशेषणका लागि कथाका तत्त्वहरू, कथावस्तु, पात्र र चरित्रचित्रण, संवाद वा कथोपकथन, देश, काल र परिस्थिति, भाषा-शैली र उद्देश्यजस्ता आधारभूत तत्त्वहरूलाई मूल आधार मानेर विश्लेषण गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

शोधपत्रको आन्तरिक संरचनालाई सुसङ्गठित र व्यवस्थित रूप दिनका लागि शोधपत्रलाई विभिन्न पाँच परिच्छेदमा यसरी विभाजन गरिएको छ ।

**परिच्छेद एक : शोधपरिचय**

**परिच्छेद दुई : साहित्यकार हरिहर सविताको जीवनीको अध्ययन**

**परिच्छेद तीन : साहित्यकार हरिहर सविताको व्यक्तित्वको अध्ययन**

**परिच्छेद चार : साहित्यकार हरिहर सविताको कृतित्वको अध्ययन**

**परिच्छेद पाँच : उपसंहार**

यसरी शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ र उक्त शोधपत्रलाई आवश्यकता अनुसार प्रत्येक परिच्छेदलाई विविध शीर्षक उपशीर्षकमा विभाजनसमेत गरिएको छ । **साहित्यकार हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्व** नामक शोधपत्रको पहिलो परिच्छेद शोध परिचयका रूपमा रहेको छ । यसअन्तर्गत शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन र शोधविधि, शोधविधि र सैद्धान्तिक ढाँचा र शोधपत्रको रुपरेखा रहेको छ । दोस्रो परिच्छेद साहित्यकार हरिहर सविताको जीवनीलाई विभिन्न शीर्षक, उपशीर्षक आदिमा विभाजन गरी जीवनीका विभिन्न पाटाहरूको अध्ययन गरिएको छ । यसअन्तर्गत पृष्ठभूमि, वंशपरम्परा, जन्म र नामकरण, बाल्यकाल, उपनयन र शिक्षादीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति, आर्थिक अवस्था र पेसा, सेवा, साहित्य र सामाजिक क्षेत्रमा प्रवेश तथा त्यस क्षेत्रमा भएका कार्यहरू, रुचि, अविस्मरणीय घटनातर्फ रोचक र दु:खद घटना, भ्रमण, सम्मान तथा पुरस्कार, प्रेरणाको स्रोत, चिन्तन विचार दर्शन र निष्कर्षको उल्लेख गरिएको छ । तेस्रो परिच्छेदमा हरिहर सविताको व्यक्तित्वलाई विभिन्न तरिकाले चिनाइएको छ । यसअन्तर्गत उनको बाह्य व्यक्तित्वको साथै आन्तरिक व्यक्तित्वभित्र साहित्यिक र साहित्येतर गरी दुई किसिमबाट उल्लेख गरिएको छ । चौँथो परिच्छेदमा नेपाली साहित्यमा कवि हरिहर सविताको आगमन एवम् उनको साहित्यिक यात्रा, उनका काव्यप्रवृत्तिहरूको विविध कोणबाट विवेचना र मूल्याङ्कन गरी पुस्तकाकार कृतिहरूको विश्लेषण गरिएको छ । यस अन्तर्गत उनका कथा, काव्य तथा महाकाव्यको अध्ययन र विश्लेषण अनुसन्धानपद्धतिअनुसार गरिएको छ । पाँचौँ परिच्छेद उपसंहारको रूपमा रहेको छ । यसमा साहित्यकार हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको संक्षिप्त विवेचनाका निष्कर्ष सहित हरेक परिच्छेदको निष्कर्षका साथै समग्र उनका प्रवृत्तिहरूको मूल्याङ्कन गरिएको छ ।

यसपछि परिशिष्ट खण्ड रहेको छ । यस खण्डअन्तर्गत शोधनायकका फुटकर रचनाहरूलाई प्रस्तुत गरिएको छ । त्यसपछि शोधकार्यको क्रममा शोधार्थीबाट शोधनायक र विशिष्ट व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ताको प्रश्नावलीको नमुना विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानीको स्रोत विवरण, शोधनायकले प्राप्त गरेका सम्मानपत्रको प्रतिलिपि र शोधनायकको छायाचित्र प्रस्तुत गरिएको छ । शोधपत्रको अन्तमा सन्दर्भसामग्री सूची समावेश गरिएको छ । यसलाई पनि सन्दर्भग्रन्थसूची र सन्दर्भपत्रिकासूची गरी दुई रूपमा प्रस्तुत गरिएको छ । यसरी विभिन्न अध्ययन अनुसन्धान गरी यस शोधपत्रलाई आन्तरिक र बाह्य संरचनाद्वारा सर्वाङ्गपूर्ण शोधपत्रको रूपमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# साहित्यकार हरिहर सविताको जीवनीको अध्ययन

## २.१ जीवनी

कुनै पनि व्यक्तिको जीवनयात्राका क्रममा घटित घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो ।[1] बाँचुञ्जेल गरेका कामको बयान वा जीवनचरित्रका रूपमा पनि जीवनीको परिभाषा रहेको हुन्छ ।[2] जीवनयापनका क्रममा आइपर्ने विभिन्न उतारचढाव, विभिन्न स्थिति, मोड-घटनाहरू नै व्यक्तिको व्यक्तित्व विकासमा जोडिन आउँदछन् । कस्ता-कस्ता क्षणहरू, घटनाहरूसँग मुकाबिला गर्दै आफ्ना साहित्यिक पाइलाहरू अगाडि बढाएर सफलताको शिखर चुम्न अग्रसर छ भन्ने कुरा अनुसन्धान गर्दै त्यसैको परिणति नै व्यक्तिको जीवनीको आधारशिला तयार हुन जान्छ । व्यक्तिको जीवनका विभिन्न आरोह-अवरोहहरू व्यक्तित्वको निर्माण, उत्थान र पतनमा व्यक्तिको जीवनका घटना सन्दर्भहरू परिपूरक हुन्छन् । मनुष्यको जस्तो उत्कृष्ट चोला लिएर यस धर्तीमा आँखा खोलेपछि जीवन जिउने क्रममा अनेक शृङ्खलाहरू पार गर्नुपर्दछ । जीवनयात्राका क्रममा आइपर्ने सुख-दुःख, आँसु-हाँसोजस्ता कुराहरूलाई आत्मसात् गर्नै पर्दछ, यो सत्य र शाश्वत कुरा पनि हो । ईश्वरको अनुकम्पाबाट प्राप्त यो मानवचोला सबैको सार्थक हुँदैन, कसैको जिन्दगी पाइला-पाइलामा सफलता चुम्दै अग्रतातर्फ लम्किएको हुन्छ भने कसैको जीवनी हर मोड, हर क्षण घात-प्रतिघातको सिकार बनेर रुग्णताभित्र रुमलिरहेको हुन्छ । यससम्बन्धी मूल्याङ्कनपद्धति आ-आफ्नै भए तापनि व्यक्तिको जीवन सामाजिक क्षेत्रमा कति परिचालन भयो, त्यसैलाई मुख्य आधार बनाएर जीवनको सार्थकता-निरर्थकताका बारेमा कित्ता निर्धारण गर्ने गरिन्छ । जीवनजगत्का विविध क्षेत्रमा रचनात्मक, लोकोपकारी कार्य गरी मनुष्य जीवन सफल र उद्देश्यमूलक बनाउन सकिन्छ । सार्थक जीवन नै इहलोक र परलोकमा समेत फलदायी हुन्छ भन्ने हाम्रो सनातन मान्यता रहिआएको छ । साहित्य सृजनामा लागेका स्रष्टाहरूको यो संसारबाट उनीहरूको पञ्चतत्त्वको भौतिक शरीरले अन्त्येष्टि प्राप्त गरे पनि आफ्ना कृतिका माध्यमबाट युगौंयुगसम्म बाँचिरहन सक्दछन् । आफूभन्दा उत्तरवर्ती साहित्यिक स्रष्टाका लागि प्रेरणाको अथाह स्रोत बन्दै कृतिकै माध्यमबाट नेपाली साहित्य आकाशमा जीवन्त रहिरहन्छन् । यस्तै विविध क्षेत्रमध्ये विषयवस्तुको सन्दर्भानुसार साहित्य क्षेत्रलाई अँगाली सार्थक जीवनको अस्तित्वलाई संवरण गर्ने अनेक व्यक्तिहरूमध्ये हरिहर सविता पनि एक कुशल साहित्य साधक हुन् ।

---

[1] मीनादेवी घिमिरे, **रविकिरण 'निर्जीव' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्र. स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि. वी.व.क्या. २०५९), पृ. ११ ।

[2] रामचन्द्र, ढुङ्गाना, (सम्पा.), **सङ्क्षिप्त नेपाली कोश,** पाँचौ संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५७), पृष्ठ १८५ ।

आफूभित्र अन्तर्निहित प्रतिभालाई उजागर गर्दै समाजमा यश, कीर्ति स्थापित गरेर आफ्नो जीवनलाई सार्थक पार्न खोज्ने महान् व्यक्तिका जीवनीका पाटाहरू भविष्यका नवसन्ततिका लागि प्रेरणादायी र पथप्रदर्शकसमेत बन्दछन् । आफूभन्दा अग्रज व्यक्तिहरूको व्यक्तित्वबाट प्रभावित हुँदै नयाँ पुस्ताले पनि आफूलाई सृजनात्मक कार्यमा अभिप्रेरित गराउँदछ र अग्रजहरूका जीवनी र साहित्यिक योगदानका कुराहरूलाई मस्तिष्कमा लिएर सन्मार्गतर्फ आफूलाई लम्काउन अग्रसर रहिरहन्छ । यसै कोटिमा स्थापित हुन खोजेका चितवनका नवोदित स्रष्टा व्यक्ति साहित्यकार हरिहर सविता हुन् । कुनै खास व्यक्तिको व्यक्तिगत जीवनको आन्तरिक र बाह्यचरित्रको चित्रण गर्नु नै जीवनीको मुख्य अभिप्राय भएकाले यसै पृष्ठभूमिमा रहेर साहित्यकार हरिहर सविताको व्यक्तिगत जीवनका विभिन्न उतारचढावहरूलाई केलाई आन्तरिक र बाह्य चरित्रका महत्त्वपूर्ण पक्षका बारेमा प्रस्तुत शोधपत्रमा चर्चा गरिएको छ ।

## २.२ वंशपरम्परा, जन्म र नामकरण

हरिहर सविताका पुर्खाहरू पश्चिम नेपालअन्तर्गत अछाम जिल्लाको 'रेगम' भन्ने ठाउँबाट बसाइँसराइको क्रममा देशका विभिन्न भागमा बस्न पुगेकाले उनीहरूको थर रेग्मी रहन गएको हो ।[3] पश्चिम नेपालको 'रेवा' भन्ने ठाउँ नै आफ्नो पुर्ख्यौली थलो भएको कुरा कौशिक गोत्र भएका हरिहर सविताले बताउँछन् ।[4] आफ्ना पुर्खाहरूको विभिन्न स्थानमा बसाइँसराइको क्रममा गोर्खाको घ्यालचोक आएर बसेको र त्यसपछि लमजुङ जिल्लाको अलैंचेमा हरिहर सविताका पुर्खाहरूमध्ये कुनै मावली आएको कुरा उनका पितामह हिरामणि रेग्मीबाट पितामह नन्दलाल रेग्मी हुँदै हरिहर सविताका पिता हेमनाथ रेग्मीले बताएको जानकारी प्राप्त हुन्छ ।

हरिहर सविता २००९ साल जेष्ठ २७ गते पिता हेमनाथ रेग्मी र माता सरस्वती रेग्मीको कोखबाट लमजुङको अलैंचेमा यस धर्तीमा जन्मेका थिए ।[5] आफ्ना मातापिताका एघार सन्तानमध्ये यिनी दोस्रो सन्तान हुन् ।[6] गाउँघरमा माहिला नामले चिनिने हरिहर सविताको जन्मकुण्डलीको नाम नीलकण्ठ भए पनि प्रमाणपत्रमा भएको नाम हरिहर रेग्मी हो ।[7] नेपाली साहित्यको क्षेत्रमा हरिहर सविताका नामले परिचित उनको साहित्यिक उपनाम कसरी रहन गयो भन्ने सन्दर्भमा एउटा रोचक प्रसङ्ग रहेको छ । कक्षा दुईमा पढ्ने बेलामा विद्यालयमा शुक्रबारे साहित्यिक कार्यक्रममा गाउँफर्क शीर्षकको कविता सुनाउँदा गुरु केदार रेग्मीले हरिहरको कविता सुनेपछि नेपाली साहित्यको क्षेत्रमा

[3] मीनादेवी घिमिरे, पूर्ववत्, पृष्ठ ११ ।
[4] ऐजन ।
[5] ऐजन ।
[6] ऐजन ।
[7] ऐजन ।

उदाउँदो सूर्य भनेर २०१८ सालमा अरुणोदय मा.वि. गीतानगरमा उनको साहित्यिक नामाकरण भएको जानकारी प्राप्त हुन्छ ।[8] यिनै व्यक्ति नेपाली साहित्यको फाँटमा हरिहर सविताका नामले परिचित छन् ।

## २.३ बाल्यकाल, उपनयन र शिक्षादीक्षा

लमजुङ जिल्लाको सुन्दर प्राकृतिक परिवेशमा स्व. पिता हेमनाथ रेग्मी र स्व. माता सरस्वती रेग्मीको कोखबाट जन्मेका हरिहर सविताको बाल्यजीवन सुखदरूपमा बितेको जानकारी प्राप्त हुन्छ ।[9] धेरै सन्तान भए पनि बाबुको कुशल नेतृत्व र आमाको स्नेह प्यारमा खुसी र हर्षका साथ बालककाल बितेको जानकारी प्राप्त हुन्छ ।[10] आफ्नो जन्मस्थान अलैंचेबाट लमजुङ रमणीय स्थलहरू हिमाल, पहाड, टाँकुराहरू छर्लङ्ग देखिन्छन् । त्यही परिवेशका पाउँदी, भोटेओडार, तार्कुघाट, दोर्दी, मर्स्याङ्दी, सेरो बौरो, बर्कटी, भोटेनी, मड्किलो, चितीको सुरम्य परिवेशमा सविताको बाल्यकालीन समय बितेको जानकारी प्राप्त हुन्छ ।[11]

जन्मभूमि अलैंचेका सुन्दर परिवेशसँग मितेरी लगाउँदै त्यहीँका प्राकृतिक सम्पदाले भरिपूर्ण भएका ठाउँहरू पाउँदी, सेरोबौरो, बर्कटी, छाउडाँडो, मड्किनो, पालेको गैह्रो, भोटेनी, लगायतका भीर-पाखा, देउराली, उकाली-ओराली, गाउँ-बेसी, पाखा-पखेरासँगै हरिहर सविताको बाल्यजीवन बितेको र ती ठाउँसँग आफ्नो आत्मीय सम्बन्ध रहेको कुरा उनीबाट जानकारी प्राप्त हुन्छ ।[12] अलैंचेको सेरोफेरोको खाखरको भीर-भीरमा बाख्रा चराउने, पालेको गैह्रो, पाउँदी खोलाको किनारै किनार, रानीस्वाँरा र मानामुरी लटरम्म धान फल्ने अलैंचे फाँट आदि भेगमा घाँसपात र स्याउला काट्ने अनि पाएदेखि दाउरासमेत लिई आउने दैनन्दिन कार्यमा हरिहर सविता व्यस्त रहेको जानकारी पाइन्छ ।[13]

वि.सं. २०१७ सालमा हरिहर सविताको उपनयन संस्कार लमजुङमै सम्पन्न भएको हो ।[14] लमजुङबाट बसाइँसराइको क्रममा बन्दीपुरको उकालो हुँदै चितवन झरेको साथै सानो र रोगी भएकोले हिड्न नसकेको कारणले मान्छे खोजेर बोकेर ल्याएको कुरा अझैपनि मानसपटलमा ताजा रहेको जानकारी प्राप्त गराउँछन् ।[15] आफू हुर्केको प्यारो प्यारो जन्मभूमिलाई चटक्कै छाडेर ठूलो

[8] शोधनायकबाट प्राप्त जानकारी ।
[9] ऐजन ।
[10] ऐजन ।
[11] ऐजन ।
[12] ऐजन।
[13] ऐजन ।
[14] ऐजन ।
[15] शोधनायकबाट प्राप्त जानकारी ।

बुबा श्रीप्रसाद रेग्मी र ध्रुवकिरण रेग्मीसँगै चितवन झर्दा उनको उमेर कलिलो थियो ।[16] प्राकृतिक परिवेशले सम्पन्न लमजुङमा आफ्ना बाल्यकालको दिनहरू व्यतित गरेका हरिहर सविताका बाल्यकालीन समयका केही रमाइला घटनाहरू पनि स्मरण रहेको जानकारी प्राप्त हुन्छ ।[17] मान्छेको जीवनमा भोगेका यावत् सुख-दुःखका शृङ्खलाहरूमध्ये बाल्यकालीन स्मरणको पनि एक महत्त्वपूर्ण हिस्सा रहेको हुन्छ । बाल्यकालका चेतनाथ अहिलेका रह शर्मा र हरिहरसँगै बाखा चराउन जान्थे र सँगै बाखाको दूध पनि खान्थे । एक दिन बाखा चराउन जादा चेतनाथसँग खेल्ने क्रममा उनले हिर्काएको ढुङ्गाले हरिहरको टाउकोमा लागेर काटेको खत अझै पनि रहेको जानकारी प्राप्त हुन्छ ।[18] रविलाल अहिलेका रविकिरण निर्जीव र रामकृष्ण, चेतनाथ आदि भएर थामगराको दक्षिणपट्टि पोखरी मुन्तिर भड्किलोको छेउमा जङ्गलमा लटरम्म फलेको अमलाको रुखमा अमला झार्न जाँदा अमलाको रुखसँगै भएको अर्को रुखको अरिङ्गालको गोलो सबै शरीरमा खनिंदा रन्थनिएर भुईमा खसेको र त्यसका खिलका डोबहरू अझै पनि टाउकामा रहेको जानकारी प्राप्त हुन्छ ।[19] एकदिन रामप्रसाद पौडेल लगायतका साथीहरू मिलेर चापानीभन्दा केही माथिको बाँसको घारीमा आगो लगाइदिएपछि बाँस जलेर बाँसको आँख्ला पड्किंदा गाउँ नै छक्क परेको त्यसपछि हरिहरका पिताले नचाहिँदो उपद्रव काम गऱ्यो भनेर घुमाउरो घरको पिंढीमा हातखुट्टा बाँधेर लडाइदिएको बाल्यकालीन स्मरण अझै पनि ताजा रहेको जानकारी प्राप्त हुन्छ ।[20] वि.सं. २०१५ सालको चुनावमा आफ्ना पिता स्व. हेमनाथ रेग्मी ग्रामवासीहरू अकबरी भन्दथे, सबै गाउँलेहरूको पछि लागेर हातमा सानो फिरफिरे झन्डा बोकेर *'हाम्रा नेता श्रीकान्त औतारी भोट दिने अर्चलेबोट चौतारी'* भन्दै आफ्ना पिताको पक्षमा नारा लगाउँदै हिडेको जानकारी प्राप्त हुन्छ ।[21] बाल्यकालमा खेल्ने क्रममा बौरोको माथि आँप पाकेको बेलामा कान्छा बुबाको पछि लाग्ने गरेको, त्यस्तै लटरम्म फलेको बँयर पाकेको बेलामा ठूली दिदीसँग बँयर खान गएको र केटाकेटी बुद्धिले पर्खालका छापे ढुङ्गा भत्काएर भीरबाट खसाल्ने गरेको जानकारी प्राप्त हुन्छ ।[22]

तोतेबोली बोल्दै आफ्ना साथी-संगीहरूसँग खेल्ने क्रममा आफ्नो जन्मभूमि अलैंचेमा आफ्ना पिताद्वय स्व. हेमनाथ र श्रीप्रसादबाट सिलोटको पार्टीमा धूलो राखेर बाँसका छेस्काले साउँ अक्षर चिनेका हुन् । शैशवावस्थामा लमजुङमा नै अनौपचारिक अक्षरारम्भ भएपछि औपचारिक रूपमा चितवन झरेपछि गीतानगरको अरुणोदय मा.वि.मा. ६ वर्षको उमेरमा गुरु वसन्त लामिछानेबाट भएको हो ।[23] वि.सं. २०२६ सालमा एस.एल.सी. परीक्षामा प्रश्नपत्रहरू प्रकाशमा ल्याएको, विज्ञान

---

[16] ऐजन ।
[17] ऐजन ।
[18] ऐजन ।
[19] ऐजन ।
[20] ऐजन ।
[21] ऐजन ।
[22] ऐजन ।
[23] शोधनायकबाट प्राप्त जानकारी ।

विषयको परीक्षा बहिष्कार गरेको, जि.शि.अ.को गाडी जलाएको र हवाइजहाज जलाउने दुष्प्रयास गरेको जस्ता आरोप-प्रत्यारोप लगाएर तत्कालीन परीक्षा समितिले तीन वर्षको लागि निष्काशन गरेपछि उनको अध्ययनमा झन्डै पूर्णविराम लाग्न खोजेको थियो । परिस्थितिको सामना गर्न नडराउने हरिहर सविताको तीन वर्षपछि पुनः परीक्षा दिएर उत्तीर्ण गरेको जानकारी प्राप्त हुन्छ ।[24] विद्यालयीय पढाइ सकेपछि वीरेन्द्र बहुमुखी क्याम्पसमा आई.ए. र प्राइभेट बी.ए. सम्मको अध्ययन गरेका हरिहर सविताको पढाई मध्यमस्तरको रहेको जानकारी प्राप्त हुन्छ ।[25] यसरी जन्मभूमि लम्जुङलाई माया मारेर चितवनसँग नयाँ साइनो गाँस्न आएका हरिहर सविताले आफ्नो जीवन कालमा निकै सङ्घर्ष गरी जीवनपथमा लम्किएका छन् ।

## २.४ वैवाहिक तथा पारिवारिक स्थिति

कास्की जिल्ला हंसपुरबाट बसाइ सरी चितवन गंगानगरमा बस्ने दामोदर सुवेदी र मायादेवी सुवेदीकी कान्छी छोरी लीलादेवी सुवेदीसँग वि.सं. २०२९ सालमा हरिहर सविताको मागी विवाह भएको थियो ।[26] बीस वर्षको उमेरमा वैवाहिक बन्धनमा बाँधिएका हरिहर सविताको हाल तीन छोरा र एक छोरी रहेका छन् ।[27] ठूलो छोरा माधव रेग्मी व्यवस्थापन सङ्कायअन्तर्गत स्नातक तेस्रो वर्षमा अध्ययनरत छन् ।[28] माहिला छोरा प्रदीप रेग्मी र छोरी गोमा रेग्मीले केही कारणवश विद्यालय स्तरमै पढ्न छाडेका छन् भने कान्छो छोरा सुदीप रेग्मी विद्यालयमा कक्षा ९ मा पढ्दै गरेको जानकारी स्वयम् सुदीपबाट प्राप्त हुन्छ ।[29]

यस धर्तीमा मनुष्यको चोला लिएर आएपछि अनेक पीडा दु:खहरूको सामना गर्नुपर्छ । मान्छे जन्मँदा नै अवश्यम्भावी मृत्यु लिएर आएको हुन्छ । मृत्युको क्रूर नीतिलाई मान्छेले आत्मसात् गर्नैपर्छ तर पनि मान्छे मृत्युको वेदनाले आक्रान्त भएको बेला रुन्छ, कराउँछ, अनेक बिलौना गर्दछ त्यस्तै गरेर वि.सं. २०५३ सालमा हरिहर सविताका पिता हेमनाथ रेग्मीले यस संसारबाट सदाका लागि बिदा लिन्छन् । पितृवियोगले बिछोडिएको तीन वर्ष पुग्दानपुग्दै उनकी ममतामयी माता सरस्वती रेग्मीले पनि यस संसारबाट बिदा लिएपछि हरिहर सविता अत्यन्तै भावविभोर बन्न पुगेको जानकारी प्राप्त हुन्छ ।[30] हरिहर सविताका पिताका चार भाइमध्ये पिता हेमनाथ माहिला हुन् भने जेठा श्रीप्रसाद, साहिँला रुद्रनाथ र कान्छा द्रोणनाथ रहेको जानकारी प्राप्त हुन्छ । यीमध्ये हरिहर

[24] ऐजन ।
[25] ऐजन ।
[26] शोधनायककी धर्मपत्नी लीलादेवीबाट प्राप्त जानकारी ।
[27] शोधनायकबाट प्राप्त जानकारी ।
[28] शोधनायकका जेष्ठ सुपुत्र माधवबाट प्राप्त जानकारी ।
[29] शोधनायककी छोरी गोमा तथा माहिला छोरा प्रदीपबाट प्राप्त जानकारी ।
[30] शोधनायकका कान्छा छोरा सुदीपबाट प्राप्त जानकारी ।

सविताका कान्छा बुबा द्रोणनाथ मात्र जीवित रहेको थाहा हुन्छ ।[31] जेठा श्रीप्रसाद रेग्मी र हेमनाथ रेग्मीका सन्तानहरू सबै चितवन झरिसकेका छन् भने साहिँला रुद्रनाथ र कान्छा द्रोणनाथका सन्ततिहरूमध्ये कोही अलैंचेमा नै छन्, कोही चितवन झरिसकेको जानकारी प्राप्त हुन्छ ।[32]

हरिहर सविताको पारिवारिक वृत्तको शोधखोज र अध्ययन गर्दा सङ्गोलकै क्रममा संयुक्त परिवार हेर्दा ६ जना दिदीबहिनीहरू पार्वती, विद्या, शशी, सीता, शारदा, निर्मला र दाजुभाइहरू रामकृष्ण, गौरीशङ्कर, दामोदर र जीवन रेग्मी रहेको जानकारी प्राप्त हुन्छ ।[33] हरिहर सविताका दाजु रामकृष्ण रेग्मी वीरेन्द्र बहुमुखी क्याम्पसमा प्राध्यापक रहेका छन्, साहिँला गौरीशङ्कर रेग्मी गीतानगर अन्तर्गत पृथ्वीनगरमा शिक्षक रहेका छन्, त्यस्तै काहिँला भाइ शिक्षा मन्त्रालय अन्तर्गत सानोठिमी भक्तपुरमा मा.वि.नि.मा कार्यरत रहेका छन् भने कान्छा जीवन रेग्मी रत्नराज्य क्याम्पस काठमाडौँमा प्राध्यापन पेसामा संलग्न रहेको जानकारी प्राप्त हुन्छ ।[34] यसरी हेर्दा प्रत्येक दाजुभाइले कुनै न कुनै पेसालाई अपनाएर जीविकोपार्जन गरेको देखिन्छ र सबै दाजुभाइहरू शैक्षिक क्षेत्रमा आबद्ध भएकोले पनि शिक्षित परिवारको रूपमा हरिहर सविताको पारिवारिक पृष्ठभूमिलाई हेर्न सकिन्छ ।

## २.५ आर्थिक अवस्था र पेसा

मध्यमवर्गीय किसान परिवारमा जन्मेका हरिहर सविताका पुर्खाहरूको पेसा कृषि कार्यबाहेक अन्य केही नभए तापनि उनका पिता हेमनाथ रेग्मी भने मालपोत कार्यालयमा कार्यरत रही जागिरे जीवन बिताएको जानकारी प्राप्त हुन्छ ।[35] विद्यार्थी अवस्थामा शनिबारको दिन र अन्य बिदाका दिनहरूमा खेतीपाती, गोठालो जाने र घरायसी कामकाजमा सघाउ पुऱ्याउने गरेको जानकारी पाइन्छ ।[36] पुर्ख्यौली पारिवारिक स्थिति हेर्दा मध्यमवर्गीय परिवारको कोटिमा पर्ने हरिहर सविताको आर्थिक अवस्था सामान्य देखिन्छ ।[37] समाजअनुसार र आफ्नो औकातअनुसार खर्च गर्नुपर्छ, भविष्यको ख्याल गरी जगेडा गर्नुपर्छ भन्ने मान्यता राखे पनि आम्दानीभन्दा खर्च बढी भएकै कारणले आर्थिक अवस्था मध्यम देखिन्छ ।[38] तीन छोरा, एक छोरी एवम् आफ्नी धर्मपत्नी गरी ६ जनाको परिवार रहेको हरिहर सविताको परिवारमा जेठो छोरा माधव रेग्मी हिमालयन बीमा कम्पनीमा कार्यरत भएको पनि धेरै समय भैनसकेको र अन्य छोराछोरीहरू कोही पढ्दै र कोही पढ्न

[31] शोधनायकबाट प्राप्त जानकारी ।
[32] ऐजन ।
[33] ऐजन ।
[34] ऐजन ।
[35] ऐजन ।
[36] ऐजन ।
[37] शोधनायकबाट प्राप्त जानकारी ।
[38] ऐजन ।

नसकेकोले पारिवारिक स्तरबाट आर्थिक सहयोग प्राप्त नभएको जानकारी प्राप्त हुन्छ ।[39] यसरी आफ्नो घाँटी हेरेर हाड निल्नुपर्छ भन्ने मान्यताका हरिहर सविताको आर्थिक अवस्था वर्तमान समयमा ठिकठिकै भए पनि भविष्य राम्रो हुने प्रवल सम्भावना देखिन्छ ।

## २.६ सेवा

विद्यालयीय स्तरको पढाइ सकेपछि २०२७ सालमा अरुणोदय मा.वि. गीतानगरमा केही समय शिक्षक भएर शिक्षण कार्यबाट कार्यारम्भ गरेका सविताले २०३२ सालतिर रामपुर क्याम्पसमा लेखापाल भई केही समय कार्य गरेको र नेत्रबहादुर बस्नेत भन्ने डिनले सूर्यविक्रम भन्ने सि.आइ.डी.को कुरा सुनेर जागिरबाट निलम्बित गरेको जानकारी प्राप्त हुन्छ ।[40] वि.सं. २०३३ सालमा ६ महिना जति रुङखादह नि.मा.वि.मा शिक्षक भई शिक्षण कार्य गरेको एवम् रविकिरण निर्जीवको आग्रहमा हुम्लाको एक विद्यालयमा शिक्षक भएर वि.सं. २०३४-२०३७ सम्म शिक्षण कार्य गरेका तर त्यहाँ पनि सि.आइ.डी. पछि लागेर विद्यालयबाट निष्काशन गराउन अनेक प्रयत्न गरेपछि शिक्षक आन्दोलनको सक्रियतामा दीपज्योति नि.मा.वि. देवनगरमा सरुवा मिलाएको कुरा अवगत हुन्छ ।[41] बल्लतल्ल सरुवा मिलाएर देवनगर आएपनि तत्कालीन चितवनका जि.शि.अ. र विद्यालय व्यवस्थापन समितिले हाजिरी गर्न नदिएको हुनाले घर न घाटको महसुस गर्न पुगेका हरिहर सविताको बारेमा स्थानीय पत्रपत्रिकाहरूले 'शिक्षक घर न घाटको' भन्ने शीर्षकमा आकस्मिक समाचार लेखेको प्रसङ्ग पनि यसै साथ जोडिन आउँदछ ।[42] वि.सं. २०३९ सालमा उज्ज्वल नि.मा.वि. उज्ज्वलनगरमा शिक्षक र वि.सं. २०४३ सालमा रामपुर क्याम्पसमा लेखा दरबन्दीमा कार्यरत रहेको जानकारी प्राप्त हुन्छ ।[43] २०४७ सालमा त्रि.वि.सेवा आयोगमा उत्तीर्ण भएर स्थायी लेखापालमा कार्यारम्भ गरेका र वि.सं. २०५१ सालबाट लमजुङ क्याम्पसमा निमित्त लेखा अधिकृत र का.मु. लेखा अधिकृत हुँदै वि.सं. २०६० सालसम्म ११ वर्षको समयावधिसम्म कार्यरत रहेका सवितालाई फेरि राजनीतिक दाउपेचका कारणबाट काजमा सुर्खेत क्याम्पसमा पठाइएको जानकारी प्राप्त हुन्छ ।[44] सुर्खेत क्याम्पसबाट त्रि.वि.सेवा आयोगको निर्णयअनुसार पुनः रामपुर कृषि क्याम्पसमा आएका हरिहर सविता हाल २०६६ भाद्र १ देखि वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा लेखा अधिकृतको पदमा रहेर कार्य गर्दै आएको जानकारी प्राप्त हुन्छ ।[45] यसरी विद्यार्थी अवस्थादेखि

[39] ऐजन ।
[40] ऐजन ।
[41] शोधनायक तथा उनका परिवारजनबाट प्राप्त जानकारी ।
[42] शोधनायकबाट प्राप्त जानकारी ।
[43] ऐजन ।
[44] शोधनायकबाट प्राप्त जानकारी ।
[45] ऐजन ।

रोजगारमा लागेर विविध कारणले ठक्कर खाएका हरिहर सविताको जागिरे जीवन निकै सङ्घर्षपूर्ण रहेको देखिन्छ ।

## २.७ साहित्यिक र सामाजिक क्षेत्रमा प्रवेश

हरिहर सविता वि.सं. २०२० सालको वरपरबाटै साहित्य सृजन कार्यमा लागेका हुन् । वि.सं. २०२५ सालमा **मातृभूमि** पत्रिकामा कथा प्रकाशित गराएर नेपाली साहित्यमा प्रवेश गरेका भए पनि उक्त कथाको नाम, वर्ष र अङ्क स्मरण नरहेको उहाँ बताउनुहुन्छ ।[46] वि.सं. २०२५ सालबाटै लेखन कार्यमा अग्रसर रहेका हरिहर सविताका हालसम्म पाँचवटा पुस्तकाकार कृतिहरू र धेरै साहित्य तथा साहित्येतर लेख रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् ।

साहित्यकार व्यक्तित्वका अतिरिक्त हरिहर सविता सामाजिक सेवाभावबाट ओतप्रोत सामाजिक व्यक्तित्व पनि हुन् । मानवजीवन व्यक्तिगत स्वार्थपूर्तिमा मात्र होइन सामाजिक हितमा पनि समर्पित हुनुपर्छ भन्ने धारणा उनको रहेको छ ।[47] आफ्नो क्षमता र योग्यतानुसार समाजसेवामा क्रियाशील भएमा मात्रै समुन्नत समाज र समृद्ध राष्ट्रको निर्माण हुन्छ भन्ने समाजवादी राष्ट्रवादी चिन्तन रहेको कुरा थाहा हुन आउँछ ।[48] यस्तै समाजकल्याणको भावबाट प्रेरित भई हालको हिमालय मा.वि., तत्कालीन प्रस्तावित त्रिशक्ति मा.वि. चम्पानगरको स्थापनार्थ विशेष भूमिका खेलेको जानकारी प्राप्त हुन्छ ।[49] हिमालय मा.वि.को स्थापना बाहेक हरिहर सविताले साहित्यिक, सामाजिक, राजनीतिक, शैक्षिक क्षेत्रहरूमा संलग्न रहेर समाजका विभिन्न क्षेत्रहरूमा सेवाभावका साथ सक्रिय योगदान पुऱ्याइरहेको देखिन्छ ।

### २.७.१ साहित्यिक क्षेत्रमा भएका कार्यहरू

नेपाली साहित्यको क्षेत्रमा हरिहर सविताले प्रदान गरेको योगदान निकै महत्त्वपूर्ण छ । सामाजिक, साहित्यिक र प्रशासनिकजस्ता विभिन्न कार्यक्षेत्रमा रहेर कार्य गरे तापनि सबै क्षेत्रलाई अत्यन्तै सफलताका साथ अगाडि बढाइरहेको देखिन्छ । कसैको देखासिकीबाट नभै आफ्नै अन्तरमनबाट प्रस्फुटित भएर यिनी साहित्य सृजन कार्यमा लागेको तर यसलाई सुदृढ र निरन्तरता दिने कार्यमा दाजु रामकृष्ण रेग्मी, गुरुवर्ग केदार रेग्मी, स्व. तीर्थराज कोइराला, साथीभाइ एवम्

---

[46] ऐजन ।
[47] ऐजन ।
[48] ऐजन ।
[49] ऐजन।

आफूभन्दा पूर्ववर्ती साहित्यकारहरूको अध्ययनबाट थप बल पुगेको थाहा हुन्छ ।[50] यसैको परिणाम स्वरूप हरिहर सविताका हालसम्म पाँचवटा पुस्तकाकार यी कृतिहरू प्रकाशित भएको पाइन्छ :-

क. **कालरात्रि** कथासङ्ग्रह (२०४७)

ख. **जानुका** शोककाव्य (२०४८)

ग. **मणि** शोककाव्य (२०४८)

घ. **प्रचण्डलाई पत्र** काव्य (२०६४)

ङ. **पुष्पपत्र** महाकाव्य (२०६५)

माथि उल्लिखित कृतिहरूलाई मोटामोटी रूपमा वर्गीकरण गर्दा उक्त कृतिहरू कविता, कथा, खण्डकाव्य र महाकाव्य विधाका कृतिहरू रहेका देखिन्छन् ।[51] यसैगरी विविध कारणवश अप्रकाशित कृतिहरू सहिद आजाद कथासङ्ग्रह, हेम महाकाव्य, मेरी इया शोककाव्य, आत्म शोककाव्यजस्ता कृतिहरू अप्रकाशित अवस्थामा रहेको शोधनायकबाट जानकारी हुन्छ ।[52]

यसबाहेक राजनीतिक विषयवस्तु समेटेर लेखिएका हरिहर सविताका थुप्रै सृजनाहरू स्थानीय एवम् राष्ट्रिय पत्रपत्रिकाहरूमा निरन्तररूपमा प्रकाशित भैरहेकाले उनको लेखनमाथि दृष्टि पुऱ्याउँदा उनी यस कार्यमा गतिशील रहिरहेको प्रमाणित हुन्छ । वि.सं. २०२५ सालमा **भुङ्ग्रो** नामक हस्तलिखित साप्ताहिक पत्रिकाको सम्पादक रहेको, २०४४ सालमा पारिजातको चितवन आगमनपछि उनको प्रेरणामार्फत साहित्यसङ्गम चितवनको स्थापनार्थ सदस्य रहेको र ब्राह्मी पुस्तकालय गीतानगरको सदस्यता लिएको जानकारी स्वयम् हरिहर सविताबाट प्राप्त हुन्छ ।[53]

यसप्रकार साहित्यकार विविध विधा, उपविधा गरी पाँचवटा पुस्तकाकार कृति र विभिन्न पत्रपत्रिकाहरूमा थुप्रै फुटकर लेखहरू प्रकाशनका साथै विभिन्न सङ्घसंस्थाहरूमा समेत सहभागी भई नेपाली साहित्याकाशमा हरिहर सविताले निकै ठूलो भूमिका खेलेको पाइन्छ ।

### २.७.२ सामाजिक क्षेत्रमा भएका कार्यहरू

सधै सामाजिक भावलाई बोकेर हिंड्ने हरिहर सविताका सामाजिक क्षेत्रमा भएका कार्यहरू धेरै रहेका छन् । जीवनयापनको क्रममा आफू जागिरे भएपनि बाँकी समयमा हरिहर सविता सामाजिक कार्यहरूमा दत्तचित्त रही आत्मसन्तुष्टि लिने गर्दछन् ।[54] धेरै सामाजिक क्षेत्रमा संलग्न रहेका हरिहर सविताले वर्तमानमा आफ्नो सामाजिक व्यक्तित्वलाई अझ उच्चता प्रदान गर्दै अगाडि बढिरहेका पाइन्छन् ।

---

[50] शोधनायकबाट प्राप्त जानकारी ।

[51] ऐजन ।

[52] ऐजन ।

[53] ऐजन ।

[54] शोधनायकबाट प्राप्त जानकारी ।

हरिहर सविताले सामाजिक क्षेत्रमा गरेका क्रियाकलापलाई उजागर गर्ने क्रममा स-साना प्रसङ्गलाई छोडेर मुख्य-मुख्य क्षेत्रमा पुऱ्याएका योगदानलाई यहाँ क्रमैसँग चर्चा गर्ने क्रममा वर्तमानको हिमालय मा.वि., तत्कालीन प्रस्तावित त्रिशक्ति मा.वि. चम्पानगर, चितवनको स्थापनामा हरिहर सविताले निकै ठूलो योगदान पुऱ्याएको प्रसङ्गबाट यिनको सामाजिक क्षेत्र अन्तर्गतका क्रियाकलापहरू यसैबाट प्रत्यक्ष रूपमा सुरुवात हुन्छन् ।[55] हिमालय मा.वि. स्थापनाको लागि हरिहर सविताले कुनै विशिष्ट पदग्रहण नगरी सामान्य सहयोगी व्यक्तिकै रूपमा रहेर रातदिन खटेर लागिपरेको समेत उनीबाट थाहा हुन आउँछ ।[56] त्यस विद्यालयको स्थापनार्थ पहिलो आवश्यकताअन्तर्गत जमिनको समस्या समाधानार्थ यिनका स्व. पिता हेमनाथ रेग्मीमार्फत डेढ कठ्ठा जग्गा स-शुल्क उपलब्ध गराएको र यसै परिप्रेक्ष्यमा केही साथीहरू मिली रातदिन लागिपरी चन्दा सङ्कलन गर्न गाडा लिएर निकै उदात्ततासाथ विद्यालयको भवन निर्माण र भौतिक पूर्वाधार जुटाउनका लागि जङ्गलबाट काठ ओसार्ने एवम् निर्माण कार्यमा आवश्यक परेको समयमा दत्तचित्त भई लागिपरेको जानकारी स्वयम् हहिर सविताबाट प्राप्त हुन्छ ।[57]

सामाजिक कार्यमा लागिपर्दा कतै सफल त कतै असफल भएपनि धेरै नै सामाजिक सङ्घ-संस्थासँग आबद्ध भई आफ्नो सामाजिक व्यक्तित्वलाई निरन्तर विकसित र सक्षम पार्दै आइरहेका छन् । हरिहर सविता संलग्न भएका सङ्घ-संस्थाहरूलाई सम्भव भएसम्म समयावधिसहित यसप्रकार देखाइएको छ :[58]

क. वि.सं. २०५२ सालदेखि वि.सं २०६० सम्मको आठ वर्षको समयावधिमा नेपाल बुद्धिजीवी संगठन लमजुङको जिल्ला सचिव भएर कार्य गरेका थिए ।

ख. वि.सं. २०६१ सालदेखि वि.सं. २०६५ सालसम्म नेपाल बुद्धिजीवी संगठन सुर्खेत जिल्लाको सल्लाहकार भई कार्य गरेको पाइन्छ ।

ग. वि.सं. २०६४ बाट वर्तमानसम्म राष्ट्रिय कर्मचारी संगठनको केन्द्रीय समितिको सदस्य भई कार्य गरिरहेका छन् ।

घ. वि.सं. २०६४ सालदेखि जनसांस्कृतिक सङ्घसँग आबद्ध भई सेवा गरेका थिए ।

सामाजिकताले ओतप्रोत हरिहर सविताले विशेष गरेर चितवनको चम्पानगरस्थित वर्तमान हिमालय मा.वि.को स्थापना कालदेखि वर्तमानसम्मनै उल्लेखनीय सेवा पुऱ्याएका छन् । त्यसैगरी केही सामाजिक सङ्घ-संस्थामा संलग्न भएर कार्य गर्ने उनको उद्देश्यमाथि केही राजनीतिक कारणले समेत असहयोग पुगेको भन्ने जानकारी पाइन्छ । वर्तमानमा भने हरिहर सविता विभिन्न सामाजिक, साहित्यिक, प्रशासनिक र शैक्षिक सङ्घसंस्थामा रहेर समाजसेवामा तल्लीन रहेका देखिन्छन् ।

---

[55] ऐजन

[56] ऐजन ।

[57] ऐजन।

[58] ऐजन ।

## २.८ रुचि

हरिहर सविता वर्तमानमा एक साहित्यसर्जक व्यक्ति भएर पनि बाल्यकालीन समयमा खेलकुदप्रति निकै आकर्षित भएको पाइन्छ । विशेष गरेर आफ्ना दौंतरीहरूसँग यिनले भलिबल, बुद्धिचाल, गिर, डण्डीबियो, कपर्दी खेलहरू रुचिका साथ खेल्ने गरेको पाइन्छ ।[59] यसका साथसाथै विद्यालयीय जीवनमा खेलकै सिलसिलामा जिल्लास्तरीय खेलकुद प्रतियोगितामा समेत भाग लिनुका साथै नाटकमञ्चनमा समेत अग्रसर रहेको कुरा हरिहर सविताबाटै थाहा हुन्छ ।[60] अरुणोदय मा.वि. गीतानगरमा विद्यार्थी रहँदा कक्षा पाँचमा टोली नेताको भूमिकासमेत निर्वाह गरेको थाहा हुन्छ । आफ्ना शिक्षक बद्री अर्यालको नेतृत्वमा रङ्गमञ्चको निर्माण गरी आफू टोली प्रमुख बनेर गोपालप्रसाद रिमालको **मसान** नाटक प्रदर्शन गरेर तत्कालीन प्रधानाध्यापक केदार रेग्मीबाट पुरस्कारसमेत हात पारेको अवगत हुन्छ ।[61]

रुचिकै कुराअन्तर्गत हरिहर सविताले खानामा सामान्य नेपाली गुन्द्रुक, दालभात, ढिंडो, रोटी, रायोको साग, माछामासु मन पराउँछन् भने लत्ताकपडाअन्तर्गत सेतो कमिज, कालो पाइन्ट र चुच्चे टोपी जस्ता साधारण पहिरन मन पराउँछन् ।[62] यसरी सादा जीवन उच्च विचारप्रति आकृष्ट हरिहर सविता प्राकृतिक परिवेशमा रमाउने गर्दछन् । यिनले तिब्बती मानसरोवर, राराताल, से-फोक्सुण्डोतालका साथै नेपालका विविध मनोरम स्थलहरूको रुचिका साथ अवलोकन गरेको जानकारी प्राप्त हुन्छ ।[63] विविध खेल र साहित्यप्रति अति नै रुचि राख्ने हरिहर सविताले फुर्सदको समयमा पनि साहित्यिक सृजना गर्ने साथै साहित्यिक कृतिहरू पठन गर्ने तर साहित्य सृजनाका लागि निश्चित समय वा परिस्थिति नभै जुनसुकै समयमा सृजनरत हुन सक्ने कुराको अवगत हुन्छ ।[64]

यसरी हेर्दा हरिहर सविताको बाल्यकालीन रुचि विशेषत: खेलकुदप्रति एवम् विद्यालयीय जीवनमा टोली प्रमुख र नाटक अभियानतर्फ विशेष रुचि रहेको पाइन्छ । खानातर्फ सामान्य नेपाली खाना र पहिरनतर्फ सामान्य कमिज, पाइन्ट र चुच्चेटोपी लगाउनमा विशेष रुचि देखिन्छ । यसैगरी हरिहर सविताले विभिन्न प्राकृतिक मनोरम स्थल र ऐतिहासिक पुरातात्विक स्थलहरूको समेत दृश्यावलोकनमा रुचि लिएको पाइन्छ ।

## २.९ अविस्मरणीय घटना

[59] शोधनायकबाट प्राप्त जानकारी ।
[60] ऐजन ।
[61] ऐजन ।
[62] ऐजन ।
[63] शोधनायकबाट प्राप्त जानकारी ।
[64] ऐजन ।

मान्छेका जीवनयापनका क्रममा अनेक घटनाहरू हुन्छन् । जसलाई सम्झिंदा पनि डर लाग्ने र बिर्सन पनि नसकिने खालका हुन्छन् । लामो समयसम्म मानसपटलमा रहिरहने घटनालाई धेरै पछिसम्म सम्झिदा पनि कहालीलाग्दो हुन्छ । हरिहर सविताका जीवनमा घटेका अविस्मरणीय घटनाहरूमध्ये मुख्य-मुख्य रूपमा यहाँ समावेश गरिएको छ ।

### २.९.१ दुःखद घटना

वि.सं. २०३२ सालमा हरिहर सवितालाई राजनीतिक अभियोगमा तत्कालीन शासक वर्गबाट गिरफ्तार गरेर १ वर्षको कठोर काराबासको सजाय तोकेको थियो । जेलभित्र हुने चरम शारीरिक तथा मानसिक यातना सम्झिदा अहिले पनि एक तमासको डरको अनुभूति हुने कुरा हरिहर सविताबाटै जानकारी प्राप्त हुन्छ ।[65] आफू कारावासमा रहेकै बेला चीनका कम्युनिष्ट पार्टीका संस्थापक नेता माओत्सेतुङको निधन भएको दिनमा तत्कालीन जेलरले आज यिनीहरूको गुरु मरेको छ, यिनीहरूले भोकै भएर शोक मनाउँछन् भनी पालेले ल्याइदिएको खाना फिर्ता गरिदिएर भोकै राखिदिएको दुःखद घटना अझै पनि मानसपटलमा रहको जानकारी प्राप्त हुन्छ ।[66]

वि.सं. २०३४ सालमा कर्णाली अञ्चल अन्तर्गत हुम्ला जिल्लामा शिक्षक हुन जाँदा हरिहर सविता र उनका ज्वाँइ बास बस्नु पर्ने भएछ, यसै परिप्रेक्ष्यमा ज्वाँइले पिउस भन्ने ठाउँ हुँदै पहाड कटाए तर बास बस्ने ठाउँको खोजी गर्दागर्दै कहीँ नपाएपछि एउटा गोठमा बास बसेकै अवस्थामा त्यस राति हरिहरलाई रातभरि पखाला लागेर नथामिएपछि ज्वाँइले रातभरि रोएर कटाएको घटना सम्झिंदा अझै पनि दुःख लाग्ने गरेको जानकारी प्राप्त हुन्छ ।[67] यसरी सङ्घर्षबाट नै मनुष्य जीवन खारिन्छ भन्ने मान्यताका सविताले आफ्ना जीवनमा धेरै पारिवारिक एवम् राजनैतिक परिस्थितिका कारण दुःखद घटनाको सिकार हुन पुगेका छन् ।

जेलभित्र दिइने अनेक यातनापछि वीरगञ्जबाट भरतपुरतर्फ ल्याउने क्रममा रातिको अनुमानित बाह्र बजेतिर हेटौंडाको मनहरी खोलामा गाडी रोकिएपछि ड्राइभरबाट आफूलाई मार्न ल्याइएको गोप्य जानकारी पाएपछि हतोत्साहित बनेका तमाम कैदीहरू चालकले खोला बढेको छ आज यस्तो रातिमा खोलो तर्न सक्दिनँ, भोलि मात्र तर्ने कुरा राखेपछि गाडीभित्रै मिर्मिरे उज्यालो देख्न पाएको र त्यस्तो स्थितिमा आफ्नो ज्यान जोगाइदिने चालकप्रति सबै कैदीहरूले हार्दिक आभार प्रकट गरेको जानकारी प्राप्त हुन्छ ।[68] त्यस्तै माओवादी जनयुद्धको बेलामा वि.सं. २०५८ सङ्कटकालीन समयमा हरिहर सवितालाई तत्कालीन शासक वर्गले माओवादीको आरोपमा पक्राउ गरी चरम

---

[65] ऐजन ।
[66] ऐजन ।
[67] शोधनायकबाट प्राप्त जानकारी ।
[68] ऐजन ।

यातना दिइएको जानकारी प्राप्त हुन्छ । यातनागृहमा आफूसँगैका कैदीलाई बोरामा हालेर टाउको तल पारी ओरालोमा घिसारेर मर्स्याङ्दीमा खसालेर मारिदिन्थे । त्यस्तो कालकोठरीबाट आफू बाँचेर आउन सफल भएपनि चरम शारीरिक यातनाले अहिले आफ्नो दाहिने हातले केही काम गर्न नसकेको र पूरै शरीर नै क्षतविक्षत भएको जानकारी स्वयम् हरिहर सविताबाट प्राप्त हुन्छ ।[69]

### २.९.२ रोचक घटना

वि.सं. २०२४ सालमा गीतानगरको अरुणोदय मा.वि. पढ्ने बेलामा देवीलाल विश्वकर्मा भन्ने दलित साथीले कक्षा कोठामा राखेको पानीको घैंटो छोइदिएपछि दलितले पानी छोयो, तल्लो जातिले छोएको पानी उपल्लो जातिले खानु हुँदैन भनेर जातीयताको पक्ष र विपक्षमा विभाजित भए । जातीयताको पक्षमा शोभाकर दवाडीको नेतृत्व थियो भने जातीयताको विपक्षमा हरिहर सविता, रविमोहन सापकोटा र विद्या ढकालको नेतृत्व रहेको थियो । सो घटनालाई समाधानार्थ दुई पक्षबीच गम्भीर वार्तालाप गरेर समस्याको समाधान गरेको जानकारी प्राप्त हुन्छ । सो घटना अझै पनि अरुणोदय घैंटो काण्ड नामले चर्चित रहेको कुरा जानकारी प्राप्त हुन्छ ।[70] यसरी जातीयताको पक्ष र विपक्षका बीचमा भएको उक्त विवादमा हरिहर सविताको पक्षले विजय प्राप्त गरेको थियो ।

## २.१० भ्रमण

जन्मभूमिलाई जन्मदाता जस्तै स्नेह दर्साउने हरिहर सविताले विविध कारणवश सम्पूर्ण स्थलको भ्रमण गर्न नसके पनि विशेषत: पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका प्राय: प्रमुख स्थलहरूमा भ्रमण गरेका छन् । यसै गरी जागिरको सिलसिला राजनीतिक उतारचढाव र औषधोपचारकै क्रममा हरिहर सविता छिमेकी राष्ट्र भारत र चीनका केही भू-भागहरूको भ्रमण र अवलोकन गरेका छन् । राष्ट्रिय अन्तर्राष्ट्रिय मुलुकका विभिन्न स्थलगत भ्रमण गरेका उनले अझै पनि नेपालकै ओखलढुङ्गामा भने पुग्न नसकेको गुनासो उनी बताउँछन् ।[71] यसरी हरिहर सविताले राजनीतिक, पारिवारिक र साहित्यिक कामकाजको क्रममा विभिन्न स्थानहरूको बेला-बेलामा भ्रमण गरेका छन् ।

## २.११ सम्मान तथा पुरस्कार

---

[69] ऐजन ।

[70] रविमोहन सापकोटाबाट प्राप्त जानकारी ।

[71] शोधनायकबाट प्राप्त जानकारी ।

उपत्यका बाहिर रहेर पनि नेपाली साहित्यको निरन्तरतामा विशेष भूमिका निर्वाह गरिरहेका हरिहर सविताको साहित्यसेवाको यथोचित सम्मान भएको पाइँदैन तर पनि विद्यालयीय जीवनमा कक्षा तीनमा अध्ययनरत रहँदा कक्षा प्रथम भएर पुरस्कार स्वरूप तारिणीप्रसाद कोइरालाको **सर्पदंश** भन्ने पुस्तक प्राप्त गरेको थाहा हुन्छ ।[72] यसै गरी साहित्यिक कार्यक्रमहरूमा विशेष चाख लिने हरिहर सविता वि.सं. २०२६ सालमा भूपि शेरचनको आतिथ्यमा पोखरामा आयोजित साहित्यिक कार्यक्रममा अप्रतियोगीकै रूपमा कविता पाठ गर्दा भूपिद्वारा पुरस्कृत भएको जानकारी पाइन्छ । पुरस्कार र सम्मानकै सिलसिलामा वि.सं. २०५७ सालमा वि.पी. स्मृति साहित्यिक पुरस्कार प्राप्त गरेका छन् भने वि.सं. २०६४ सालमा प्रगतिशील लेखक सङ्घ चितवनबाट सम्मानित भएको जानकारी प्राप्त हुन्छ ।[73] त्यस्तै राजनीति क्षेत्रमा लागेर उनले गरेको योगदानको उचित कदर गर्दै वि.सं. २०६४ कार्तिक ३० गते रेडियो भेरी सुर्खेतबाट साहित्यकार मोदनाथ प्रश्रित र प्रा.डा. एवम् समालोचक माधवप्रसाद पोखरेलबाट जिउँदो सहिद घोषणा गरेका थिए, साथै सुर्खेत जिल्लाका स्थानीय एफ.एमहरूले जनकवि भनेर उनको महिमा गाएको जानकारी पाइन्छ । यसरी आफ्नो जीवन अवधिमा आफूले गरेको साहित्यिक सेवाको उचित मूल्य नपाए पनि विभिन्न सङ्घसंस्थाहरूबाट बेलाबेलामा पुरस्कृत र सम्मानित भएका छन् ।

## २.१२ प्रेरणाको स्रोत

जीवन व्यतीत गर्ने क्रममा हरेक मानिसलाई हरेक क्षेत्रमा अघि बढ्न कसै न कसैको प्रेरणाको आवश्यकता पर्दछ । हुन पनि मानिसले प्राप्त गरेको उचित प्रेरणा र प्रोत्साहनबाट नै उसभित्र लुकेको प्रतिभा र क्षमताले उजागार हुने अवसर पाउँछ र अझै तिखारिएर सशक्त बन्दै जान्छ । त्यसै गरी हरिहर सविता पनि वर्तमानको स्थापित अवस्थासम्मा आउनुको श्रेय प्रथमतः आफ्नै प्रतिभा र द्वितीयतः दाजु रविकिरण 'निर्जीव' लाई दिन्छन् । रविकिरण 'निर्जीव' लाई कविता लेख्दै देखाउँदै जाने क्रममा आफू माझिँदै गएको कुरा स्वयम् शोधनायकबाट अवगत हुन्छ ।[74] यिनका अतिरिक्त राष्ट्रिय-अन्तर्राष्ट्रिय उच्च स्तरका साहित्यकारहरूको जीवनी, व्यक्तित्व र उनीहरूद्वारा सृजित कृतिहरूको अध्ययनबाट पनि प्रेरणा मिलेको कुरा जानकारी हुन्छ ।[75] आफ्नो साहित्यिक प्रतिभालाई अघि बढाउने क्रममा प्रेरणाकै सिलसिलामा हरिहर सविताले नेपाली साहित्यकी मूर्धन्य व्यक्तित्व पारिजातबाट विशेषरूपमा प्रभावित भएको स्वीकार गर्दछन् ।[76]

---

[72] ऐजन ।
[73] ऐजन ।
[74] शोधनायकबाट प्राप्त जानकारी ।
[75] ऐजन ।
[76] ऐजन ।

यसरी हरिहर सविताको प्रेरणाको स्रोतमा आफ्नो प्रतिभा, दाजु रविकिरण, साहित्यकार पारिजात एवम् राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका आफू अघिका साहित्यकारहरूको जीवनी, व्यक्तित्व र तिनका रचनाहरूलाई पनि प्रेरणाको स्रोतका रूपमा लिइएको पाइन्छ ।

## २.१३ चिन्तन, विचार र दर्शन

कहिलेकाहीँ मान्छे स्वभावत: भिन्न प्रवृत्तिको हुने गर्दछ । बढी सुख भएको बेलामा धेरै प्रफुल्लित हुने र धेरै दु:ख परेको बेलामा धेरै विचलित हुने मानवीय प्रवृत्ति पाइन्छ । हरिहर सविता एक चिन्तनशील र दु:खमा नआत्तिने र सुखमा नमात्तिने व्यक्ति हुन् ।[77] आफ्नो लेखनकालको प्रारम्भिक अवस्थादेखि नै प्रगतिशील पक्षमा कलम चलाउँदै आएका हरिहर सविताको व्यवहार कसैलाई पनि थिचोमिचो नगर्ने, न्यायको पक्षमा वकालत गर्ने साथै सरल पोशाकमा उच्च विचार लिएर हिड्ने मृदुभाषी हरिहर सविता एक प्रशंसनीय व्यक्तित्व हुन् ।[78] हरेक अभिलेखहरूलाई अध्ययन गरेर साहित्यिक रूपमा ढालेर प्रगतिवादी चिन्तनमा तुरुन्तै सृजना गर्न सक्ने क्षमता हरिहर सवितामा पाइन्छ ।[79]

मान्छेका जीवन सञ्चालनका क्रममा भौतिक, साँस्कृतिक, प्राकृतिक साथै मानवीय क्रियाकलापहरूको मूल्यवान् भूमिका रहेको हुन्छ । विभिन्न आस्था, दृष्टिकोण, संस्कार, मान्यतादिबाट प्रत्यक्ष र परोक्ष रूपमा प्रभावित हुनु स्वभाविक सिद्धान्त पनि हो । मान्छेको आफ्नो विचार, दृष्टिकोणहरू आफ्ना साहित्यिक कृतिहरूमा प्रतिबिम्बित हुनु शाश्वत कुरा पनि हो । जीवनजगतमा घटेका सामान्य कुराहरूलाई छन्दोबद्ध गर्न सक्ने प्रतिभाका धनी हरिहर सवितालाई आशुकवि नै मान्न सकिन्छ ।[80] कुनै पनि कुरामा गहिरो सोचिरहने, भावुक, चिन्तनशील, एकाकार र जुनसुकै समयमा पनि साहित्य सिर्जना गर्ने कविका रूपमा उनलाई लिन सकिन्छ ।[81] समाजमा विद्यमान धार्मिक, सांस्कृतिक, नैतिक, ऐतिहासिक, आर्थिक, सामाजिक, वैचारिक, प्राकृतिक, राजनीतिकजस्ता विविध मूल्य-मान्यताहरूबाट प्रभावित हुँदै साहित्यिक व्यक्तित्व गतिशील हुनु व्यक्तिको लेखकीय विशेषता नै हो । मानिसको वैयक्तिक जीवनमा जीवनयापनकै क्रममा विभिन्न आरोह-अवरोह, सङ्घर्ष, दु:ख-सुख, सम्झौता, विश्वास, धोका, घात-प्रतिघातजस्ता कुराहरूको क्रम-उपक्रम चलिरहन्छ जसले गर्दा मासिनलाई क्रियाशील बनाउन सहयोग पुऱ्याउँदछ । साहित्यिक चिन्तनका हिसाबले जस्तोसुकै विषय र प्रतिकूल स्थितिमा पनि समाजवादी यथार्थवादतर्फ अभिमत

[77] शोधनायकका दाजु रामकृष्ण रेग्मीबाट प्राप्त जानकारी ।
[78] शोधनायकका सहकर्मी विजयराज पण्डितबाट प्राप्त जानकारी ।
[79] ऐजन ।
[80] शोधनायकका सहकर्मी विजयराज पण्डितबाट प्राप्त जानकारी ।
[81] शोधनायकका दाजुबाट प्राप्त जानकारी ।

राख्दै साहित्य सिर्जना गर्ने व्यक्ति हरिहर सविता हुन् ।[82] साहित्यिक चिन्तनका हिसाबले प्रगतिवादी चिन्तनतर्फ झुकाव राख्ने हरिहर सविताले समाजको विद्यमान अवस्थालाई आमूल परिवर्तनका निम्ति समानतामा आधारित नवीन सामाजिक संरचना र त्यसप्रकारका विचारहरूलाई आफ्ना रचनाहरूमा कलात्मकताका साथ प्रस्तुत गर्ने क्षमतावान् व्यक्तित्वका रूपमा उनी स्थापित हुन पुग्दछन् ।[83]

मानिसमा रहने विविध विचारधारहरूमध्ये राजनीतिक विचारधारा पनि एक हो । समाजका अगुवा, भद्र, भलाद्मीहरूमा प्रत्यक्ष वा परोक्षरूपमा कुनै पनि राजनीतिक विचार रहेको हुन्छ, त्यसै गरेर हरिहर सविता कार्लमार्क्सको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादबाट प्रभावित एक क्रान्तिकारी वामपन्थी विचारधाराका व्यक्ति हुन् ।[84] समाजका पुराना मूल्य-मान्यता र पुरातनपन्थी संरचनाहरू भत्काउनुपर्छ, सामाजिक शोषणको अन्त्य भई नयाँ समाजको स्थापना हुनुपर्छ भन्ने जस्ता उग्र क्रान्तिकारी विचार उनमा रहेको पाइन्छ ।[85] भौतिकवादप्रति दृढ विश्वास गर्ने हरिहर सविता, अध्यात्मवादी चिन्तनतर्फ त्यति झुकाव राख्दैनन् । कर्म गर्नुपर्छ, कर्मले नै आफ्नो जीवन सफल तुल्याउन सक्छ भन्ने कर्मवादी हरिहर सविताले धर्मका नाममा कुनै मठमन्दिर नगए पनि पारिवारिक संस्कारका खातिर यदाकदा सहभागिता देखाएको पाइन्छ ।[86] आफूभित्र तीव्र भौतिकताप्रति मोह भए पनि पारिवारिक संस्कारका कुराहरूलाई भने उनले निरन्तरता दिइरहेको पाइन्छ ।[87] यस जुनीमा धर्तीबाट आफ्नो इहलीला समाप्त भएपछि पुनर्जन्मको विश्वास नराख्ने हरिहर सविताले ईश्वरीय शक्तिप्रति पूर्णत: विमति जनाउँछन् । बाहिरी चर्मचक्षुले ईश्वरीय रूप देखे मात्रै विश्वास गर्ने हरिहर सविता प्राकृतिक क्रम-उपक्रमबाट जीवनको सृष्टि हुन्छ र यसैको परिणति मानिसको चोला हो भन्ने विचार उनी राख्दछन् ।[88]

हरिहर सविता एक चिन्तनशील, भावुक, कोमल मनका व्यक्तित्व हुन् । समाजमा सकारात्मक परिवर्तनका लागि आफूलाई क्रियाशील बनाइरहने आदर्श समाज सुधारका निम्ति मध्यमार्गी भएर लागि परिरहने व्यक्तित्वका रूपमा प्रस्तुत भइरहेको पाइन्छ । समाजका पुराना मूल्य-मान्यतालाई फालेर नवीन समाजको निर्माण हुनुपर्छ भन्ने विचार व्यक्त गर्दै नकारात्मक सोंचबाट अलग रहेर सृजनात्मक, रचनात्मक काममा लागिपर्नु पर्छ भन्ने विचार हरिहर सवितामा पाइन्छ । राजनीतिक परिवृत्तका हिसाबले कम्युनिष्ट विचारधाराका धनी हरिहर सविता लेखनकलामा प्रगतिवादी सिद्ध व्यक्तिका रूपमा चिनिन्छन् ।

---

[82] शोधनायकका सहकर्मी रविकिरण अधिकारीबाट प्राप्त जानकारी ।
[83] ऐजन ।
[84] शोधनायकबाट प्राप्त जानकारी ।
[85] ऐजन ।
[86] शोधनायकका दाजु रामकृष्ण रेग्मीबाट प्राप्त जानकारी ।
[87] शोधनायकको भाउजू अम्बिका रेग्मीद्वारा प्राप्त जानकारी ।
[88] शोधनायकबाट प्राप्त जानकारी ।

## २.१४ निष्कर्ष

कुनै पनि व्यक्तिको जीवनयात्राका क्रममा घटित घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो । कुनै पनि स्रष्टाले आफूभित्र अन्तर्निहित प्रतिभालाई उजागर गर्दै समाजमा यश, कीर्ति स्थापित गरेर आफ्नो मानव जीवनलाई सार्थक पार्न खोज्ने महान् व्यक्तिका जीवनीका पाटाहरू भविष्यका नवसन्ततिका लागि प्रेरणादायी र पथप्रदर्शकसमेत बन्दछन् । आफूभन्दा अग्रज व्यक्तिहरूको व्यक्तित्वबाट प्रभावित हुँदै नयाँ पुस्ताले पनि आफूलाई सृजनात्मक कार्यमा अभिप्रेरित गराउँदछ र अग्रजहरूका जीवनी र साहित्यिक योगदानका कुराहरूलाई मस्तिष्कमा लिएर सन्मार्गतर्फ लम्काउन अग्रसर रहिरहन्छ । यसै कोटिका कुनै पनि व्यक्तिको जीवनीको अध्ययन अनुसन्धान गर्ने क्रममा उनीहरूबाट भएगरिएका महनीय योगदानको कदर गर्दै उसका जीवनका यावत् घटना र प्रसङ्गहरूलाई खोजबिन गर्ने, विश्लेषण, अनुगमन गर्ने कार्य गरिन्छ । यसै परिप्रेक्ष्यमा रहेर साहित्यकार हरिहर सविताको जन्मदेखि हालसम्म सम्पूर्ण कुराहरू यहाँ प्रस्तुत गरिएको छ ।

साहित्यकार हरिहर सविताका पुर्खाहरू नेपालको अछाम जिल्ला 'रेगम' भन्ने ठाउँबाट बँसाइसराइको क्रममा देशका विभिन्न भागमा बस्न पुगेकाले उनीहरूको थर रेग्मी रहन गएको हो । स्व. पिता हेमनाथ रेग्मी र स्व. माता सरस्वती रेग्मीको कोखबाट माहिँला छोराका रूपमा यस धर्तीमा पाइला टेकेका हरिहर सविताले आफ्ना बाल्यकालीन साथीहरूसँग मातृभूमि अलैँचेका सुन्दर परिवेशसँग मितेरी लगाउँदै त्यहीँका प्राकृतिक सम्पदाले भरिपूर्ण भएका ठाउँहरू पाउँदी, सेरो, बौरो, बर्कटी, छाउडाँडो, मड्किने, पालेको गैह्रो, भोटेनी लगायतका भीर-पाखा, देउराली, उकाली-ओराली, गाउँ-बेसी, पाखा-पखेरासँग आत्मीय सम्बन्ध राख्दै बाल्यकालीन स्वर्णिम समय व्यतीत गरेका थिए । लमजुङ जिल्लाको सुन्दर परिवेशसँग बिछोडिँदै बसाइँसराइको क्रममा वि.सं. २०१७ सालमा चितवन झरेका हरिहर सविताको हाल बसोबास भरतपुर नगरपालिका ७ कृष्णपुरमा पर्दछ ।

आफ्ना पिता हेमनाथ रेग्मी र जेष्ठ पिता श्रीप्रसाद रेग्मीबाट सिलोटको पाटीमा धूलो राखेर बाँसको छेस्काले साउँअक्षर चिनेका हरिहर सविताको औपचारिक शिक्षा भने चितवन झरेपछि गीतानगरको अरुणोदय मा.वि.मा ६ वर्षको उमेरमा गुरु वसन्त लामिछानेबाट भएको हो । वि.सं. २०२६ सालमा एस.एल.सी. परीक्षामा तीन वर्षको लागि निष्काशित भएपछि वि.सं. २०२९ सालमा एस.एल.सी. परीक्षा पास गरी थप अध्ययनका लागि वीरेन्द्र बहुमुखी क्याम्पसबाट आइ.ए. र त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट प्राइभेटतर्फ वि.सं. २०४३ सालमा बी.ए. उत्तीर्ण गरेका छन् ।

कास्की जिल्ला हंसपुरबाट बसाइँ सरी चितवन गंगानगर बस्ने दामोदर सुवेदी र मायादेवी सुवेदीकी कान्छी छोरी लीलादेवी सुवेदीसँग वैवाहिक बन्धनमा बाँधिएका हरिहर सविताका तीन छोरा र एक छोरी रहेका छन् । वि.सं. २०२६ सालतिरबाटै शिक्षण पेसामा संलग्न भएका हरिहर सविताको पछिका जागिरे जीवन राजनीतिक अवस्थाले बढी सङ्घर्षपूर्ण रहेको देखिन्छ । कहिले रामपुर, कहिले लमजुङ, कहिले सुर्खेत र कहिले काठमाडौँ हुँदै वर्तमान समयमा भरतपुर स्थित

वीरेन्द्र बहुमुखी क्याम्पसमा लेखा अधिकृतको रूपमा कार्यरत रहेको पाइन्छ । बाल्यकालीन समयदेखि नै साहित्यप्रति रुचि राख्ने हरिहर सविता एक सफल साहित्यकार हुन् ।

वि.सं. २०२६ सालमा **मातृभूमि** पत्रिकामा प्रथम कथा छपाएर नेपाली साहित्यमा पदार्पण गरेका हरिहर सविताका **कालरात्रि** कथासङ्ग्रह (२०४७), **मणि** शोककाव्य (२०४८), **जानुका** शोककाव्य (२०४८), **प्रचण्डलाई पत्र** काव्य (२०६४) र **पुष्पपत्र** महाकाव्य (२०६५) जस्ता कृतिहरू प्रकाशित छन् भने सहिद आजाद कथासङ्ग्रह, हेम महाकाव्य, मेरी इया शोककाव्य, आत्म शोककाव्यजस्ता कृतिहरू विविध कारणवश अप्रकाशित रहेको पाइन्छ ।

अन्याय, अत्याचार विरुद्ध पछाडि नहटेर डटेर लड्ने स्वभावका हरिहर सविताको आन्तरिक र बाह्य व्यक्तित्व प्रभावशाली देखिन्छ । समाजमा विद्यमान असमानता, कुसंस्कार बेथितिका पर्खाललाई भत्काएर नयाँ संरचना बनाउनुपर्दछ भन्ने दृढ विश्वासका धनी हरिहर सविता विद्रोह र क्रान्तिसँग सम्बन्धित देखिन्छन् । सादा जीवन र उच्च विचारका धनी हरिहर सविता वामपन्थी विचारधाराका पक्षधर व्यक्ति हुन् । आध्यात्मवादलाई पूर्णत: बहिष्कार गर्ने भौतिकवादका समर्थक, कर्मठ र स्वाभिमानी हरिहर सविताको व्यक्तित्व बहुआयामिक रहेको छ ।

# परिच्छेद : तीन

# साहित्यकार हरिहर सविताको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

कुनै व्यक्तिको वैयक्तिक विशेषता देखाउने वा कुनै व्यक्तिले अरुलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित विशेषता वा व्यक्ति विशेषको निजीपन प्रकट गर्ने शब्दलाई व्यक्तित्व भनिन्छ ।[89] कुनै पनि परिस्थितिसँग सम्झौता गर्ने क्रममा व्यक्ति विशेषले गाउँ, समाज र सिङ्गो राष्ट्रमा छाड्ने उसको प्रतिभा र क्षमताको गहन स्पष्ट र सारगर्भित छापलाई नै व्यक्तित्व भनिन्छ ।[90]

यिनै विविध दृष्टिकोण र मान्यताका आधारमा मनुष्यले सामाजिक परिवेशमा जिउने क्रममा कुनै पनि क्षेत्रमा सफलता प्राप्त गर्दछ । मानव जीवन जगतका कुनै एक क्षेत्र वा धेरै क्षेत्रमा पनि एउटै व्यक्तिको संलग्नता हुने गर्दछ । सामाजिक, साँस्कृतिक, शैक्षिक, राजनीतिक जस्ता धेरै क्षेत्रमा एउटै व्यक्ति संलग्न हुने गर्दछ, ती क्षेत्रहरू व्यक्तिको बाह्य व्यक्तित्वअन्तर्गत पर्दछन् । कुनै पनि व्यक्तिमा अन्तर्निहित दक्षता, अभिरुचि, अनुराग, साधना, बौद्धिकता, विचार, इच्छा, प्रतिभा, कार्यक्षेत्र र निरन्तर लगनशीलता नै व्यक्तित्व निर्धारणका तत्त्वहरू मानिन्छन् ।[91] मान्छेका जीवनयापनका क्रममा आइपर्ने विविध किसिमका घटना, आरोह-अवरोह, विविध स्थिति, क्षण, विविध किसिमका घात-प्रतिघात, चाप-प्रतिचाप, क्रिया-प्रतिक्रिया, मोड-प्रतिमोडजस्ता कुराहरूले हरेक व्यक्तिको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । कुनै व्यक्तिमा एउटा मात्रै विशेष गुण हुन्छ भने कुनै व्यक्तिमा एक गुणका अतिरिक्त धेरै गुणहरू रहेका हुन्छन् । समाजमा व्यक्तिलाई उसको व्यक्तित्वले परिचित गराउँदछ । हरेक व्यक्तिमा आन्तरिक र बाह्य गरी दुई प्रकारका व्यक्तित्व हुन्छन् । यस अन्तर्गत व्यक्तिको बाह्य व्यक्तित्व प्रारम्भिक आकर्षणको आधार बनेर आए पनि त्यस व्यक्तिको आन्तरिक व्यक्तित्वले नै उसलाई ऊ बाँचेको समाजमा उसलाई परिभाषित, स्थापित एवम् सम्मानित हुन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसर्थ प्रत्येक सिर्जनशील प्रतिभाको व्यक्तित्वको अध्ययन, पठनीय, मननीय र अनुसन्धेय हुन पुग्दछ । कवि हरिहर सविता पनि सिर्जनशील प्रतिभाका प्रतिष्ठित व्यक्तित्वका रूपमा परिचित हुँदै नेपाली साहित्यिको क्षितिजमा उदाउँदो नक्षत्र बन्दै गएकाले उनको व्यक्तित्वका विविध पाटाहरूलाई पनि आन्तरिक र बाह्य दुवै कोणबाट अध्ययन गर्ने जमर्को गरिएको छ ।

---

[89] बालकृष्ण पोखरेल, (नि.) **नेपाली बृहत् शब्दकोश,** पुनर्मुद्रण : २०५५, (काठमाडौं : ने.रा.प्र.प्र., २०४०), पृष्ठ १२४२ ।

[90] गंगाकुमारी, भट्टराई, **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित शोधपत्र, (चितवन : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९, पृष्ठ ३० ।

[91] शिवहरि कोइराला, **कवि रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि.नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६५), पृष्ठ ३१-३२ ।

## ३.२ बाह्य व्यक्तित्व

बाहिरबाट हेर्दा देखिने साङ्गोपाङ्ग जीउडालको भौतिक संरचना नै कुनै पनि मनुष्यको बाह्य व्यक्तित्व हो ।[92] कुनै व्यक्तिको आन्तरिक व्यक्तित्व र बाह्य व्यक्तित्वको सम्मिश्रणबाट व्यक्तिको व्यक्तित्व झल्किन्छ । हरिहर सविताको आन्तरिक व्यक्तित्वजस्तै बाह्य व्यक्तित्व पनि निकै आकर्षक र लोभलाग्दो देखिन्छ । सन्ताउन्न वर्षको उमेर पाँच फिट पाँच इन्चको उचाइ र लगभग बैसठ्ठी कि.ग्रा. तौल, शरीर अनुकूलको मोटाई, गहुँगोरो वर्ण, अग्लो शरीर, कपाल खुइलिएको शिर, लाम्चो र उज्यालो मुखमण्डल, चस्मा लगाइरहने र सुहाउँदो नाक, प्रायजसो सेतो सर्ट, कालो पाइन्ट र टोपीमा सजिने भावपूर्ण एक जोडी आँखा, चिन्तनशील, मृदुभाषी साथै स्फूर्तिलो जिउडाल नै हरिहर सविताको बाह्य शारीरिक व्यक्तित्व हो । कुनै खालको दीर्घ रोगबाट पीडित नरहेका हरिहर सवितालाई द्वन्द्वकालीन समयमा प्रहरी प्रशासनबाट दिइएको चरम यातनाका कारण दाहिने हात र आँखा राम्रोसँग नदेखे पनि आफू जन्मजात अथवा पछि कुनै दीर्घरोगबाट पीडित नरहेको जानकारी पाइन्छ ।[93] अरूसँग कुरा गर्दा बडो रुचिपूर्वक सुन्ने र त्यस बारेमा आफ्ना कुरा स्पष्ट रूपले प्रस्तुत गर्ने स्वभावका धनी हरिहर सवितासँग कुरा गर्ने कुनै पनि व्यक्ति छिटै प्रभावित हुन्छ । कुनै पनि सङ्कोच नमानी आफ्ना कुरा प्रस्तुत गर्ने हरिहर सविताको उच्च रक्तचापको कारणले कहिलेकाहीँ झनक्क रिस उठ्ने गरेको जानकारी पाइन्छ ।[94]

सादा जीवन उच्च विचारका धनी हरिहर सविताको हँसिलो चेहरा र मुस्कुराइरहने बानी अझ आकर्षक देखिन्छ । आफूले अरूसमक्ष प्रस्तुत गर्ने कुराहरूका बारेमा निकै विचार गरेर बोल्ने हरिहर सविता बाहिरबाट हेर्दा केही सोचिरहेजस्तो चिन्तनशील र गम्भीर स्वभावका देखिन्छन् ।[95]

सन्ताउन्न वर्षको उमेर, पाँच फिट पाँच इन्च उचाइ, अग्ला, गहुँगोरा र हँसिलो चेहरा, सामान्य खालको पोशाकमा सजिने हरिहर सविताको बाह्य व्यक्तित्व निकै आकर्षक पाइन्छ । अरूसँग कुराकानीको क्रममा बडो गम्भीरपूर्वक सुन्ने र आफ्नो कुराहरू विनासङ्कोच निर्धक्क पाराले भन्ने हरिहर सविताको बाह्य व्यक्तित्व हेर्दा अरूलाई छिटै प्रभावित पार्ने र जुनसुकै वातावरणमा पनि घुलमिल हुन सक्ने स्वभाव पाइन्छ ।

[92] शिवहरि कोइराला, पूर्ववत्, पृष्ठ ३२ ।
[93] शोधनायकबाट प्राप्त जानकारी ।
[94] ऐजन ।
[95] रह शर्माबाट प्राप्त जानकारी ।

## ३.३ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिभित्र अन्तर्निहित गुण, प्रतिभा, क्षमता वा विशेषतालाई आन्तरिक व्यक्तित्व भनिन्छ ।[96] समाजमा नै व्यक्तिको व्यक्तित्व निर्माण हुने भएकोले समाजमा भोगेका, सुनेका, देखेका र अनुभव, गरेका क्रिया-प्रतिक्रियाबाट जुन अन्तर्बोध व्यक्तिमा जाग्दछ र त्यसकै सेरोफेरोमा उसको व्यक्तित्व बन्दछ ।[97] साहित्यकार हरिहर सविताको समग्र व्यक्तित्व र कृतित्वको मूल्याङ्कन गर्दा उनमा बहुमुखी प्रतिभा रहेको पाइन्छ । हरिहर सविताको नेपाली साहित्यमा आगमन पश्चात् समाज र राष्ट्रिय उत्थानमा परेको सकारात्मक कुरा बुझ्नको लागि स्वयम्कै जीवनका विभिन्न आयामहरूको विस्तृत अध्ययन गर्नुपर्ने देखिन्छ । अन्यथा उसको साहित्यिक सेवा र योगदान छायामा पर्न पनि सक्छ । यसै कारणले हरिहर सविताको आन्तरिक व्यक्तित्वका पाटाहरूलाई साहित्य र साहित्येतर गरी विभाजन गर्न सकिन्छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

हृदयभित्रका तरङ्लाई लिपिबद्ध रूपमा उतार्नु साहित्य हो र जीवनजगत्मा घट्ने यथार्थपरक घटनासँग घुलमिल भएर समाजमा भएदेखिएका असमानता, व्यभिचार, अत्याचार, उत्पीडन आदिका साङ्ला तोड्न ती तरङ्ग प्रयोग गर्नुपर्दछ भन्ने विचारका हरिहर सविता वि.सं. २०२० सालको वरपरबाटै हालसम्म नेपाली साहित्यसाधनामा समर्पित व्यक्तित्व हुन् ।[98] जीवनजगत्का विविध विषय समेटेर काल्पनिकताको जलप लगाउँदै तयार पारिएका सुन्दर अभिव्यक्तिहरू नै साहित्य हो भन्ने हरिहर सविता विशेष गरी आफ्नै दाजु रविकिरण 'निर्जीव' को प्रेरणाबाट साहित्य सृजनामा लागेका हुन् ।[99] आफ्नो साहित्यिक यात्राको प्रारम्भिक चरणमा कविता विधाबाट लेखनकार्य सुरु गरेका हरिहर सविताले कथा, शोककाव्य, खण्डकाव्य, महाकाव्य, व्यङ्ग्य विनोद, संस्मरण, दर्शन, राजनीतिक लेख, समसामयिक विषयमा पनि निकै दत्तचित्त भएर लागि परेका देखिन्छन् । साहित्यिक तथा साहित्येतर विधामा लेखिएका उनका थुप्रै फुटकर लेख रचनाहरू विभिन्न स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित भएका थिए तर पनि मुलुकको राजनीतिक घटनाक्रमको कारणले उनका फुटकर लेख रचनाका साथै केही पुस्तकका पाण्डुलिपि पनि प्रहरी प्रशासनबाट जलाइदिएको कुरा शोधनायकबाट अवगत हुन्छ ।[100]

---

[96] शिवहरि कोइराला, पूर्ववत् पृष्ठ ३३ ।

[97] ऐजन ।

[98] रमेश पण्डित, **बुकी** साहित्यिक पत्रिका, अप्रकाशित स्नातक कार्यमूलकपत्र, (चितवन : त्रि.वि.नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६३), पृष्ठ ३० ।

[99] ऐजन ।

[100] शोधनायकबाट प्राप्त जानकारी ।

साहित्यसाधनाको पूर्वार्द्धकालीन समयमा आफ्नो प्रथम कथा **मातृभूमि** पत्रिकामा छपाएर औपचारिक रूपमा प्रवेश गरे पनि सो कथाको नाम भने आफूलाई थाहा नभएको कुरा उनी बताउँछन् ।[101] नेपाली साहित्यको क्षेत्रमा आफ्ना अमूल्य कृतिहरू अर्पण गरेका हरिहर सविताका हालसम्म एक कथासङ्ग्रह, दुई शोककाव्य एक काव्य र एक महाकाव्य गरी जम्मा पाँचवटा पुस्तकाकार कृति प्रकाशित रहेका छन् भने विविध कारणवश सहिद आजाद कथासङ्ग्रह, हेम महाकाव्य, मेरी इया शोककाव्य, आत्म शोककाव्य जस्ता कृतिहरू अप्रकाशित रूपमै थन्किएको जानकारी प्राप्त हुन्छ ।[102]

छात्रजीवनदेखि नै वामपन्थी विचारधारबाट प्रभावित कवि हरिहर सविताले वि.सं. २०२५ सालबाटै लेख्ने गरेको पाइन्छ । साहित्यकार हरिहर सविताका लेख रचनाहरूमा गरिब र शोषित पीडित जनताको प्रतिनिधित्व बोली बोलेको पाइन्छ ।[103] हरिहर सविता छन्दमा रमाउने र छन्दमै कविता सिर्जना गर्ने विशेषता भएका कवि हुन् ।[104] उनका लेखहरूमा विकृति-विसङ्गतिको उछितो, अन्याय, अत्याचारका विरुद्धको आवाज, प्रकृतिप्रेम, राष्ट्रप्रेम, मानवीय जीवनका सुख-दुःखका अनुभूतिहरू, मानवीय मूल्य-मान्यताको खोजी, शिक्षाप्रद साथै औपदेशिक कुराहरू समेटिएका पाइन्छन् । यसै गरेर श्रीमती पेनर्जिन, सागर शर्मा, माइलो, रोलक बहादुर र अनाम आदि छद्म नामबाट **जनादेश, महिमा, कान्तिपुर, स्वाभिमान, मातृभूमि** लगायतका राष्ट्रिय पत्रपत्रिकाका साथै विभिन्न स्थानीय पत्रपत्रिकामा पनि उनका लेखहरू छापिने गरेको जानकारी प्राप्त हुन्छ ।[105] यसले गर्दा उनीमा बहुआयामिक व्यक्तित्व रहेको पाइन्छ । साथै विभिन्न साहित्यिक व्यक्तित्वहरूको दृष्टिमा हरिहर सविताको साहित्यिक व्यक्तित्वलाई यसरी देखाउन सकिन्छ ।

हरिहर सविता चितवनको प्रगतिवादी साहित्यिक क्षेत्रमा कलम चलाइरहने व्यक्तित्व हुन् । मार्क्सेली साहित्य सिद्धान्तलाई संवहन गरेका यिनका अधिकांश कृतिहरू नारावादी चिन्तनमा आधारित रहेका छन् ।[106] लेखनकालको प्रारम्भिक अवस्थादेखि नै प्रगतिवादी पक्षमा कलम चलाउँदै आएका हरिहर सविताको व्यवहार कसैलाई पनि थिचोमिचो नगर्ने, न्यायको पक्षमा वकालत गर्ने साथै सरल पोशाकमा उच्च विचार लिएर हिड्ने मृदुभाषी एवम् एक सफल प्रशासकीय व्यक्तित्व हुन् ।[107] साहित्यिक चिन्तनका हिसाबले प्रगतिवादी चिन्तनतर्फ झुकाव राख्ने हरिहर सविताले समाजको विद्यमान अवस्थालाई आमूल परिवर्तनका निम्ति समानतामा आधारित नवीन सामाजिक संरचना र त्यसप्रकारका विचारहरूलाई आफ्ना रचनाहरूमा कलात्मकताका साथ प्रस्तुत गर्ने क्षमता

---

[101] शोधनायकबाट प्राप्त जानकारी ।
[102] ऐजन ।
[103] रामकृष्ण रेग्मीबाट प्राप्त जानकारी ।
[104] रह शर्माबाट प्राप्त जानकारी ।
[105] शोधनायकबाट प्राप्त जानकारी ।
[106] लक्ष्मणप्रसाद गौतमबाट प्राप्त जानकारी ।
[107] विजयराज पण्डितबाट प्राप्त जानकारी ।

भएका व्यक्ति हरिहर सविता हुन् ।[108] वि.सं. २०२५ को दशकबाटै साहित्य सिर्जनामा सक्रिय हरिहर सविता चितवनका अग्रज साहित्यकार हुन् । नेपाली साहित्यमा हरिहर सविताको स्थान निर्धारण गर्नुपर्दा सर्वप्रथम उनी चितवनका प्रगतिवादी साहित्य सिर्जनामा लागेका अग्रज व्यक्तित्व मध्येका साहित्यकार हुन् ।[109] साहित्यिक आस्थाका हिसाबले प्रगतिवादी दिशातर्फ उनका कृतिहरू उन्मुख देखिनुका साथै देखेको कुरा भनिहाल्ने स्पष्ट स्वभावका हरिहर सविताको कथाकारिताको त्यति चर्चा पाइँदैन । कथाकारिताका हिसाबले प्रौढ कथाकार बन्ने क्रममा अघि बढिरहेका हरिहर सविता छन्द लेखनमा निकै अग्रपंक्तिमा रहेका छन् । उनको लेखनीमा पाइने मूलकुरा विचारको सम्प्रेषण नै हो साथै कलाकारिताभन्दा वैचारिकताले विशेष ठाउँ जमाउँदछ ।[110] हरिहर सविता नेपाली साहित्यका क्षेत्रमा प्रगतिशील लेखकका रूपमा स्थापित भइसकेका छन् साथै अन्य विधामा क्रियाशील रहेर चितवन हुँदै राष्ट्रिय साहित्यिक यात्रामा आफ्नो स्थान मजबुत बनाउने कुरामा उनीमाथि कुनै सन्देह छैन ।[111] साहित्यिक क्षेत्रमा जति सक्रिय छन् व्यक्तिगत रूपमा त्यति नै मिलनसार, सहयोगी र संवेदनशील रहेका उनका कृतिहरूको अध्ययन गर्दा विचार, भाव र शिल्पको संयोजनमा ध्यान दिनु जरुरी देखिन्छ साथै वैचारिक आग्रहभन्दा भावलाई महत्व दिएका खण्डमा उनका रचनाहरू नेपाली साहित्यका उत्कृष्ट रचनाभित्र पर्न सक्दछन् । उनको लेखकीय प्रवृत्ति स्वच्छन्दतावादी प्रगतिवादी
हो । उनका रचनाहरू पढ्दा सामाजिक अन्याय, विभेद, असङ्गत पक्षमाथि व्यङ्ग्य विरोध गरिएको हुन्छ साथै विकृति, विसङ्गति र रुढिवादी चिन्तनलाई फालेर समाज सुधारको अपेक्षा, अग्रगामी सोंच, समतामूलक समाज निर्माणको आकाङ्क्षा प्रतिबिम्बित हुनु मानवताका दृष्टिले महत्त्वपूर्ण छन् ।[112] साहित्यकार हरिहर सविताको समग्र साहित्यिक व्यक्तित्वलाई विविध विधामा वर्गीकरण गरेर अध्ययन गरिएको छ ।

### ३.३.१.१ कथाकार व्यक्तित्व

चितवनबाट प्रकाशित **मातृभूमि** पत्रिकामा सर्वप्रथम कथा छपाएर नेपाली साहित्यमा औपचारिक रूपमा प्रवेश गरेका हरिहर सविताका प्रारम्भिक अवस्थामा स्थानीय पत्रपत्रिकाहरूमा कथाहरू छापिने गर्दथे । वि.सं. २०४६ सालमा **कालरात्रि** कथासङ्ग्रह लिएर देखापरेका हरिहर सविताका यस सङ्ग्रहमा सङ्ग्रहित कथाहरू वि.सं. २०४६ चैत्र १७ गतेदेखि २८ गतेभित्र जम्मा बाह्र दिनको अवधिमा लेखिएका नौवटा र अर्को नवआगन्तुक शीर्षक कथा गरी जम्मा दशवटा

[108] रविकिरण अधिकारीबाट प्राप्त जानकारी ।
[109] डी.आर. पोखरेलबाट प्राप्त जानकारी ।
[110] ऐजन ।
[111] दीननाथ पण्डितबाट प्राप्त जानकारी ।
[112] ऐजन ।

कथाहरूबाट **कालरात्रि** कथासङ्ग्रहको संरचना भएको छ ।[113] आफ्नो साहित्यिक यात्राको प्रारम्भिक समयबाट नै आख्यान लेखनमा सक्रियता भए पनि उनको आख्यानकारिताको खासै चर्चा भएको पाइँदैन ।[114] यसरी आफ्नो साहित्यिक यात्राको प्रारम्भिक कालमा हरिहर सविता विशेषत: आख्यान विधामा सक्रिय रही साहित्यसेवा गरेको पाइन्छ ।

### ३.३.१.२ कवि/काव्यकार व्यक्तित्व

काठमाडौंबाट प्रकाशित **मातृभूमि** पत्रिकामा पहिलो कथा (शीर्षक नखुलेको) छपाएर नेपाली साहित्यमा औपचारिक रूपमा प्रवेश गरेका साहित्यकार हरिहर सविताको कथाकार व्यक्तित्व पछि अर्को शसक्त व्यक्तित्व काव्यकार व्यक्तित्व हो । विशेष गरेर छन्दलेखनमा पूर्णता दिन रुचाउने हरिहर सविताले छन्दका प्राच्य मान्यतालाई पालन गरेर साहित्य सृजना गर्दछन् । लेखनकार्यको बीच-बीचमा छन्द परिवर्तन गर्ने मान्यताको विरोध गर्ने हरिहर सविता एउटा छन्दमा लेख्न सुरु गरेपछि काव्यको अन्त्य पनि त्यही छन्दमै गर्न रुचाउँछन् । काव्यकार व्यक्तित्वले सजिएका हरिहर सविताको पहिलो काव्य **मणि** शोककाव्य हो । रामपुर कृषि क्याम्पसमा अध्ययनरत छात्र मित्रमणि आचार्यको अकल्पनीय निधनको बारेमा लेखिएको यस शोककाव्यमा आँशुका लहरहरू छरपष्ट रूपमा देखिएका छन् । **मणि** शोककाव्यको सफलतापछि हरिहर सविताको अर्को काव्यका रूपमा **जानुका** शोककाव्यको जन्म हुन्छ । कलिलो उमेरमै मृत्युवरण गर्न पुगेकी आफ्नी भतिजी जानुकाको मृत्युको वियोगमा छट्पटिँदै लेखिएको यस शोककाव्यले हरिहर सविताको काव्यिक उचाइलाई उच्च बनाइदिएको महसुस हुन्छ । वि.सं. २०४७ सालमै काव्य रचनातर्फ उन्मुख रहेका हरिहर सविताले एकै वर्षमा दुईवटा शोककाव्य तयार पारे पनि वि.सं. २०४९ देखि यता वि.सं. २०६४ सालसम्म फुटकररूपमा कविताहरू प्रकाशित गरे पनि कुनै पुस्तकाकार कृति रचना गरेनन् । पारिवारिक उत्तरदायित्व राजनीतिक उचारचढाव साथै अनेक व्यक्तिगत समस्याका कारणले पुस्तकाकार कृति प्रकाशित हुन नसकेको जानकारी प्राप्त हुन्छ ।[115]

वि.सं. २०४८ सालदेखि सुरु भएको काव्यिक यात्राले फेरि २०६४ सालमा पुनर्जीवन प्राप्त गर्दछ । आफूले जेलजीवनमा पाएका दु:ख, पीडा, यातनाहरूका साथै देशको समसामयिक परिस्थितिलाई मध्यनजर राख्दै लेखिएको **प्रचण्डलाई पत्र** २०६४ एक सम्बोधनात्मक शैलीमा लेखिएको काव्य हो । जनयुद्धका नायक प्रचण्डलाई सम्बोधन गरी लेखिएको यस काव्यले हरिहर सविताको काव्यिक उर्जालाई ब्युँताइदिएको छ । फेरि वि.सं. २०६६ सालमा महाकाव्यकै इतिहासमा मार्क्सवाद, लेनिनवाद र प्रचण्डपथको प्रतिनिधि पुस्तकका रूपमा स्थापित हुने काँटाको अर्को

---

[113] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण**, (चितवन वाङ्मय प्रतिष्ठान, २०५२ चैत्र २५), पृष्ठ २३ ।
[114] ऐजन ।
[115] शोधनायकबाट प्राप्त जानकारी ।

महाकाव्य **पुष्प-पत्र** महाकाव्य प्रकाशित हुन्छ । रातो आन्दोलनकी नायिका पुष्पलता आचार्यलाई सम्बोधन गरी लेखिएको पत्रात्मक महाकाव्यले हरिहर सविताको साहित्यिक उचाइलाई उत्कर्षतामा पुऱ्याएको पाइन्छ ।

वि.सं. २०२६ सालबाट लेखनकार्यमा जुटेका हरिहर सविताले आफ्नो लगभग चालीस वर्षे साहित्यिक यात्रामा चारवटा काव्यहरू नेपाली साहित्यलाई उपलब्ध गराएका छन् । विशुद्ध पारिवारिक घटनाका साथै समसामयिक विषयवस्तुमाथि निकै रोचकताकासाथ कलम चलाउन सिपालु हरिहर सविताबाट भविष्यमा अझै उत्कृष्ट काव्यहरू लेख्न सकिने अनुमान गर्न सकिन्छ ।यसका अतिरिक्त स्थानीय र राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरूमा उनका थुप्रै फुटकर कविताहरू प्रकाशित छन् जसको विवरण पछाडि राखिएको छ । यसरी नेपाली साहित्यको प्रगतिवादी धाराको कित्तामा रही फुटकर कविता र पुस्तकाकार कृतिहरू सृजना गरी नेपाली काव्यफाँटलाई हराभरा र समृद्ध पार्नमा हरिहर सविताको कवि/काव्यकार व्यक्तित्वले धेरै उल्लेखनीय योगदान पुऱ्याएको प्रमाणित हुन्छ ।

### ३.३.१.३ व्यङ्ग्यकार व्यक्तित्व

हरिहर सविताको साहित्यिक व्यक्तित्व बहुआयामिक रहेको छ । कथा लेखन र काव्यलेखनमा आफ्नो छवि बनाइसकेका हरिहर सविताको अर्को व्यक्तित्व व्यङ्ग्यकार व्यक्तित्व हो । समसामयिक युगजीवनका विषय परिस्थितिहरूमाथि व्यङ्ग्यको झटारो हान्दै लेखिएका उनका हास्यव्यङ्ग्य सम्बन्धी थुप्रै लेख/रचनाहरू विभिन्न स्थानीय र राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित भैसकेका छन् । देशको राजनीतिक व्यवस्था, अर्थतन्त्र साथै समाजका विकृति र विसङ्गतिमाथि प्रहार गर्दै लेख रचना गर्न सिपालु हरिहर सविताले आफूलाई एक सफल व्यङ्ग्यकारको रूपमा चिनाउने प्रयास गरेका छन् ।

### ३.३.१.४ लेखकीय व्यक्तित्व

समसामयिक विषयवस्तुसँग सम्बन्धित रहेर राष्ट्रिय र स्थानीय स्तरका विभिन्न पत्रपत्रिकाहरूमा धारिला, चोटिला लेख सामग्रीहरू प्रकाशित गराएर आफूलाई एक कुशल लेखकको रूपमा चिनाउन सफल हरिहर सविता लेखक पनि हुन् । कुनै पनि विषयमा गम्भीर रहेर लेखनकार्य गर्न सक्ने हरिहर सविताले व्यङ्ग्यका साथै, चिन्तन, विचार, दर्शन, यात्रा संस्मरण, पुस्तक समीक्षाका साथै समसामयिक विषयवस्तुमाथि ध्यान केन्द्रित गर्दै धेरै लेख/रचनाहरू प्रकाशित गराएका छन् । स्थानीय स्तरका **पारदर्शी, चितवनपोष्ट** लगायत राष्ट्रियस्तरका **कान्तिपुर, राजधानी, गोरखापत्र, महिमा, अन्नपूर्ण पोष्ट, जनादेश**जस्ता पत्रपत्रिकाहरूमा थुप्रै लेख रचनाहरू प्रकाशित गराएका हरिहर सविताको लेखकीय मूल्याङ्कनतर्फ जुट्नुपर्ने बेला आएको छ । हरिहर सविताका ती लेखहरूले

समाज, राष्ट्र पार गरी अन्तर्राष्ट्रिय जगत्मा समेत विद्यमान विकृति-विसङ्गतिहरू उपर शब्दवाण प्रहार गरी समाधानको लागि प्रेरित हुनुपर्ने सन्देश प्रवाह गरिरहेका छन् ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

कुनै एउटै व्यक्तिभित्र पनि धेरै प्रकारका अभिरुचि, क्षमता, प्रतिभा, सीप र कौशल रहेका हुन्छन्, जसका कारण समाजका अनेक कार्यक्षेत्रमा उसले आफूलाई संलग्न गराउन सक्दछ । यसै परिप्रेक्ष्यमा हरिहर सविताको व्यक्तित्व पनि बहुआयामिक देखिन्छ । साहित्यिक व्यक्तित्वका अतिरिक्त साहित्येतर व्यक्तित्व पनि उनमा पाइन्छ । यहाँ उनको साहित्येतर व्यक्तित्वका बारेमा प्रकाश पार्ने जमर्को गरिएको छ ।

हरिहर सविता मिलनसार, सरल, सधै साहित्य सिर्जनामा रमाउने भावुक एकाग्र मनोदृष्टिका साथै इमान्दार व्यक्तित्वका धनी, सामान्य आर्थिक परिस्थिति, सामान्य सरल जीवनपद्धति, व्यक्तिगत जीवनका बारेमा खासै महत्त्वाकाङ्क्षा नराख्ने साधारण व्यक्तित्व हुन् ।[116] सबैलाई समानताका आँखाले हेर्ने हरिहर सविता साहित्यमा जति सक्रिय छन् साहित्येतर फाँटमा पनि त्यति नै सक्रिय रहनुका साथै मिलनसार, सहयोगी, संवेदनशील व्यक्तिका रूपमा रहेका छन् ।[117] समयमै काम गर्नुपर्छ भन्ने हरिहर सविता समयको महत्त्व बुझ्ने कुशल प्रशासक हुन् ।[118] साहित्यिक फाँटमा आफ्नो छुट्टै स्थान निर्माण गरेका हरिहर सविता सामाजिक क्षेत्रमा पनि निकै अग्रसर व्यक्तिका रूपमा रहेका छन् ।[119] राष्ट्रसेवी, राजनैतिक, समाजसेवी, कर्मचारी, गृहस्थी, प्रशासनिक, चिन्तनशील आदि साहित्येतर व्यक्तित्व पनि हरिहर सवितामा अन्तर्निहित रहेको देखिन्छ ।[120] यसरी युगजीवनलाई राम्रोसँग बुझेका उच्च विचारका धनी व्यक्तित्वका रूपमा हरिहर सवितालाई लिन सकिन्छ ।

#### ३.३.२.१ सामाजिक व्यक्तित्व

समाजमा आफ्नो यश वा कीर्ति राखेर सदा जीवित रहन चाहने हरिहर सविता सामाजिक विचारले ओतप्रोत भएका व्यक्ति हुन् ।[121] विद्यार्थी अवस्थादेखि नै विभिन्न सङ्घ-संस्थाहरूसँग आबद्ध भई कार्य गर्दै आएका हरिहर सविताको सामाजिक व्यक्तित्वलाई झल्काउन उनले सामाजिक

---

[116] होमनाथ सापकोटाबाट प्राप्त जानकारी ।
[117] दीननाथ पण्डितबाट प्राप्त जानकारी ।
[118] रह शर्माबाट प्राप्त जानकारी ।
[119] विजयराज पण्डितबाट प्राप्त जानकारी ।
[120] रविकिरण अधिकारीबाट प्राप्त जानकारी ।
[121] शोधनायकबाट प्राप्त जानकारी ।

क्षेत्रमा गरेका कार्यहरूको उल्लेख गर्नुपर्ने देखिन्छ । जसको सिलसिलेवार वर्णन २.७.२ मा सामाजिक क्षेत्रमा भएका कार्यहरूमा उल्लेख गरिएको छ ।

समाजको विकास गर्न बढी हौसिने हरिहर सविताले कुनै पदीय जिम्मेवारी ग्रहण नगरीकन पनि सामाजिक क्षेत्रमा सेवा भावले दत्तचित्त भई कार्य गरेको पाइन्छ ।[122] सामाजिकताले ओतप्रोत भएका हरिहर सविताले विशेष गरेर चितवनको चम्पानगरस्थित वर्तमानको हिमालय मा.वि., तत्कालीन प्रस्तावित त्रिशक्ति मा.वि.को स्थापनाकालदेखि नै वर्तमानसम्ममा उल्लेखनीय सेवा पुऱ्याएबाट नै उनको सामाजिक व्यक्तित्वलाई मूल्याङ्कन गर्न सकिन्छ ।

### ३.३.२.२ शिक्षक व्यक्तित्व

जीवनयापनका क्रममा अनेक पेसा अँगाल्दै जाँदा हरिहर सविताले धेरै वर्षसम्म शिक्षा क्षेत्रमा समर्पित भएर ज्ञानगुनका कुराहरू वितरण गरेका छन् ।[123] उनले शिक्षक भएर कार्य सम्पन्न गरेका विभिन्न विद्यालयहरूको नामावली यस प्रकार रहेको छ :-

- चितवन गीतानगर स्थित श्री अरुणोदय मा.वि. गीतानगरमा वि.सं २०२७ सालमा चार महिना स्वास्थ्य विषयको शिक्षक भएर कार्य गरेका थिए ।
- वि.सं २०३३ सालमा गुल्मी जिल्लाको वीरबास भन्ने ठाउँको रुङ्खादह नि.मा.वि. मा छ महिनासम्म अङ्ग्रेजी विषयको शिक्षक भएर कार्य गरेका थिए ।
- वि.सं. २०३४ सालमा हिमचक्र मा.वि. हुम्लामा गणित विषयको शिक्षक भएर एक वर्षसम्म कार्य गरेका थिए ।
- वि.सं. २०३५-२०३६ सालमा हुम्ला जिल्लाको रलिङ नमुना नि.मा.वि.मा प्रधानाध्यापक भएर डेढ वर्ष कार्य गरेका थिए ।
- वि.सं. २०३६-२०३७ सालमा हुम्ला जिल्ला हिमालय नि.मा.वि. दार्मा भन्ने ठाउँमा गणित विषयको शिक्षक भएर एक वर्ष कार्य गरेका थिए ।
- वि.सं. २०३७ सालदेखि २०४३ सालसम्म चितवनको गीतानगर स्थित उज्ज्वल नि.मा.वि. उजेलीनगरमा छ वर्षसम्म अङ्ग्रेजी विषयको शिक्षक भई कार्य सम्पन्न गरेका थिए ।

यसरी आफ्नो जीवनको करिब डेढ दशक शिक्षा क्षेत्रमा अर्पण गरेका हरिहर सविताको शिक्षक व्यक्तित्वले उनी एक कुशल शिक्षक हुन् भन्ने थाहा हुन्छ ।

### ३.३.२.३ प्रशासनिक व्यक्तित्व

[122] शोधनायकबाट प्राप्त जानकारी ।
[123] ऐजन ।

विं.सं. २०३० बाट प्रशासन फाँटमा सेवारत हरिहर सविता प्रारम्भिक समयमा ६ महिना रामपुर क्याम्पसमा लेखापाल भएर काम गरे तापनि वि.सं. २०४३ सालसम्म विभिन्न ठाउँमा अध्यापन गरेका उनले वि.सं. २०४३ सालपछि पुनः प्रशासन फाँटमा आफ्नो कार्यलाई निरन्तरता दिन्छन्, जसको कालक्रमिक विवरण यसप्रकार छ :-

– वि.सं. २०३३ सालमा रामपुर क्याम्पसमा छ महिनासम्म लेखापाल भएर कार्य सम्पन्न गरेका थिए ।
– वि.सं. २०४३ सालमा पुन: रामपुर क्याम्पसमा लेखापाल भई काम गर्दा वि.सं. २०४७ सालसम्म अस्थायी र त्यसपछि त्रि.वि. सेवा आयोगको परीक्षा उत्तीर्ण भएपछि स्थायीरूपमा कार्य गरेका थिए ।
– वि.सं. २०५० सालमा लमजुङ जिल्लाको सुन्दर बजारस्थित लमजुङ कृषि क्याम्पसमा निमित्त लेखा अधिकृत भई कार्य गरेका थिए ।
– वि.सं. २०५६ सालमा लमजुङ कृषि क्याम्पसमा नै का.मु.लेखा अधिकृतको रूपमा कार्य गरेका थिए ।
– वि.सं. २०६० सालमा करिब छ महिनासम्म रामपुर कृषि क्याम्पसमा लेखा अधिकृत भई कार्य गरेका थिए ।
– वि.सं. २०६० सालमा सुर्खेत क्याम्पस, शिक्षा सङ्काय सुर्खेतमा का.मु. लेखा अधिकृत भएर वि.सं. २०६५ सालसम्म कार्यरत रहेको पाइन्छ ।
– वि.सं. २०६५ साल मङ्सिरबाट विज्ञान डिन कार्यालय कीर्तिपुरमा २०६५ जेठ २६ गतेसम्म कार्यरत रहेको पाइन्छ ।
– वि.सं. २०६६ सालमा त्रि.वि. सेवा आयोगबाट लेखा अधिकृत भएपछि सुरुमा आफू दरबन्दी भएको क्याम्पस रामपुरमा जेठ २६ गतेबाट कार्य सुरु गरी २०६६ साउन मसान्तसम्म कार्य गरेको पाइन्छ ।
– वि.सं. २०६६ भाद्र १ देखि वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवनमा काजमा लेखा अधिकृतको रूपमा रहेर हालसम्म कार्यरत भएको पाइन्छ ।

यसरी आफ्नो जीवनको करिब साढे दुई दशक प्रशासन फाँटमा लेखापाल भई उनले आफ्नो पदीय उत्तरदायित्व पूरा गरेका छन् ।

### ३.३.२.४ राजनीतिक व्यक्तित्व

विद्यार्थी अवस्थादेखि नै विद्रोही स्वभावका हरिहर सविता कम्युनिष्ट विचारधारबाट प्रभावित देखिन्छन् । वि.सं. २०२६ सालमा एस.एल.सी. परीक्षाबाट निष्काशित भएपछि उनी कम्युनिष्ट पार्टीको पूर्णकालीन कार्यकर्ता बनेका थिए ।[124] कहिले पदमा रहेर तथा कहिले कुनै पदमा नरही नि:स्वार्थ भावले देश र जनताको सेवामा जुटेका हरिहर सविताले कुनै राजनीतिक अस्थिरताको

[124] शोधनायकबाट प्राप्त जानकारी ।

मारमा नपरी एउटै पार्टीप्रति जिम्मेवारी र वफादारी वहन गरेर कार्य गरेका छन् ।[125] आफूभित्र राजनीतिक बीजारोपण भएबाट हालसम्म गरेका राजनीतिक कार्यहरूलाई क्रमिक रूपले यसरी देखाउन सकिन्छ :-

- वि.सं. २०२२ मा विद्यालयस्तरबाट वनभात खान जाने बेलामा मोहनविक्रम सिंह र खम्बासिंह काजीको सक्रियतामा **'हाम्रो मसाल मुखपत्र'** मा सम्मिलित भई औपचारिक रूपमा राजनीतिक जीवन सुरु गरेका थिए ।
- वि.सं. २०२६ सालमा एस.एल.सी. परीक्षामा निष्काशित भएपछि यिनी नेपाल कम्युनिष्ट पार्टीको पूर्णकालीन कार्यकर्ता भएर हिँडेका थिए ।
- वि.सं. २०२८ सालमा नेपाल कम्युनिष्ट पार्टीको निर्देशनमा पाखुरीचोक, चम्पानगरस्थित ठूलो खाडल पुर्ने ठेक्का लिएर कार्य गरेका थिए ।
- वि.सं. २०२८ सालमा कम्युनिष्ट पार्टीको सदस्यता ग्रहण गरेको पाइन्छ ।
- वि.सं. २०२८ सालमा गाउँ समिति पृथ्वीनगरको इन्चार्ज भएर आफ्नो पदीय जिम्मेवारी पूरा गरेको जानकारी पाइन्छ ।
- वि.सं. २०२८ सालमा गीतानगर क्षेत्रको इलाका प्रमुख भएर कार्य गरेको जानकारी प्राप्त हुन्छ ।
- वि.सं. २०३०-२०३२ सालमा वीरेन्द्र बहुमुखी क्याम्पसमा कुनै पदीय जिम्मेवारी विना कार्य गरेको जानकारी प्राप्त हुन्छ ।
- वि.सं. २०३३ सालमा विद्यार्थीको चौधौँ सम्मेलनमा भारतमा चितवन जिल्लाको विद्यार्थी प्रतिनिधि भएर कार्यक्रममा भाग लिएको जानकारी प्राप्त हुन्छ ।
- वि.सं २०३४-२०३७ सालसम्म हुम्लामा आन्तरिक रूपमा राजनीतिक प्रशिक्षक भई कार्य गरेको पाइन्छ ।
- वि.सं. २०३७ सालमा चितवन पुनरागमन भएपछि पार्टीगत रूपमा साधारण पार्टी सदस्यको रूपमा रहेर कार्य गरेको जानकारी प्राप्त हुन्छ ।
- वि.सं. २०३७ सालमा लमजुङमा रातिको समयमा बिचौर भन्ने ठाउँमा राजनीतिक प्रशिक्षकको रूपमा सक्रिय भई कार्य गरेको पाइन्छ ।
- वि.सं. २०३८ सालमा एकबहादुर विश्वकर्मा सहितको साङ्गीतिक टोलीको नेतृत्वमा कम्युनिष्ट पार्टीको गीतहरू प्रस्तुत गर्ने भूमिकामा रहेको पाइन्छ ।
- वि.सं. २०३९ सालमा पाखिन भन्ने सांस्कृतिक टोलीका प्रमुखको नेतृत्वमा विविध राजनीतिक चेतनामूलक कार्यक्रम प्रस्तुत गर्दै लमजुङ, तनहूँ र गोरखा जिल्लाका विभिन्न ठाउँमा पुगेको जानकारी प्राप्त हुन्छ ।
- वि.सं. २०३९ सालमा स्व.वि.यु. निर्वाचनमा निर्वाचन आयोगको सदस्य भई कार्य गरेको साथै राजनीतिक कार्यकर्ताको हैसियतले निर्वाचनको सुरक्षार्थ आएका प्रहरीको विरुद्धमा

---

[125] शोधनायकबाट प्राप्त जानकारी ।

विशेष गरेर एम्बुस पड्काउने कार्यमा संलग्न भई दोहोरो भूमिका निर्वाह गरेको जानकारी प्राप्त हुन आउँछ ।

- वि.सं. २०५० सालदेखि वर्तमानसम्म नेपाल कम्युनिष्ट पार्टी माओवादीको सदस्य रहेका थाहा हुन्छ ।
- वि.सं. २०५६-२०५७ सालमा लमजुङ जिल्लामा समाजका फटाहा, जाली, भ्रष्टहरूलाई भौतिक कारवाही गर्नमा संलग्न रहेर कार्य गरेको जानकारी प्राप्त हुन्छ ।
- वि.सं. २०५८-२०६० सालमा नेपाल कम्युनिष्ट पार्टी माओवादीको लमजुङ सुन्दर बजार एरियाको एरिया इन्चार्ज भई कार्य गरेको पाइन्छ ।
- वि.सं. २०५८ सालमा लमजुङ सुन्दरबजार क्षेत्रको नेपाल कम्युनिष्ट पार्टी माओवादीको कमाण्डर भई कार्य गरेका थिए ।
- वि.सं. २०६० सालमा सुर्खेत गएपछि जनसांस्कृतिक सुर्खेत जिल्लाको सल्लाहकार साथै बुद्धिजीवी संगठन सुर्खेतको सल्लाहकार भई पदीय जिम्मेवारी वहन गरेको जानकारी प्राप्त हुन आउँछ ।
- वर्तमान समयमा नेकपा माओवादीको साधारण सदस्यको रूपमा कार्यरत रहेको जानकारी प्राप्त हुन आउँछ ।

यसरी वि.सं. २०२२ सालबाट औपचारिक रूपमा राजनीतिमा प्रवेश गरेका हरिहर सविताले जतिसुकै कठिन परिस्थितिको शिकार हुँदा पनि आफ्नो सिद्धान्तबाट विचलित नभै राजनीतिमा आफ्नो जिम्मेवारी वहन गरेका छन् ।

#### ३.३.२.५ सम्पादक व्यक्तित्व

हरिहर सविताले शैक्षिक, सामाजिक, प्रशासनिक, राजनीतिकका साथै सम्पादन क्षेत्रमा पनि कलम चलाएको पाइन्छ । यथार्थ र सत्यतथ्य एवम् सुरुचिपूर्ण सामग्री पस्किएर पाठकवर्गलाई दिनु एउटा कुशल सम्पादकको उत्तरदायित्व पनि हो । युगानुकूल सृजित विविध विधाका सामग्री पत्रपत्रिकामा समेटी प्रस्तुत गर्ने सचेतता असल सम्पादकमा हुनुपर्दछ यसकारण सम्पादन एउटा संवेदनशील, जिम्मेवारीपूर्ण कठिन र परिश्रमपूर्ण कार्य हो ।[126] हरिहर सविताले **नौलो राँको, भुङ्ग्रो** र **पृष्ठभूमि**जस्ता साहित्यिक पत्रिकाको सम्पादन कार्य निर्वाह गरी आफ्नो सम्पादक व्यक्तित्वलाई अगाडि बढाएको पाइन्छ ।[127] यसबाट उनी साहित्यिक पत्रकारितामा सक्रिय भई काम गरेको पुष्टि हुन्छ ।

## ३.४ निष्कर्ष

[126] मीनादेवी घिमिरे, पूर्ववत् पृष्ठ २६ ।
[127] शोधनायकबाट प्राप्त जानकारी ।

कुनै पनि व्यक्तिको वैयक्तिक विशेषता देखाउने वा कुनै व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित विशेषता वा व्यक्ति विशेषको निजीपन प्रकट गर्ने शब्दलाई व्यक्तित्व भनिन्छ । मान्छेका जीवनयापनका क्रममा आइपर्ने विविध किसिमका घटना, आरोह-अवरोह, विविध स्थिति, विविध क्षण, विविध किसिमका घात-प्रतिघात, चाप-प्रतिचाप, क्रिया-प्रतिक्रिया, मोड-प्रतिमोडजस्ता कुराहरूले हरेक व्यक्तिको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । हरेक व्यक्तिमा आन्तरिक र बाह्य गरी दुई प्रकारका व्यक्तित्व हुन्छन् र बाह्य व्यक्तित्व प्रारम्भिक आकर्षणको बिन्दु बनेर आउँदछ । बाह्य व्यक्तित्वको रूपमा हेर्दा सविता सन्ताउन्न वर्षको प्रौढावस्थाका सुहाउँदो उचाइ र स्वस्थकर वजन, चम्किला आँखा, चिन्तनशील मस्तिष्क साथै मृदुभाषी व्यक्तिका रूपमा देखिन्छन् । कुनै पनि व्यक्तिसँग प्रत्यक्ष कुराकानी गर्दा पहिला अरूका कुरा सुन्ने र पछि मात्र त्यस विषयमा स्पष्टरूपले आफ्ना कुरा राख्ने, अन्याय-अत्याचार नसहने हरिहर सविता झट्ट बाहिरबाट हेर्दा विद्रोही र अराजक स्वभावका लागे पनि प्रत्यक्ष साक्षात्कार गरी कुराकानी गर्दा उनी असाध्यै सहृदयी, कोमल र संवेदनशील व्यक्तित्वका रूपमा प्रकट हुन्छन् ।

साहित्यकार हरिहर सविताको समग्र साहित्यिक प्राप्ति र उपलब्धिहरूलाई केलाउँदा **कालरात्रि** कथासङ्ग्रह (२०४७), **मणि** शोककाव्य (२०४८), **जानुका** शोककाव्य (२०४८), **प्रचण्डलाई पत्र** काव्य (२०६४) र **पुष्प-पत्र** महाकाव्य (२०६५) गरेर जम्मा पाँचवटा पुस्तकाकार कृतिहरू प्रकाशित रहेका छन्, साथै सहिद आजाद कथासङ्ग्रह, हेम महाकाव्य, आत्म शोककाव्य, मेरी इया शोककाव्य विविध कारणवश प्रकाशनमा आउन सकेका छैनन् ।

साहित्यकार हरिहर सविताका प्रवृत्तिगत स्वभावको प्रभाव उनका रचनाहरूमा छताछुल्ल भएर पोखिएको पाइन्छ । उनी आन्तरिक रूपमा जे-जस्ता छन्, त्यसको प्रतिलिपि उनको साहित्यमै सर्लक्कै उत्रेको पाइन्छ । अन्धविश्वास, विकृति, विसङ्गति, रूढिवाद, कुरीति, दमन, शोषण भ्रष्टाचारको तीव्र विरोध गर्दै समानता, स्वतन्त्रता, भातृत्व, राष्ट्रियता र मानवताको पक्षमा बुलन्द आवाज घन्काउने हरिहर सविताका साहित्यिक खुराकहरू सबै खाले पाठकका लागि उपयुक्त हुने खालका छन् । आफ्ना जीवनका अनुभव, भावना र विचारहरूलाई साहित्य र साहित्येतर दुवै क्षेत्रबाट प्रस्तुतीकरण गरी योगदान दिने हरिहर सविताको आन्तरिक एवम् बाह्य व्यक्तित्व प्रशंसनीय रहेको देखिन्छ ।

# परिच्छेद : चार

# साहित्यकार हरिहर सविताका कृतिहरूको अध्ययन

## ४.१ पृष्ठभूमि

'सहित' शब्दमा य (ष्यत्/यत्) प्रत्यय लागेर साहित्य शब्दको निर्माण हुन्छ ।[128] साहित्य मानवमनको अन्तस्करणबाट अभिव्यञ्जित हुन्छ । साहित्य भाषाको हार्दिक अभिव्यक्ति हो । साहित्य मानवजीवनको कल्याण गर्ने रसिलो, हितकारी पोषिलो हुनुपर्दछ । शब्द र अर्थको सामञ्जस्यबाट प्राप्त हुने हार्दिक सन्तुष्टि नै साहित्य हो ।[129] साहित्यमा जीवन भोगाइलाई यथार्थ तरिकाले प्रस्फुटन गरिएको हुन्छ ।

साहित्य सृजना गर्ने व्यक्ति 'कवि' हो । ऋग्वेदमा 'कवि' शब्दलाई जगत्स्रष्टा ब्रह्मा वा ईश्वरकै पर्यायका रूपमा लिने गरिन्छ । वेदार्थका वर्णनकर्ता परमात्मा नै कवि हुन् भन्ने कुरा वेदमा पाइन्छ, जस्तै- 'कविर्मनीषी परिभूःस्वयम्भूः ।'[130] **श्रीमद्भागवत**मा ब्रह्मालाई आदिकवि मानिएको छ, जस्तैः 'तेने ब्रह्म हृदा य आदिकवये मुहयन्ति यत्सूरयः।'[131] त्यस्तै **पुराण** तथा **महाभारत**का रचयिता व्यास र शुक्रनीतिका रचनाकार शुक्राचार्यलाई पनि कवि शब्दले 'उशना भार्गवःकवि' भनेर पुकारेको भेटिन्छ ।[132] यसरी सबै जान्ने साहित्यका कुरालाई विवेकपूर्ण तरिकाले वर्णन गर्न सक्ने व्यक्तिका रूपमा कवि शब्दलाई लिने गरिन्छ । जगत्को हित गर्ने कल्याणकारी तत्त्व नै कुशल कविद्वारा सृजित गुणकारी परिकार हो । प्रतिभा, लोकव्यवहार, शास्त्रको ज्ञान काव्यको अनुशीलनबाट प्राप्त निपुणता, काव्यको साहचर्यबाट उत्पन्न शिक्षा र तदनुसार गरिएको अभ्यासजस्ता कुरा कविता उत्पन्न हुनुमा प्रमुख हेतु हुन् ।[133]

पूर्वीय काव्यलक्षणको पहिलो स्रोत **अग्निपुराण** हो । **अग्निपुराण**देखि जगन्नाथसम्मका काव्य मनीषीहरूले साहित्यलाई चिनाउने यथोचित प्रयास गरेका छन् । यसरी साहित्यमा अभीष्टभावलाई सङ्क्षेपमा प्रस्तुत गर्नु शब्दार्थको सहभाव भई इष्टार्थयुक्त सुललित वाक्य हुनु, रमणीयार्थ प्रतिपादक शब्द, लक्षणा, व्यञ्जना, रीति, रसात्मक, दोषरहित, गुणसहित शब्दावली हुनुपर्नेजस्ता केही काव्यमान्यताहरू पूर्वीय साहित्यमा काव्यको परिचयको क्रममा आवश्यक मानिन्छन् ।

---

[128] विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र,** (काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०५७), पृ. २५ ।

[129] शिवहरि कोइराला, **कवि रह शर्माको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि.नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६५) पृ. ९ ।

[130] घटराज भट्टराई र अन्य, (सम्पा.), **प्राचीन नेपाली पद्य,** तेस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५९), पृष्ठ क ।

[131] ऐजन ।

[132] ऐजन ।

[133] शिवहरि कोइराला, पूर्ववत् ।

कुनै पनि कुरालाई प्रस्तुत गर्दा कुनै माध्यमको आवश्यकताबोध हुने गर्दछ । यसैगरी भाषाको माध्यमबाट प्रकृतिको अनुकरण गर्दै कवि स्वयम् अनुकर्ताको रूपमा उपस्थित भई हृदय र मानवीय चेतना मस्तिष्कलाई प्रेरित गर्दै काव्यिक ऊर्जा दिई जीवनका दु:खद पक्षलाई उज्यालो रश्मिद्वारा उजिल्याएर मानवीय अनुभूतिलाई व्यक्त गर्नुपर्छ भन्नेजस्ता काव्यिक मान्यताले पश्चिमी साहित्यमा प्राथमिकता पाएको देखिन्छ ।

पूर्वीय साहित्य र पाश्चात्य साहित्यमा काव्यसम्बन्धी जे-जस्ता विचारहरू व्यक्त गरिए तापनि साहित्य सौन्दर्यले सुशोभित भई लोकोपकार गर्ने खालको हुनुपर्दछ । त्यसमा शब्दार्थको तरलानुभूति छ्वाल्लव्याल्लरूपमा छचल्किएको हुनुपर्दछ । साहित्य सङ्गीतात्मकता, कल्पनात्मकता र प्रभावकारिताले टम्म बाँधिएको हुनुपर्दछ ।[134] साहित्यले गहन, सूक्ष्म र मनोरम भावानुभूति पाठकसमक्ष सम्प्रेषण गरी मानवीय आन्तरिक र बाह्य चेतनालाई रमणीय भाव प्रदान गर्दै भावनालाई आह्लादित तुल्याउने हुनुपर्दछ ।[135] आन्तरिक मनका यावत् अनुभूतिलाई कुशल तरिकाले प्रस्फुटित गर्न सक्ने विशेष गुण साहित्यमा अति आवश्यकीय पक्ष पनि ठहर्छ । साहित्यको सृजन प्रक्रियामा रमाउँदै नयाँ-नयाँ साहित्यिक कृतिहरू सृजना गरी साहित्यिक संसारमा रमाउनु एक आनन्दानुभूति पनि हो तर मुख्यत: काव्य सृजना भनेको कुनै व्यक्तिको र स्रष्टाको व्यक्तिगत, निजी सुखानुभूतिभन्दा पनि साहित्य मनोरञ्जनको सीमित घेराबाट मुक्त हुँदै शिक्षाप्रद र उपयोगी समेत हुनुपर्दछ । पूर्वीय साहित्यमा काव्यप्रयोजनसम्बन्धी चर्चा सर्वप्रथम भरतमुनिको **नाट्यशास्त्र**बाट भएको पाइन्छ । भरतमुनिले नाटकलाई काव्यकै रूपमा लिई यसले धर्म, यश, आयु र कल्याण दिनेछ, बुद्धि विकास गर्नेछ र लोकलाई उपदेश प्रदान गर्नेछ भनी चर्चा गरेका छन् ।[136] भामहले काव्यबाट धर्म, अर्थ, काम, मोक्ष एवम् कलामा निपुणता, कीर्ति, प्रीति वा आनन्द प्राप्त हुन्छ भनेका छन् ।[137] कुन्तकले पुरुषार्थ चतुष्टयको प्राप्तिको साथै चित्तलाई चमत्कृति पार्ने आन्तरिक आनन्दविशेषको उपलब्धि काव्यबाट हुन्छ भनेका छन् ।[138] त्यस्तै विश्वनाथले भामहको विचारलाई आत्मसात् गर्दै अल्पज्ञलाई पनि काव्यबाट सजिलैसँग पुरुषार्थ- चतुष्टय धर्म, अर्थ, काम, मोक्षको प्राप्ति हुन्छ भन्ने घोषित गरेका छन् ।[139] पूर्वमा काव्यसम्बन्धी सबैभन्दा स्पष्ट दृष्टिकोण मम्मटको रहेको देखिन्छ । मम्मटले काव्यबाट यश, धन र व्यवहार-ज्ञानप्राप्त, अमङ्गल निवारण, तत्काल परमानन्द प्राप्ति कामिनीको मधुर वचनझैँ उपदेश लाभ हुन्छ भनेका छन् ।[140] पूर्वीय साहित्यमा

[134] शिवहरि कोइराला, पूर्ववत्, पृष्ठ १० ।
[135] ऐजन ।
[136] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** छैठौँ संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५९), पृष्ठ २४ ।
[137] ऐजन ।
[138] ऐजन, पृष्ठ २५ ।
[139] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृष्ठ २५ ।
[140] ऐजन, पृष्ठ २४ ।

विभिन्न काव्यचिन्तकहरूले दिएका परिभाषाहरू हेर्दा काव्यमा यश, आयु, धर्म, अर्थ-काम, मोक्ष, उपदेश, कलामा पूर्णता, लोककल्याणकारी गुणसहित, दोषरहित, हार्दिक चमत्कार, भावमा परिष्कारजस्ता काव्यिक गुणहरू हुनुपर्ने देखिन्छ ।

पूर्वीय साहित्यमा जस्तै पाश्चात्य साहित्यमा पनि विभिन्न काव्यचिन्तकहरूले काव्यप्रयोजन सम्बन्धमा आफ्ना धारणाहरू व्यक्त गरेका छन् । पाश्चात्य परम्परामा प्राचीन ग्रीसकै अरिस्टोटलको समयसम्ममा 'काव्य' वा साहित्य र भाषणकला भाषिक वा शाब्दिक कलाका रूपमा पनि लिइएको छ ।[141] अरिस्टोटलले आनन्द र शिक्षालाई काव्यप्रयोजन मानेका छन् त होरेसले शिक्षा वा आनन्द दुवै प्रदान गर्ने काम काव्यप्रयोजनमा हुनुपर्ने धारणा राखेका छन् भने सेमुअल जान्सनले पनि आनन्द र शिक्षामा नै जोड दिएका छन् ।[142]

पूर्वीय र पाश्चात्य हुँदै नेपाली साहित्यमा पनि विभिन्न साहित्यिक व्यक्तित्वहरूले काव्यप्रयोजनसम्बन्धी आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । बालकृष्ण समका विचारमा हृदयलाई कोमल बनाउनु काव्यको प्रयोजन हो ।[143] लक्ष्मीप्रसाद देवकोटाले आनन्द, सौन्दर्यबोध र हृदयशिक्षण काव्यकलाको प्रयोजन हो भनेका छन् ।[144] सङ्क्षेपमा भन्नुपर्दा शिक्षा, सुखानुभूति, आनन्दानुभूति, प्राकृतिकता, नैतिकता, काल्पनिक सौन्दर्यको उद्‌घाटनलाई काव्यप्रयोजन मान्ने गरिन्छ । वाक्कलाको विकास, सुख-दुःख, हाँसो-शोक, डर-त्रास, उन्माद-हर्षजस्ता मानवीय संवेदनाहरूलाई साधरणीकरण गर्दै काव्यप्रयोजनमा मानवमनलाई सौन्दर्यात्मक र आनन्दात्मक क्षणसम्म पुऱ्याउन सक्ने क्षमता अन्तर्निहित हुनुपर्दछ । स्पष्टरूपमा भन्दा साहित्यमा कुनै पक्ष, क्षेत्र, जाति, सीमा र कुनै काल विशेषको सीमित घेराभित्र साहित्य रहिरहन सक्दैन यद्यपि साहित्यले जहिले पनि नयाँ-नयाँ विचारहरू बोकेर नयाँ शैलीमा प्रस्तुत हुने चेष्टा गरिरहेको हुन्छ । साहित्य सार्वभौमिक, सार्वकालिक र सार्वजनीन हुन्छ । यस्तै साहित्यका मूलभूत मान्यताका परिधिमा रहेर पूर्वीय, पाश्चात्य तथा नेपाली साहित्यका साहित्य समीक्षकहरूले दह्रोरूपमा काव्यप्रयोजन सम्बन्धमा आ-आफ्ना विचारहरू व्यक्त गरेका छन् । साहित्यिक मूल्य, मान्यता र धार्मिकताको सापेक्षतामा कोरिएको साहित्यिक रचनाको दिव्यगुण कहिल्यै मरेर जाँदैन बरु प्रस्तुतिका नवीन शिल्पलाई अँगालेर नयाँ तरिकाले साहित्य प्रस्तुत हुन्छ त्यसैले शाश्वत साहित्य सधैँ नयाँ हुन्छ । समयको परिवर्तन सँगसँगै साहित्यिक मूल्य र मान्यतामा केही फेरबदल भएपनि तत्कालीन समयमा लेखिएको कृति तात्कालिक समयकै कसीमा राखेर हेर्दा त्यस्तो साहित्यिक रचना सधैं गुणकारी र मूल्यवान् कृति मानिन्छ । मानवमनमा स्वच्छ, कञ्चन, निर्मल अनुरागको माध्यमबाट सृजनाको नयाँ-नयाँ सुवास छरेर मानव मन

---

[141] वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), **नेपाली कविता भाग-४**, चौथो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६०), पृष्ठ ३ ।
[142] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृष्ठ २७ ।
[143] ऐजन, पृष्ठ २८ ।
[144] ऐजन, पृष्ठ २६ ।

मस्तिष्कलाई आह्लादित बनाउने काम साहित्यले गर्दछ । साहित्यका मूल्य र मान्यताले परिपूर्ण साहित्यिक रचना स्रष्टाको सांसारिक इहलीला समाप्त भएपनि उसको कृति युगौंयुगसम्म बाँचिरहन्छ । युगानुकूल जीवनपरिवेशलाई सही तरिकाले चित्रण गरेर लेखिएका सृजनाका पुष्पहरू सामाजिक धरातलमा सही तरिकाले चित्रित रहन्छन् । सत्यम्, शिवम् र सुन्दरम्को अनुपम आलोकले आलोकित साहित्य नै सच्चा काव्यिक सम्पदा ठहरिन सक्दछ र जीवनजगत्को परिवेशको सापेक्षमा सदा जीवित रहन्छ ।[145] स्रष्टा बाँचेको युग परिवेशलाई यथार्थ तरिकाले चित्रण गरेर काव्यिक ढाँचामा ढालिएका रचनाहरूले युगौंयुगसम्म साहित्यिक मूल्य प्राप्त गरिरहन्छन् ।

साहित्यका विभिन्न मूल्यमान्यताका कसीमा रहेर पूर्वीय र पाश्चात्यका साथै नेपाली साहित्यका धेरै साहित्यसर्जकहरूले वाङ्मयका फाँटमा थुप्रै आफ्ना अमूल्य कृतिहरू अर्पण गरेर वाङ्मयलाई हराभरा बनाएका छन् । जुन-जुन साहित्यिक कृतिमा साहित्यका शाश्वत मूल्य- मान्यताको अक्षरशः पालना गरिएको छ, त्यस्ता कृतिको गुणात्मक मूल्य अधिक रहेको देखिन्छ । आफूभित्रको साहित्यिक प्रतिभालाई उजागर गर्दै साहित्यलेखनबाट आफ्नो छवि बनाउने उच्च मनोकाङ्क्षा पूरा गर्न तथा आफ्नो जीवनावधिमा कृतिका नामबाट परिचित रहन र मरणोप्रान्त पनि कृतिका नामबाट जीवित रहन धेरै नेपाली स्रष्टाहरू साहित्यिक फाँटमा सक्रिय रहेका छन् । वास्तवमा स्रष्टाले अनुभूत गरेका धारणा, विचार, भावानुभूति समाजसमक्ष सम्प्रेषण गर्ने सशक्त र प्रभावकारी माध्यम साहित्य हो ।[146] आफ्नो सेरोफेरोका यथार्थताहरूलाई टपक्क टिपेर काव्यिक भाषामा सिंगारेर प्रस्तुत गरिदिने तिनै आदरणीय व्यक्तित्वहरू नै साहित्य सर्जकहरू हुन् । आफ्ना अमूल्य कृतिहरू पाठकसमक्ष पस्किएर साहित्यिक क्षेत्रलाई विशेष योगदान दिने स्रष्टाहरूको लेखकीय योगदान र मूल्याङ्कनको उचित कदर गरी समाजसामु उनीहरूको साहित्यिक व्यक्तित्वलाई उज्यालो तरिकाले प्रकाश पार्नु परम कर्तव्यका साथै साहित्यकार र साहित्यिक कृतिप्रति सम्मान पनि हो । स्रष्टाको लेखकीय क्षमताको परिधिमा रहेर साहित्यकारको जीवनी, व्यक्तित्व र कृतित्वलाई समेटी उसको योगदानलाई निरूपण गर्नका लागि विस्तृत अध्ययन-अनुसन्धान र विश्लेषण शोधकार्यमा गरिन्छ ।

## ४.२ कृतित्व अध्ययनको पृष्ठभूमि

यस परिच्छेदअन्तर्गत खण्डकाव्यको सैद्धान्तिक परिचय, खण्डकाव्यको परिभाषा, खण्डकाव्यका तत्त्वहरूसहित समग्र काव्यहरूको अध्ययन गरिएको छ साथै कथाको सैद्धान्तिक परिचय, कथाको परिभाषा, कथाका तत्त्वहरूका आधारमा सम्पूर्ण कथाहरूको विश्लेषण गरिएको छ ।

## ४.३ खण्डकाव्यको सैद्धान्तिक परिचय

[145] शिवहरि कोइराला, पूर्ववत्, पृष्ठ ११ ।
[146] ऐजन, पृ. १२ ।

मानव अन्तस्करणबाट प्रस्फुटित हुने भावाभिव्यक्ति नै कविता हो । स्वभावत: यो अत्यन्त लयात्मक हुन्छ । बालकृष्ण समले बौद्धिक कोमलताका नामले कवितालाई पुकारेका छन् । कविता र लय एक अर्काका परिपूरक जस्तै रहेका हुन्छन्, तसर्थ यिनलाई एक अर्काबाट पृथक् बनाउन सकिँदैन । लयलाई कविताको प्रमुख तत्त्व मानिन्छ । कवितामा आख्यानको विस्तार हुँदै जाँदा कविताले आफ्नो स्वरूप परिवर्तन गरी आयाम विस्तार गर्ने क्रममा खण्डकाव्यको स्वरूप निर्माण हुन्छ । वासुदेव त्रिपाठीका अनुसार खण्डकाव्य कविता विधाको त्यस्तो मझौला आयामको उपविधागत भेद देखापर्छ, जसले कुनै आख्यानमार्फत वा आख्यान नअँगाली जीवनजगत्को एक खण्ड/भाग/अंशलाई बद्ध वा मुक्त लयमा भाषिक सङ्कलनका माध्यमबाट अन्वितिपूर्वक व्यक्त गर्दछ ।[147] आयामका दृष्टिले कविताको मझौला रूपलाई खण्डकाव्य भनिन्छ ।

### ४.३.१ खण्डकाव्यको परिभाषा

साहित्यलाई विधागत हिसाबले परिभाषित गर्ने क्रममा विभिन्न विद्वान्हरूले आ-आफ्ना तरिकाले परिभाषित गरेका छन् । कुनै पनि गतिशील वस्तुहरू समय र सीमाका कारणले परिवर्तनशील भैरहने हुँदा कुनै एक क्षेत्र वा सीमाभित्र बाँधेर राख्न सकिँदैन तर अध्ययनको सुविधाका लागि विद्वान्हरूले यस सम्बन्धी व्यक्त गरेका अवधारणाहरूलाई अघि सार्नु युक्ति सङ्गत हुन जान्छ । खण्डकाव्यको चर्चा गर्ने क्रममा पूर्वीय तथा पाश्चात्य साहित्यमा विभिन्न विद्वान्हरूले आफ्ना मतहरू राखेका छन् । खण्डकाव्यको परिभाषा दिने क्रममा पूर्वीय साहित्य क्षेत्रका कवि विश्वनाथले खण्डकाव्यसम्बन्धी आफ्नो मत दिएका छन् 'खण्डकाव्यं भवेत् काव्यस्यैकदेशानुसारी च' अर्थात् काव्यको एक देशसँग मिल्दो वा काव्य वा महाकाव्यको एक अंशको अनुसरण गरिएको अर्थात् जीवनको एक पक्षको घटनाको प्रस्तुति भएको काव्य नै खण्डकाव्य हो भन्ने मर्म बुझाएको छ ।[148] काव्यकै एक देश भन्नाले यहाँ काव्यले महाकाव्यलाई बुझाएको पाइन्छ । त्यसकारण महाकाव्यकै एक अंशको लक्षणले युक्त भएको पद्यबद्ध प्रबन्धात्मक कृति रचना नै खण्डकाव्य हो भन्ने स्पष्ट देखिन्छ ।[149] खण्डकाव्य महाकाव्यका भन्दा कम सर्गमा बाँधिएको र एउटा सन्धिको मात्र प्रयोग गरिएको प्रबन्ध रचना हो भन्ने बुझिन्छ । त्यस्तै गरेर पाश्चात्य साहित्यको कविता विधा अन्तर्गत चर्चाका क्रममा पूर्वीय जगत्माझैं ठीक मिल्ने गरी खण्डकाव्यसम्बन्धी सैद्धान्तिक चर्चा गरेको पाइँदैन । महाकाव्य, फुटकर कविताको विस्तृत चर्चा गरिएको भेटिए पनि यी दुईको बीचको अवस्थामा देखापर्ने खण्डकाव्यको चर्चा नपाइने हुँदा पाश्चात्य जगत्मा देखापर्ने लामो कविता नै लगभग खण्डकाव्यको नजिक देखापर्दछ । त्यसबाहेक पाश्चात्य साहित्यको प्राचीन गाथाहरूलाई

---

[147] बासुदेव त्रिपाठी र अन्य, (सम्पा.), पूर्ववत्, पृष्ठ २९२-२९३ ।
[148] कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृष्ठ २९८ ।
[149] कृष्णप्रसाद आचार्य, पूर्ववत् ।

अध्ययन गर्दा पूर्वीय जगत्मा भन्ने गरेको खण्डकाव्य नजिक-नजिक पुग्न सकिने स्थिति भने त्यहाँको वास्तविकता र यथार्थ हो । पाश्चात्य साहित्यका प्राचीन गाथाहरूमा कथा तत्त्वको आधिक्य, प्रबलता र कवित्वको दुर्बलता भेटिए पनि वास्तवमा तिनै गाथाहरू खण्डकाव्यको समकक्षी रहेको पाइन्छ ।

पाश्चात्य परम्परामा कविताको विकासका क्रममा लय, संरचना तथा भाव वा विषयवस्तुमा आधारित साना-ठूला, कविता-आकृतिका अनेक पारिभाषिक संज्ञा भेटिए पनि तात्त्विक रूपमा लघु वा छोटा कविता र दीर्घ वा लामा कविताका साथै दीर्घतर वा दीर्घतम् समाख्यानात्मक कविता कलात्मक महाकाव्य (इपिक अफ आर्ट) र विकासशील महाकाव्य (इपिक अफ ग्रोथ) समेत चार श्रेणी नै रहेको ठान्न सकिन्छ[150] भनी वासुदेव त्रिपाठीले उल्लेख गरेका छन् ।

पूर्वीय र पाश्चात्य साहित्यमा जस्तै नेपाली साहित्यमा पनि विभिन्न विद्वान्हरूले खण्डकाव्यसम्बन्धी आफ्ना मतहरू अघि सारेको पाइन्छ । कथानकबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूरा भएको सानो काव्य नै खण्डकाव्य हो भनी बालचन्द्र शर्मा बताउँछन् ।[151] त्यस्तै गोविन्द्रप्रसाद भट्टराईका अनुसार 'खण्डकाव्य काव्यको एउटा टुक्रा जस्तो कथानकलाई लिएर लेखिएको सर्ग आदि नभएको छोटकरी वर्णनात्मक काव्यलाई खण्डकाव्य भनिन्छ ।[152]

उपर्युक्त विद्वान्हरूका भनाइहरूको अनुशीलनबाट जीवन जगत्का विविध पक्षहरूमध्ये कुनै एक पक्षको शृङ्खलाबद्ध कवितात्मक भाषिक अभिव्यक्ति नै खण्डकाव्य हो भन्न सकिन्छ ।

### ४.३.२ खण्डकाव्यका तत्त्वहरू

कुनै पनि साहित्यिक विधाले पूर्णता पाउन धेरै तत्त्वहरूको आवश्यकता पर्दछ । विभिन्न विद्वान्हरूका विचारहरूलाई केलाएर हेर्दा खण्डकाव्यमा विभिन्न तत्त्वहरूको संयोजन रहेको हुन्छ । खण्डकाव्यका लागि आवश्यक तत्त्वहरू धेरै रहेका छन् ।

#### ४.३.२.१ कथानक

खण्डकाव्यभित्र विभिन्न पात्रहरूद्वारा गरिने क्रियाकलापलाई नै कथानक भनिन्छ । कथानकभित्र धेरै विषयवस्तुहरू रहेका हुन्छन् । कथानकले खण्डकाव्यभित्र घटनाको क्रमिकतालाई देखाउँछ । खण्डकाव्यको निम्ति कथानक अपरिहार्य तत्त्व हो ।

#### ४.३.२.२ लय/छन्द

[150] ऐजन, पृष्ठ ३०१ ।
[151] ऐजन ।
[152] गोविन्द्रप्रसाद भट्टाराई, पूर्ववत्, पृ. ३५० ।

काव्यको प्राणतत्त्वको रूपमा लयलाई लिन सकिन्छ । कवितालाई अन्य विधाबाट अलग्याउने विभेदक रेखा लय हो । कवितामा हुने विशिष्ट भाषिक विन्यासबाट लयको निर्माण हुन्छ । काव्यमा विभिन्न प्रकारका लयको मिश्रण रहेको हुन्छ । भाषिक प्रवाह, गति, यति, आघात आदिको परस्पर क्रमिक मेलबाट लयको उत्पत्ति हुन्छ भने वर्ण, अक्षर, गण, यति, पाउको मेलबाट छन्दको निर्माण हुन्छ ।

### ४.३.२.३ परिवेश

काव्यमा भएको कथातत्त्वलाई कलात्मक र प्रभावात्मक बनाउनका लागि वातावरणको महत्त्वपूर्ण र प्रमुख भूमिका रहेको हुन्छ । खण्डकाव्यमा घटित हुने वातावरणको आन्तरिक पात्रहरूको मानसिक स्थिति हुन्छ भने वातावरणको बाह्य पक्षमा काव्यको भौतिक प्रस्तुतिका लागि परिवेशले महत्त्वपूर्ण भूमिका खेल्दछ । परिवेशलाई अर्को शब्दमा देश-काल, वातावरण पनि भन्ने गरिन्छ । काव्यको आवश्यकता र स्वभाविकतालाई उजागर गर्न परिवेशको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

### ४.३.२.४ पात्रविधान

खण्डकाव्यको कथावस्तुलाई गतिशीलता प्रदान गर्न पात्र वा चरित्रको आवश्यकता पर्दछ । पात्रले आफ्ना क्रियाव्यापारद्वारा कथावस्तुलाई अग्रगति प्रदान गर्दछन् । काव्यमा सज्जन वा दुर्जन दुवै पात्रको प्रयोग हुनुपर्दछ साथै नायक भने त्यागी, पुरुषार्थ, यौवन, उत्साह आदिले भरिएको धीरोदात्त हुनुपर्दछ । पात्रले नै कथानकलाई गति प्रदान गर्ने हुँदा यो अपरिहार्य तत्त्वको रूपमा रहेको छ ।

### ४.३.२.५ उद्देश्य

खण्डकाव्यमा प्रस्तुत गर्न खोजिएको केन्द्रीय कथ्यलाई नै उद्देश्य भनिन्छ । खण्डकाव्यभित्र अन्तर्निहित रहने सारभूत कुरा यसैबाट हेरिने हुँदा यो तत्त्व निकै महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको छ ।

### ४.३.२.६ भाव

कुनै पनि साहित्यिक रचनामा स्रष्टाले अनेकौँ भावहरू पोखेका हुन्छन् । स्रष्टाभित्र अन्तर्निहित भावलाई साहित्यका माध्यमबाट पाठक समक्ष प्रस्तुत गरिन्छ । मानवीय जीवनजगत्का यावत् विषयवस्तुलाई मानवीय चेतनाभित्र अनुभूतिको रागात्मक, लयात्मक र कलात्मक निष्कर्षका रूपमा भाव प्रदान गर्नु नै काव्यको भावविधान ठहर्दछ ।

### ४.३.२.७ कथनपद्धति

कृतिको समग्र भाव कथनपद्धतिमा आधारित हुन्छ यसलाई दृष्टिविन्दु पनि भनिन्छ । कथनपद्धति दुई प्रकारका हुन्छन् । प्रथम पुरुषअन्तर्गत म, हामी र तृतीय पुरुषअन्तर्गत ऊ, त्यो, तिनी, तिनीहरू आदि पर्दछन् ।

### ४.३.२.८ भाषाशैली र संरचना

साहित्यका जुनसुकै विधाका लागि पनि भाषाशैली अत्यावश्यकीय तत्त्व हो । साहित्यको भाषा सरल, सहज र बोधगम्य हुनुपर्दछ । साहित्यको भाषाशैली सर्जकमा भर पर्दछ । कुनै सर्जकको भाषाशैली अत्यधिक राम्रो हुन्छ भने कसैको नहुन पनि सक्दछ । शैलीकै कारणबाट सर्जकको साहित्यिक मूल्याङ्कन हुने भएकाले साहित्यमा विभिन्न छन्द, रस, अलङ्कारले परिपूर्ण भएको खण्डकाव्यका लागि अपरिहार्य तत्त्व मानिएको छ ।

कुनै पनि काव्य निश्चित आयाममा बाँधिएको हुन्छ । खण्डकाव्यलाई आवश्यकतानुसार विभिन्न शीर्षक वा सर्गमा बाँडिन्छ, यसैलाई खण्डकाव्यको संरचना भनिन्छ । काव्यबाट पूरा रसानुभूति प्राप्त गर्न संरचनाले सजिलो बनाउँछ, त्यसैले संरचनालाई खण्डकाव्यको आवश्यक तत्त्वको रूपमा मान्न सकिन्छ ।

### ४.३.२.९ प्रतीक, बिम्ब, अलङ्कार, रस

काव्यलाई रोचक र स्पष्ट तुल्याउनको लागि प्रतीक, बिम्ब तथा अलङ्कारको आवश्यकता पर्दछ । अलङ्कारले काव्यको भाव गम्भीर बनाउनका साथै काव्यको शोभा बढाउँदछ । खण्डकाव्यभित्र कतिपय पात्रहरूलाई प्रतीकका रूपमा खडा गरेर भाव बुझाउने कोसिस गरिन्छ । यसरी प्रतीक, बिम्ब, रस, अलङ्कार आदि खण्डकाव्यका लागि अपरिहार्य तत्त्व मानिन्छन् ।

बिम्ब भनेको छाया, दर्पण, प्रतिबिम्ब र प्रतिच्छवि हो । सर्जकका मानसपटलमा रहेको मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो ।[153] बिम्बवादी कवि, आलोचक एवम् प्रतिष्ठापक एज्रा पाउण्डका अनुसार "छोटो समयमा कुनै बौद्धिकता र भावात्मकताको सम्मिश्रण नै बिम्ब हो । अथवा बिम्ब सर्जकका मानसपटलमा रहेको मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा हो ।[154]

बिम्ब र प्रतीक प्राय: उस्तैउस्तै लागे पनि यी दुई भिन्न तत्त्व हुन् अर्थात् बिम्ब र प्रतीक केही हदसम्म समान हुन् तापनि धेरै हदसम्म असमान पनि छन् । बिम्बको सबैभन्दा नजिकको शब्द नै प्रतीक हो । गौणता र प्रधानताका दृष्टिले हेर्ने हो भने बिम्ब मूलरूप भएको हुँदा प्रधान हो र

---

[153] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** (ललितपुर : साझा प्रकाशन, २०६०) पृ. १ ।
[154] लक्ष्मणप्रसाद गौतम, पूर्ववत्, पृ. १ ।

प्रतीक विकसित रूप भएको हुँदा गौण हो । अझ अर्को स्पष्टता के छ भने अर्थ प्रतिध्वनित गरेपछि प्रतीकको कार्य त्यहीँ पूरा हुन्छ र त्यसको प्रभाव पनि क्षणिक हुन्छ तर बिम्बमा अर्थ प्रतिध्वनित भइसकेपछि पनि धेरै समयसम्म त्यसको प्रभाव रहिरहन्छ ।

सुरुमा अलङ्कार सामान्य आभूषण वा काव्य सौन्दर्यको सामान्य साधन थियो भने पछि भामह, दण्डी, उद्भट, रुद्रट आदि अलङ्कारवादी आचार्यहरूले यसको अर्थ विकास गरी समग्र काव्य सौन्दर्यका रूपमा स्थापित र विकसित गरेका हुन् ।[155] रस ध्वनिवादी आचार्यहरूले अलङ्कारको अर्थ सङ्कोच गरेर रसलाई काव्यको अतिरिक्त सौन्दर्यका रूपमा चिनाएका छन् ।

सामान्यतया रस भन्नाले कुनै पदार्थमा रहने तरल गुण भन्ने बुझिन्छ । काव्यमा यसको प्रयोग आनन्दात्मक अनुभूतिका रूपमा गरिएको हुन्छ । साहित्यिक रसको वैदिक वाङ्मयमा सामान्य चर्चा पाइए पनि काव्यशास्त्रीय दृष्टिले त्यो त्यति उल्लेखनीय देखिन्न । ब्राह्मण ग्रन्थहरूमा रसलाई आत्मतत्त्वका रूपमा प्रस्तुत गर्ने काम पनि भएको छ । केही आचार्यहरूले रसलाई ब्रह्मास्वाद सहोदरका रूपमा चिनाउने कामसमेत गरेका छन् ।[156]

### ४.३.३ साहित्यकार हरिहर सविताका काव्यहरूको अध्ययन

नेपाली साहित्यको विविध विधामा आफ्नो कलम चलाएका हरिहर सविताले आफ्नो साहित्यिक यात्रामा विशेषत: काव्य लेखनमा योगदान पुऱ्याएका छन् । साहित्य यात्राको सुरुवातमा कथाबाट साहित्यिक यात्रा सुरु गरेका सविताले **मणि** शोककाव्य, **जानुका** शोककाव्य, **प्रचण्डलाई पत्र** काव्य हुँदै **पुष्पपत्र** महाकाव्यसम्म आइपुग्दा नयाँ काव्यिक उचाइ प्राप्त गरेका छन् । पूर्वीय काव्य जगत्का सैद्धान्तिक कुरालाई पक्कि पाश्चात्य साहित्यसँग साक्षात्कार गर्न सिपालु सविताले विशेषत: कथामा भन्दा काव्यमा उत्कर्षता प्राप्त गरेका छन् ।

#### ४.३.३.१ विषयप्रवेश

वि.सं २०२५ सालदेखि नै नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएका हरिहर सविताले आफ्नो साहित्यिक यात्राको प्रारम्भिक समयमा दुईवटा शोककाव्य लेखेका छन्, ती हुन्- **मणि** शोककाव्य (२०४८) र **जानुका** शोककाव्य (२०४८) । पहिलो शोककाव्यको रूपमा **मणि** शोककाव्य रहेको छ यसमा रामपुर कृषि क्याम्पसमा अध्ययनरत छात्र मित्रमणि आचार्यको अकल्पनीय हत्याको शोकलाई आँसुको भाषामा व्यक्त गरिएको छ भने दोस्रो शोककाव्यको रूपमा

[155] विष्णुप्रसाद पौडेल, पूर्ववत्, पृ. ७० ।
[156] ऐजन, पृ. ११०-१११ ।

**जानुका** शोककाव्य रहेको छ । बाऱ्ह वर्षको कलिलो उमेरमा मृत्युवरण गर्न पुगेकी हरिहर सविताकी भतिजी जानुकाको असामयिक मृत्युको शोकलाई काव्यको भाषाबाट प्रस्तुत गरिएको छ ।

साहित्यकार हरिहर सविताको काव्य लेखनको पछिल्लो समयमा उनी फेरी दुई काव्यका साथमा प्रस्तुत हुन्छन् ती हुन् **प्रचण्डलाई पत्र** काव्य (२०६४) र **पुष्पपत्र** महाकाव्य (२०६५) । वि.सं. २०६४ सालमा ने.क.पा. माओवादी जनआन्दोलनका प्रमुख नायक पुष्पकमल दाहाल 'प्रचण्ड' लाई सम्बोधन गरी लेखिएको काव्य प्रचण्डलाई पत्रमा देशको समसामयिक राजनीतिक परिस्थितिलाई चित्रण गर्ने काम गरिएको छ भने **'पुष्पपत्र'** महाकाव्य २०६५ नेपाली महाकाव्य परम्परामै गद्य महाकाव्यको रूपमा कोशेढुङ्गाको रूपमा छुट्टै परिचय पाउन सफल महाकाव्यको रूपमा रहेको छ । रातो आन्दोलनकी नायिका साहित्यकार पुष्पलता आचार्यलाई सम्बोधन गरी लेखिएको सत्ताईसवटा पत्रहरूको संगालोको रूपमा पुष्पपत्र महाकाव्य रहेको छ ।

### ४.३.३.२ मणि शोककाव्यको अध्ययन

**मणि** शोककाव्य हरिहर सविताद्वारा लिखित पहिलो शोककाव्य हो । वि.सं. २०४७ सालमा रामपुर कृषि क्याम्पसमा अध्ययनरत एक होनहार विद्यार्थी नेताको असामयिक हत्या र त्यसले निम्त्याएको दु:खद परिस्थितिप्रति यो काव्य उन्मुख रहेको छ । देशको मुहार फेर्न चाहने सच्चा भावी कर्णधार विद्यार्थीको हत्याले घर परिवार, क्याम्पस लगायत देश नै शोकमग्न भएको कुरा यस काव्यमा उल्लेख गरिएको छ ।

#### ४.३.३.२.१ कथानक

**मणि** शोककाव्य रामपुर कृषि क्याम्पसमा अध्ययनरत छात्र मित्रमणि आचार्यको अकल्पनीय हत्याले छट्पटिएर लेखिएको शोककाव्य हो । यस शोककाव्यमा कविले एक होनहार विद्यार्थीको आँट, विश्वास र देश बनाउने प्रणहरूलाई लत्याउँदै गरिएको क्रूर हत्यापछि आफूमा उत्पन्न शोकलाई काव्यको भाषामा पोखेका छन् । यस काव्यभित्र कूल बाह्र सर्ग र एकसय एकतीस श्लोकहरू रहेका छन् ।

**मणि** शोककाव्यको पहिलो सर्गमा चितवन जिल्लाको ऐतिहासिक परिचय दिइएको छ । परापूर्वकालमा चितवन नामले चिनिएको यस पावन भूमिमा बोटे, दरै, पातर, खसिया, थारु, कुमाले जस्ता यहाँका आदिवासीहरूले चितवनको गौरव बढाएका छन् भन्दै चितवनको विस्तृत परिचय दिइएको छ ।

**मणि** शोककाव्यको दोस्रो सर्गमा मित्रमणि आचार्यकी ममतामयी माता आफ्नो गृह जिल्ला राप्ती अञ्चल प्युठान जिल्ला तिग्रा गा.वि.स. रुद्रपुरमा आफ्नो प्राणप्रिय छोराको मृत्युको खबरले आहत बनेर छट्पटिएको कुरालाई चित्रण गरिएको छ । नेपालको नाम विश्वमा चम्काउने प्रण

गरेर आमासँग आशीर्वाद माग्ने आफ्नो छोराले जाने बेलामा एक वचन पनि नसोधी स्वर्गवास भयो भन्दै मित्रमणिलाई हुर्काउँदा, बढाउँदा खन्याएको अपार स्नेह र नौ महिनासम्मको गर्भको पीडा सम्झेर झन् छाती चर्किएको महसुस गर्छिन् । मित्रमणिको मृत्युको वियोगले आफू मात्रै नभै सारा जगत् रोएको कुरा आमाद्वारा यस सर्गमा व्यक्त गरिएको छ ।

यस शोककाव्यको तेस्रो सर्गमा मित्रमणिका पिता आफ्नो छोराको मृत्युले छट्पटाउँदै उक्त कार्यको विरोधमा आक्रोशित हुँदै ओजश्वी मृत्युवरण गर्ने छोरा यस धर्तीमा थोरै बाबुले मात्र पाउँछन् भन्दै मान्छे मारे पनि विचार मार्न सकिँदैन भनेर मन बुझाएको कुरालाई यस सर्गमा उल्लेख गरिएको छ ।

प्रस्तुत शोककाव्यको चौथो सर्गमा अन्याय, अत्याचार र भ्रष्टाचारमा पिल्सिएका देशभरिका किसानहरूले सहिदप्रति हार्दिक श्रद्धाञ्जलि प्रकट गर्दै सम्पूर्ण किसानको प्रतिनिधित्व गर्दै मृत्युवरण गर्न पुगेका सहिदहरूले देखाएको मार्गदर्शनमा हिंड्छौँ भन्ने किसानको विचार प्रस्तुत गरिएको छ ।

यस शोककाव्यको पाँचौ सर्गमा देशभरिका शिक्षकहरू सहिदको दु:खद मृत्युमा आहत बन्दै आफ्नो विद्यार्थीको हत्या गर्ने हत्याराहरूको विरुद्धमा लड्ने संकल्प गर्दै रगतको श्रद्धाञ्जलि दिने अठोट गरेको कुरालाई प्रस्तुत गरिएको छ ।

यस शोककाव्यको छैटौं सर्गमा देशभरिका विद्यार्थीहरूले आफ्नो माझबाट सहिद भएर गएको साथीको सम्झनामा रुँदै, कराउँदै सहिदको सपना साकार पार्ने प्रणका साथ भावविभोर हुँदै चितवनको नारायणी नदीमा श्रद्धाञ्जलि अर्पण गरेको कुरा यस सर्गमा उल्लेख गरिएको छ ।

प्रस्तुत शोककाव्यको सातौं सर्गमा सहिदका दाजुहरूको दारुणतापूर्ण स्थितिको चित्रण भएको छ । हस्पिटलमा चिरफार गर्दाको हृदय विदारक दृश्य र वरिपरि छरिएका सर्वसाधारणको हुल र हत्याराको पशुतुल्य व्यहावर सम्झिएर शवयात्राभित्रै आक्रोशित मित्रमणिका दाजुहरूको कारुणिक स्थितिलाई यस सर्गमा उल्लेख गरिएको छ ।

यस शोककाव्यको आठौँ सर्गमा मित्रमणिको शव बोकेर हिंडेका शवयात्रीहरूको लामो लस्कर देखेर बजारिया, साना व्यापारी, खुद्रा पसले, चिया पसले, होटेलवाला, पुस्तक पसले, क्यामरावाला सबै दङ्ग परेर चितवनको मात्रै होइन, देशकै वरिष्ठ मानिसको शवयात्रा रहेछ कि भनेर खासखुस गर्दै अन्तिम शवयात्रामा उनीहरूले श्रद्धाञ्जलि अर्पण गरेको प्रसङ्ग यस सर्गमा रहेको छ ।

प्रस्तुत शोककाव्यको नवौँ सर्गमा आदिम समयदेखि दासत्वबाट मुक्त हुन नसकेका मुक्तिका लागि छट्पटाइरहेका छन् र पुरुष सरह अधिकार लिने अठोट गर्दै सहिदले देखाएको मार्गदर्शन

अनुरूप आफूहरूलाई ढाल्ने प्रण गर्दै सहिदप्रति अन्तिम पुष्पगुच्छा अर्पण गरेको कुरा यस सर्गमा उल्लेख भएको छ ।

यस शोककाव्यको दशौँ सर्गमा विदेशमा रहेका नेपालीहरूको दारुण अवस्थाको चित्रण गरिएको छ, साथै होटेलमा भाँडा माझेर जीवनयापन गर्दै आएका नेपालीहरू र दलालहरूद्वारा बाध्यतावश वेश्यावृत्तिमा संलग्न गराइएका नेपाली चेलीहरू पनि वीर सहिदको प्रेरणाले देश फर्किएर सामन्तसँग बदला लिने अठोट गर्दै सहिदलाई अन्तिम सम्मान अर्पण गरेको कुरा यस सर्गमा देखाइएको छ ।

यस शोककाव्यको एघारौँ सर्गमा औद्योगिक क्षेत्रका र अरूको घरमा दासजस्तै जीवन बिताइरहेका वास्तविक मजदुर, कृषि मजदुर, सबै वीर सहिद तिमी हाम्रो लागि मऱ्यौ विश्वका तमाम सर्वहाराका निम्ति मऱ्यौ, त्यसैले तिम्रा भावनाको कदर गर्दै तिम्रा सपना हामी एकदिन अवश्यै पूरा गर्छौं भन्दै मित्रमणिको जयजयकार गर्दै अन्तिम फूल चढाएको कुरा उल्लेख गरिएको छ ।

यस शोककाव्यको अन्तिम सर्गको रूपमा बाह्रौँ सर्ग रहेको छ । अघिल्ला सर्गहरूमा कविले विभिन्न मानिसहरूका भावना र सहिदप्रति प्रकट गरेका श्रद्धाञ्जलिहरू समावेश गराएका थिए भने यस सर्गमा कविले आफ्ना वैयक्तिक भावनाहरू प्रस्तुत गरेका छन् । आफ्नो परमप्रिय विद्यार्थी मित्रमणि आचार्यको सम्मानका खातिर प्रकाशित गरेको **मणि** शोककाव्यको विरुद्धमा हत्याराहरूले आफ्ना काव्य जलाए पनि, सृजनामा तल्लीन हात काटिदिए पनि डराउने पक्षमा नभै देश, विदेशका नारी, पुरुष र सम्पूर्ण पीडित जनताहरूलाई यसको बदला त क्रान्तिद्वारा मात्र लिन सकिन्छ भन्दै तुरुन्त सङ्घर्षको सुरुवात गर्नुपर्छ भन्ने तर्क यस सर्गमा प्रस्तुत गरिएको छ । यस काव्यमा भाषा समसामयिक बनाउने हो भने पर्याप्त छन्दोभङ्ग भएको देखिन्छ ।

### ४.३.३.२.२ लय र छन्द

प्रस्तुत शोककाव्यमा एक पङ्क्तिमा उन्नाइस अक्षर हुने शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । सर्ग एकदेखि बाह्रौँ सर्गसम्म एउटै छन्दको प्रयोग गर्नु कविको काव्यिक चमत्कार पनि हो । शार्दूलविक्रीडित छन्दको प्रयोग भएको यस काव्यमा केही श्लोकहरू यसप्रकार छन् :-

> बाबू बुझ्नु छ रे यहाँ यदि भने बाबू भएरै बुझ ।
> आमा बुझ्नु छ रे यहाँ यदि भने आमा भएरै बुझ ।। पृ. ६

यहाँ कविले सन्तानको मायामोह बुझ्नलाई बाबु अथवा आमा भएर मात्रै वास्तविक मर्म बुझ्न सकिने कुराको शोक भाव व्यक्त गरेका छन् ।

त्यस्तै गरेर काव्यको सौन्दर्य पक्ष पनि त्यत्तिकै सबल रहेको छ । काव्यमा अन्त्यानुप्रासको प्रयोग सफलताका साथ गरिएको पाइन्छ ।

#### ४.३.३.२.३ परिवेश

चूरे पर्वत, चितवन, त्रिवेणी तट, चित्रवन, पहाड, रामपुर, प्युठान, राप्ती, अड्डा, गौचर, मेचीकाली, हिमाल, ग्रामीण समाज, घटनास्थल, हस्पिटल, सडक, नारायणी नदीको किनारा, विदेशी होटेल, वेश्यालय, औद्योगिक क्षेत्रजस्ता परिवेशहरू यसमा उल्लेख गरिएको छ । जस्तै :

चूरे पर्वतको नजिक तट्मा यौटा ठूलो ठाउँ छ ।
पैले यो चिनिए छ चित्रवनले जस्को बढी नाउँ छ ।।
बोटे पातर ती दरै र खसिया थारु कुमालेहरू ।
आदिवासी भएर जो बसिरहे त्यसको बयान के गरूँ ।। पृ. १

कविले यहाँ चूरे पर्वतको नजिक चित्रवनका नामले चिनिएको ठूलो स्थलमा बोटे, पातर, खसिया, दरै, थारु, कुमालेजस्ता आदिवासीहरूले चितवनको गौरव बढाएका छन् भन्ने बयानका साथ परिवेशको उल्लेख गरेका छन् ।

#### ४.३.३.२.४ पात्रविधान

यस काव्यका प्रमुख पात्र मित्रमणि आचार्य हुन् । वि.सं. २०१९ साल आषाढ ११ गते प्युठान जिल्लाको/राम्दी, रुद्रपुरमा जन्मेका मित्रमणि आचार्य रामपुर कृषि क्याम्पसमा अध्ययनरत मेधावी छात्र हुन् । सबैसँग मित्रवत् व्यवहार गर्ने मित्रमणिको बोलीवचन एवम् व्यवहार अत्यन्त राम्रो थियो । अध्ययनमा लगनशील र बालक अवस्थादेखि नै अग्रस्थान ओगट्न सफल मित्रमणि आचार्य परिवारको अगाध प्रेमका प्रतीक थिए । मित्रमणि प्रमुख पात्र रहेको यस काव्यमा प्रमुख पात्रका अतिरिक्त आमा, बाबा, दाजुहरू, इष्टमित्र, साथीसंगीहरू, विद्यार्थीहरू, शिक्षकहरू, मजदुरहरू जस्ता सहायक पात्रका साथै हत्याराहरू, अभिमन्यु, अग्निदूत, विश्वसुन्दरी, डाक्टर, औधोगिक क्षेत्रका मजदुरहरू, लेकालीहरू, पहाडीहरू, देहातीहरू, दासी, सामन्ती, वेश्या युवती, होटेल मालिक, गरिब किसानजस्ता गौण पात्रहरू रहेका छन् । यस शोककाव्यमा मानवीय पात्रका अतिरिक्त चित्तल, चराजस्ता मानवेतर पात्रको पनि प्रयोग गरिएको छ । समग्रमा सबै पात्रको सही प्रयोगले काव्यिक उचाई बढाउन सहयोग पुऱ्याएको छ ।

#### ४.३.३.२.५ उद्देश्य

**मणि** शोककाव्यको उद्देश्य कविले रामपुर कृषि क्याम्पसमा अध्ययनरत छात्र मित्रमणि आचार्यको अकल्पनीय हत्याको शोकलाई अत्यन्त मर्माहत भई काव्यिक भाषाका माध्यमबाट प्रस्तुत गरेका छन् । विद्यार्थी नेतृत्व वर्गमा रहेका विद्यार्थी नेता मित्रमणिको मृत्युप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै शोक-सन्तप्त परिवारजन, इष्टमित्र, साथीहरू, गुरुहरूप्रति हार्दिक समवेदना प्रकट गर्दै मित्रमणिलाई देशभक्त सहिदको रूपमा चिनाउनु यस काव्यको उद्देश्य रहेको छ ।

### ४.३.३.२.६ भाव

**मणि** शोककाव्यमा शोक भावले सुरुदेखि अन्त्यसम्म स्थान पाएको देखिन्छ । तेइस वर्षको कल्कलाउदो उमेरमा हत्याको शिकार भएका विद्यार्थी नेताको मृत्युले सबैलाई आहत पारेको कुरालाई शोकमा प्रस्तुत गरिएको छ । करुण रसको स्थायीभाव शोक हो । काव्यमा यो स्थायीभाव परिपाक अवस्थामा पुगेको हुँदा यसलाई सफल शोककाव्य मान्न सकिन्छ ।

### ४.३.३.२.७ कथनपद्धति

मृत मित्रमणि आचार्यको बारेमा कविद्वारा शोकमूलक भावना प्रस्तुत गरिएको उक्त काव्यमा तृतीय पुरुष कथन पद्धतिको प्रयोग गरिएको छ ।

### ४.३.३.२.८ भाषाशैली र संरचना

**मणि** शोककाव्यको भाषा सरल, सहज भए पनि यदाकदा वाक्यहरू राजनीतिक सिद्धान्तको बाहक बनेका छन् । छन्दोभङ्गका स्थितिहरू पनि प्रशस्तै छन् त कतै छन्द मिलाउन शब्द भाँचिएको र वर्णविन्यास क्रम खजमजिएको अनुभव हुन्छ । आलङ्कारिकताको निर्वाह काव्यमा रहर मात्रै देखिन्छ । प्रस्तुत काव्यको भाषाशैली सरल, सहज रहे पनि यदाकदा व्याकरणिक त्रुटि रहेको पाइन्छ । यस काव्यमा कथानक वर्णनात्मक र विवरणात्मक ढाँचामा झिनो प्रवन्ध अगाडि बढ्दै गएर पाठकमा एक किसिमको घटनामूलक प्रभाव पार्न सफल रहेको छ ।

संरचना भन्नाले कुनै पनि वस्तुको आकार, प्रकार वा आयाम भन्ने बुझिन्छ । **मणि** शोककाव्य (२०४८) आयामका दृष्टिले लघु आकारको काव्य हो । कवितात्मक भाग ३२ पृष्ठ रहेको यस काव्यको जम्मा पृष्ठ सङ्ख्या ४२ पृष्ठ रहेको छ, जसमध्ये दश पृष्ठमा प्रकाशनका तर्फबाट लेख, विभिन्न साहित्यकारहरूको भूमिका रहेको छ । यसका बाह्र सर्ग र एकसय एकतीस श्लोकहरू रहेका छन् । यसको मुख आवरणमा काव्यका नायक मित्रमणिको गम्भीर मुख मुद्रामा रहेको छायाचित्र प्रस्तुत गरिएको छ । त्यस्तै पछिल्लो आवरणमा सहिद मित्रमणिको आफ्नै गद्य कविता रहेको छ । यही संरचनामा मणि शोककाव्यको बाह्य संरचनालाई ठम्याउन सकिन्छ ।

### ४.३.३.२.९ प्रतीक, बिम्ब, अलङ्कार, रस

प्रस्तुत **मणि** शोककाव्य कलिलो उमेरमै असामयिक हत्या हुन पुगेका सहिद मित्रमणि आचार्यको मृत्युले शोकाकुल भई लेखिएको काव्य हो । करुण रसमा लेखिएको यस शोककाव्यमा सचेत रूपमा कुनै बिम्ब, प्रतीकहरूको प्रयोग नगरे पनि कविले काव्यभरि शब्दालङ्कारको उचित प्रयोग गरेका छन् ।

यस शोककाव्यमा अधिकांश श्लोकहरू करुण रसमा लेखिएका छन् । तिनका उदाहरणलाई यसरी देखाइन्छ :

रोई रोई बिताउँ जीवन भने धर्ती त्यसै रुन्छ रे ।

रुनु मात्र परन्तु यो विरहमा अपूर्ण नै हुन्छ रे ।। पृ. ४

कविले यहाँ मित्रमणिको मृत्युपछि आक्रान्त भई विलौना गरेकी उनकी आमाको दु:खद स्थितिको चित्रण गरेका छन् । यस धर्तीमा रोएर बाँच्नेको जीवन अपूर्ण हुन्छ र आफू रुँदा धर्ती पनि रुन्छ भन्ने कुरालाई यहाँ व्यक्त गरेका छन् । शोककाव्य करुण रस नै परिपाक अवस्थामा पुगेको हुनुपर्छ र शोककाव्यका लागि यो एउटा अभीष्ट पनि हो, तर विवेच्य काव्यमा करुण रस परिपाकमा पुग्न नसके पनि शोकलाई शक्तिमा बदल्ने वीर रसले स्थान लिएको छ । क्रान्तिका उद्घोषणहरू ठाउँठाउँमा शोकबाट बाहिरिएर शक्ति वा विद्रोहमा रूपान्तरित भएको छ :-

साँच्चै ए मजदूर हो ! श्रमिक हो ! ए मुक्तिकामी नर ।

जुट्नै पर्छ अवश्य यो धरतीमा सङ्घर्षका खातिर ।। पृ. ३२

कविले यहाँ मित्रमणिको हत्याको विरोधमा उत्रन सम्पूर्ण श्रमिक मजदूरहरूलाई उठ्न आग्रह गरेका छन् । मुक्ति प्राप्तिको लागि सङ्घर्ष गर्नुपर्छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । प्रस्तुत **मणि** शोककाव्यमा आलङ्कारिकताको निर्वाह सशक्त रूपमा हुन सकेको छैन ।

यस शोककाव्यमा कविले यदाकदा अर्थालङ्कारको प्रयोग गर्ने चेष्टा देखाए पनि उचित प्रयोग भने भएको छैन । कविले काव्यमा सरल, सहज भाषाशैलीका माध्यमबाट भन्न खोजेको कुरा प्रस्तुत गरेका छन् ।

### ४.३.३.३ निष्कर्ष

बाह्र सर्गमा संरचित प्रस्तुत काव्य बत्तीस पृष्ठको लघुकाव्य हो । यस काव्यमा मुख्यरूपमा मित्रमणि आचार्यको मृत्युबाट उत्पन्न शोकानुभूतिलाई काव्यको भाषामा प्रस्तुत गरिएको छ । देशमा परिवर्तन चाहने एक विद्यार्थी नेताको नेतृत्वकै अवस्थामा भएको असामयिक हत्याले देशका सम्पूर्ण सचेत तथा असचेत नागरिकका मनमा उब्जिएको समग्र भावलाई कविकल्पनाद्वारा अत्यन्त सरल भाषामा व्यक्त गरिएको प्रस्तुत शोककाव्यको आफ्नै महत्त्व रहेको छ ।

### ४.३.३.४ जानुका शोककाव्य (२०४८) को अध्ययन

**जानुका** शोककाव्य हरिहर सविताको दोस्रो शोककाव्य हो । यस काव्यमा कविले कलिलो उमेरमा मृत्युवरण गर्न पुगेकी आफ्नी भतिजी जानुकाको स्मृतिस्वरूप यो काव्य पस्किएका छन् । भविष्यमा पढेर डाक्टर बन्ने लक्ष्य राखेकी कलिली मुना जानुकाको असामयिक मृत्युले उत्पन्न गराएको शोकाकूल अवस्थालाई कविले काव्यका माध्यमबाट प्रस्तुत गरेका छन् ।

**४.३.३.४.१ कथानक**

**जानुका** शोककाव्य आफ्नी बालिका छोरी बितेर गएको वेदनाले छट्पटिएर रचिएको काव्य हो । यस काव्यमा कलिलै उमेरकी छोरीमा पाइएको प्रतिभा र जनपक्षीय कोमल भावनाहरूलाई सम्भदै लेखकले आफ्ना मनका व्यथालाई काव्यको माध्यमबाट पोखेका छन् । कूल तेह्र सर्ग रहेको यस काव्यमा एक सय एघार श्लोकहरू रहेका छन् ।

**जानुका** शोककाव्यको पहिलो शीर्षक “छोडी गयौ जानुका” भन्ने रहेको छ । यसमा छोरी जानुकाको मृत्युले बाबा, आमा, दिदीबैनी र भाइहरू सबै अश्रुषिक्त भएको सन्दर्भ छ । त्यस्तै गाउँलेहरूले रेग्मी परिवारलाई सम्भाउने लाख कोसिस गरे पनि यिनीहरू जानुकाको छवि र प्रतिभाको सम्भनाले पीडा महसुस गरेको वर्णन रहेको छ ।

यस शोककाव्यको दोस्रो शीर्षक “छुट्दै उखरमाउलो” मा जानुकाले भाइबहिनी बिग्रन नदिने सुभाव शब्दहरूले वर्तमानमा बुबाको मन चस्किएको वर्णन रहेको छ । त्यस्तै छोरीको मृत्युको पीडाले आफ्नो मन विह्वल भई बिलौना गरिएको परिस्थितिको वर्णन रहेको छ ।

प्रस्तुत शोककाव्यको तेस्रो शीर्षक “बाँच्थ्यौकि ? केही दिन” मा जानुकाले आफ्ना बाबालाई तपाई पेटको रोगी हुनुहुन्छ म पढेर डाक्टर बनेर त्यसको अप्रेसन गर्नेछु भन्ने भनाइको स्मरण एवम् मृत छोरीका कपडाले पनि आमालाई छोरी सम्भाउने हुँदा आमाद्वारा जानुकाका कपडाहरू लुकाउन आग्रह गरिएको कुरा उल्लेख छ । मुख्यत: यस सर्गमा समयमै आफूले उपचार गराएको भए “छोरी बाँच्थ्यौ कि केही दिन” भनेर आफैप्रति खेद प्रकट गरिएको छ ।

यस शोककाव्यको चौंथो शीर्षक “साँच्चै नरोउ माधव”मा आफ्ना सपरिवारलाई अब यस घटनालाई लिएर रुँदैमा जानुका नफर्कने हुँदा सबैले आफ्नो मन दृढ बनाओ अब साँच्चै रुनु हुँदैन भन्ने आग्रहका साथ आफ्ना छोराछोरीलाई सम्भाउने कोसिस गरिएको छ ।

प्रस्तुत शोककाव्यको पाँचौ शीर्षक “साँच्चै बुहारी किन ?” मा बुहारीलाई जानुकाको मृत्युमा नरुन आग्रह गरिएको प्रसङ्ग रहेको छ ।

यस काव्यको छैटौं शीर्षक “ए कान्तिका डाक्टर” मा कान्ति बाल अस्पताल काठमाडौंका डाक्टरहरूलाई रोग चिनेर राम्रोसँग उपचार गर्न आग्रह गरिएको छ । सरकारी अस्पताल र व्यक्तिगत औषधी पसलमा विभेद नगरी धनी र गरिब दुवै रोगीहरूलाई समान दृष्टिकोणले उपचार गराउन आग्रह गर्दै पैसालाई महत्त्व दिने डाक्टरप्रति व्यङ्ग्य गरिएको छ ।

प्रस्तुत शोककाव्यको सातौं शीर्षक “यो अर्थ केलाउँछु” मा जीवितावस्थामा छोरी जानुकाले व्यक्त गरेका प्रगतिवादी धारणाको वर्तमानमा आफूले अर्थ केलाउन थालेको प्रसङ्ग उल्लेख गरिएको छ ।

यस शोककाव्यको आठौं शीर्षक "धिक्कार यो जुनी" मा छोरीको मृत्युमा आफू जीवित रहे पनि आफ्नो जुनीलाई नै धिक्कार्न पुगेको पाइन्छ ।

प्रस्तुत शोककाव्यको नवौं शीर्षक "हुँकारीकन न्यायका समरमा" कविले जानुकाको मृत्युले आफू निकै आहात भएको कुरा एकातिर प्रस्तुत गरेका छन् भने अर्का गरिब निमुखाहरूलाई कज्याएर आफ्नो भुँडी भर्ने सामन्तीवादी प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै सो अन्यायका लागि लडाइ गर्नु पर्ने कुरा व्यक्त गरेका छन् ।

यस शोककाव्यको दसौं शीर्षक "आँशु बग्छ गरिबको धरतिमा" यस धर्तीमा गरिबहरू दुष्ट, सामन्त र शोषकहरूबाट पीडित छन् भने यी गरिबको रगत चुसेर देशका शोषकवर्ग पुष्टिएको वर्णन पाइन्छ ।

प्रस्तुत शोककाव्यको एघारौं शीर्षक "यी सामन्तवादीहरू" मा कोही दिन रात मस्ती गरेर राक्षसझैं कुर्लने त कोही आफ्नो लक्ष्यविहीन भै पतनको बाटो हिंडेको देख्दा देशमा साम्यवादी व्यवस्थाको चाहना गर्नुका साथै निम्नवर्गीय पक्षको हित चाहेको कुरा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोककाव्यको बाह्रौं शीर्षक "तिहारमा आउनू" मा जानुका जीवितावस्थामा हुँदा तिहारमा गरेको रमाइलोपन सम्झी फेरि पनि तिहारमा रमाइलो गर्न आउनू भनी छोरीलाई लेखकले आह्वान गरेको पाइन्छ । यसै शीर्षकभित्र छोरीलाई अन्तिम पत्र लेखी काव्य समापन गरिएको छ ।

यसरी यस काव्यका केही शीर्षकहरू नितान्त पारिवारिक सेरोफेरोमा केन्द्रित छन् भने केही शीर्षकहरू नितान्त राजनीतिक आग्रहबाट प्रभावित छन् र वियोगजन्य शोकको व्यथा र वेदनासँग असम्बद्ध छन् । हरिहर सविताले यस काव्यमा आफ्नी ममतामयी छोरी जानुकाको देहान्तले विदीर्ण भएको आफ्नो मनलाई आत्ममल्हम स्वरूप दुईचार शब्द कोर्दै जाँदा यस शोककाव्यको निर्माण भएको जानकारी स्वयम् हरिहर सविताबाट नै प्राप्त हुन्छ ।

### ४.३.३.४.२ लय र छन्द

प्रस्तुत जानुका शोककाव्यमा सम्पूर्ण श्लोकहरू शार्दूलविक्रीडित छन्दमा रचिएका छन् । यसरी एउटै छन्दको आद्योपान्त सफल प्रयोग गर्नु कवि हरिहर सविताको विशिष्टता मान्नु पर्दछ । शार्दूलविक्रीडित छन्दका केही श्लोकहरू यसप्रकार छन् :

बाबा हो अबता विचार नगरे यी भाइ बैनीहरू ।
बिग्रन्छन् सब यी कुमार्गतिरको लाग्दो छ बाटो बरु ।।
खाली पुस्तक मात्र ती किनिदिए बाटो म हिन्थैँ बरु ।
तिम्रा शब्द चसक्क हुन्छ मनमा बाचूँ कि मरूँ बरु ।। पृ. ३

कविले यहाँ जानुकाका भाइबैनीहरूलाई सपार्नको लागि भनेका कुराहरू व्यक्त गरिएको छ । किताबकापी लिई ज्ञान आर्जन गरी सुमार्गतिर लाग्न अभिप्रेरित गरेको कुरालाई यहाँ प्रस्तुत गरिएको छ ।

त्यस्तै अर्को श्लोक :-

हेर्दैनौं किन रोगीलाई अहिले क्लिनिकमा ध्यान छ ।
बुझ्दैनौं किन व्यर्थ जीवन गयो पैसा तिरै ध्यान छ ।। पृ. ११

कविले यहाँ आफ्नो निजी क्लिनिकमा मात्रै ध्यान दिएर रोगीको बेवास्ता गर्ने कान्ति बाल अस्पतालका डाक्टरमाथि मानवीयताको नाताले पनि सबै बिरामीलाई समान व्यवहार गर्नुपर्छ र पैसाले जीवन किन्न सकिँदैन भन्ने आदर्श विचार व्यक्त गरेका छन् ।

## ४.३.३.४.३ परिवेश

विष्णुमती नदी किनार, आर्यघाट, कीर्तिपुर, मुख्य सहरहरू, महेशपुर एवम् कान्ति अस्पताल काठमाडौं र काठमाडौं सहरका वरपरका स्थलहरूको परिवेश चित्रण गरिएको छ ।

परिवेशका दृष्टिकोणले त्यति सबल नमानिने प्रस्तुत **जानुका** शोककाव्यमा वियोगजन्य समवेदनाहरू र नितान्त पारिवारिक परिवेशकै सेरोफेरो यसमा बढी छ, त्यस्तै यस काव्यमा छिटफुट रूपमै भए पनि परिवेशयुक्त श्लोकहरूको उदाहरण यसरी प्रस्तुत भएका छन् :-

आमा छाती फुटाई यो समयमा रुन्छिन् बिलौना गरी ।
माथि बादल छैन तापनि यहाँ पर्दो छ भारी झरी ।। पृ. ३

कविले यहाँ जानुकाको असामयिक निधनले उनकी ममतामयी मातामा परेको व्यथालाई काव्यको भाषाबाट व्यक्त गरेका छन् ।

त्यस्तै अर्को श्लोक :-

त्यो बेला दिलको बढ्यो ढुकढुकी मुहार कस्तो भयो ।
दावाग्नी दिनुपर्छ आर्यतटमा स्वीकार कसले गऱ्यो ।। पृ. ४

कविले यहाँ जानुकाको अन्तिम संस्कारको लागि आर्यघाटमा जम्मा भएका उनका आफन्तहरूको वियोगजन्य स्थितिलाई व्यक्त गरेका छन् ।

## ४.३.३.४.४ पात्रविधान

यस काव्यमा प्रमुख पात्र जानुका हुन् । उनको बोली वचन एवम् व्यवहार शैली ग्रामीणवासी बालिका अनुरूप छ । जानुका सधैं विद्यालय सर्वप्रथम र कक्षा प्रथम हुँदै कक्षा आठसम्म अध्ययनरत रहेकी परिवारको अगाध प्रेम र आस्थाकी प्रतिमा थिइन् । प्रमुख पात्र जानुका रहेको यस काव्यमा

पात्रको बहुलता देखिन्छ । परिवारका धेरै व्यक्तिहरूका नामको उल्लेखले काव्यलाई खल्लो र कृत्रिम तुल्याएको छ ।

प्रस्तुत काव्यमा आएका डाक्टरहरू सहायक पात्रका रूपमा आएका छन् भने अन्य दामोदर, लीला, सीता, गौरी, नीर्जिव, शशि, ध्रुव, कल्पना, नीरु, सम्झना, प्रकाश, दिपु, कान्छी, माधव, प्रदीप, काका, नवीन, विद्या, पार्वती, साहु, श्रमिक, सुकुम्बासी, घाँसी, ज्वाई आदि गौण पात्रका रूपमा आएका छन् । यस काव्यमा मानवीय अतिरिक्त काग, ढुकुरजस्ता मानवेतर पात्रहरूको समेत प्रयोग गरिएको छ ।

### ४.३.३.४.५ उद्देश्य

**जानुका** शोककाव्यको उद्देश्य कविले बाऱ्ह वर्षको उमेरमा मृत्युलाई वरण गर्न पुगेकी आफ्नी छोरी जानुकाको मृत्युबाट आहत भएर त्यही व्यथा र वेदनालाई अश्रुषिक्त भाषामा प्रस्तुत गर्नु र यसलाई आत्ममल्हमको रूपमा स्वीकारी विदीर्ण हृदयलाई केही हदहरूमा शान्ति प्रदान गर्नु हो ।

### ४.३.३.४.६ भाव

यस खण्डकाव्यमा शोकभावले मुख्य रूपमा स्थान पाएको छ । आफ्नी ममतामयी छोरी जानुकाको देहावसानमा आफूले अनुभव गरेको एकाङ्कीपनलाई शोक सन्ताप र विलौनामा प्रस्तुत गरिएको छ ।

### ४.३.३.४.७ कथनपद्धति

मृत छोरीका बारेमा आफ्नो बाबुले शोकमूलक भावना प्रस्तुत गरिएको प्रस्तुत काव्यमा तृतीय पुरुष कथनपद्धतिको प्रयोग गरिएको छ ।

### ४.३.३.४.८ भाषाशैली र संरचना

**जानुका** शोककाव्यको भाषा सरल र सहज भए पनि बीच-बीचमा केही शब्द, वाक्य र कवितांश राजनीतिक सिद्धान्तको बाहक बनेका छन् । काव्यमा छन्दोभङ्गका स्थितिहरू प्रशस्तै छन् । अजन्त हलन्तदोषको आधिक्य पाइन्छ । कतै अनुप्रासमयताको रहर र अनुकरणात्मक शब्द प्रयोगको रहरले कविता कविता नभएर शब्दहरूको थुप्रो भएको स्थिति पनि छ । “छोडी गयौ जानुका” शीर्षकका आठ ओटा श्लोकहरू र “ए कान्तिका डाक्टर” शीर्षकका पन्ध्रवटा श्लोकहरू समस्यापूर्ति शैलीमा लेखिएका छन् भने अन्य शीर्षकहरू पनि त्यसभित्रका कुनै कवितांशको अन्तिम पाउका रूपमा रहेका छन् । जे होस्, समग्रमा काव्यको भाषाशैली लयात्मक र कलात्मक रहेको छ ।

संरचना भन्नाले कुनै पनि वस्तुको आकार प्रकार वा आयाम भन्ने बुझिन्छ । जानुका काव्य आयामका दृष्टिले लघु देखिन्छ । यो कृतिको कवितात्मक भाग अठ्ठाइस पृष्ठमा समेटिएको छ भने जम्मा पृष्ठसंख्या चालीस रहेको छ । यसमध्ये बाह्र पृष्ठमा प्रकाशनका तर्फबाट लेख, विभिन्न

साहित्यकारहरूको भूमिका एवम् हरिहर सविताको आफ्नै दुई शब्द लेखिएको छ । यस काव्यमा तेह्रवटा शीर्षक र एक सय एघारवटा श्लोकहरू रहेका छन् । यस काव्यको मुख आवरणमा जानुकाको चित्र र पछिल्लो आवरणमा साहित्यकार हरिहर सविताको तस्विर रहेको छ । यही संरचनामा **जानुका** शोककाव्य संरचित छ ।

### ४.३.३.४.९ प्रतीक, बिम्ब र अलङ्कार, रस

प्रस्तुत **जानुका** शोककाव्य आफ्नो बालिका छोरीको मृत्युमा शोकाकूल भई लेखिएको काव्य हो । यस काव्यमा त्यस्तो कुनै पूर्वीय र पाश्चात्य प्रतीक बिम्बहरूको लाक्षणिक प्रयोग नभै भन्न खोजिएको कुरा सिधै कविद्वारा नै व्यक्त गरिएको छ । यसरी अभिव्यक्त भएका भावना र विचारमा स्वाभाविक रूपमा ती प्रतीक बिम्ब प्रयोग भएका छन् ।

यस काव्यका अधिकांश श्लोकहरू करुण रसमा लेखिएका छन् । काव्यमा प्रर्युक्त करुणरसयुक्त श्लोक यसप्रकार छन् ।

मीठो खान्छु भनेर जीवनभरी कैले भनिनौं किन ।
राम्रो लाउँछु चाडपर्वहरूमा तिम्ले भनिनौं किन ।। पृ. ८

यहाँ कविले जानुका जीवित छँदा भए गरेका क्रियाकलापहरूलाई पूर्व स्मृतिका रूपमा व्यक्त गरेका छन् ।

प्रस्तुत **जानुका** शोककाव्य करुण रसमा रचिएको भए तापनि शोककाव्यको कारुणिकता संवेदनशील हुन नसक्नु र करुण रस परिपाकमा नपुग्नु यस काव्यको दुर्बल पक्ष हो । त्यस्तै आलङ्कारिताको निर्वाह काव्यमा त्यति हुन सकेको छैन, यो पनि यस शोककाव्यको दुर्बल पक्ष नै मान्नु पर्दछ ।

### ४.३.३.५ निष्कर्ष

तेह्र शीर्षकमा संरचित प्रस्तुत काव्य बयालीस पृष्ठको लघु काव्य हो । यस काव्यमा मुख्य रूपमा आफ्ना बालबालिकाको निधनमा आमाबाबुमाथि परेको असह्य चोटलाई प्रस्तुत गरिएको छ । साथै गौण रूपमा यस काव्यमा सेवाको भावनाले नभै पैसा कमाउने दृष्टिकोणले डाक्टरहरू परिचालित भएको तर्फ सङ्केत गरिएको छ । त्यस्तै श्रमिक वर्ग र शोषित वर्गको पक्षधर भई शोषक र सामन्त वर्गप्रति खेद प्रकट गरिएको छ ।

## ४.३.४ प्रचण्डलाई पत्र काव्यको अध्ययन

**प्रचण्डलाई पत्र** काव्य हरिहर सविताको तेस्रो काव्य हो । **जानुका** र **मणि** शोककाव्यमा करुण रसलाई कुशलतापूर्वक पकेका उनले **प्रचण्डलाई पत्र** काव्यमा वीर रसलाई पकेर आफ्नो काव्यिक उचाइ बनाएका छन् । विशुद्ध राजनीतिक परिवेशलाई आधार बनाई सम्बोधनात्मक

शैलीमा लेखिएको यस काव्यमा देशमा वि.सं. २०५२ सालदेखि सुरु भएको सशस्त्र द्वन्द्वका नायक पुष्पकमल दाहाल प्रचण्डप्रति सम्बोधन गर्दै देशको राजनीतिक अवस्थाको चित्रण गरिएको छ ।

### ४.३.४.१ कथानक

साहित्यकार हरिहर सविताको **प्रचण्डलाई पत्र** काव्य (२०६४) एक राजनीतिक विषयवस्तुसँग सम्बन्धित काव्य हो । वि.सं. २०५८ सालमा देशमा भएको सङ्कटकालीन अवस्थामा सरकार पक्ष र विद्रोही पक्ष नेपाल कम्युनिष्ट पार्टी माओवादीबीचमा भएका राजनीतिक क्रियाकलापहरूलाई लिएर लेखिएको **प्रचण्डलाई पत्र** काव्य मार्क्सवादमा आधारित रहेको छ । देशको राजनीतिक विषयवस्तुसँग सम्बन्धित रहेको यस काव्यमा एक्काईस ओटा शीर्षक र एकसय चौहत्तर श्लोकहरू रहेका छन् ।

प्रस्तुत काव्यको पहिलो शीर्षक *प्रचण्डलाई पत्र*मा जनआन्दोलनका महान् नायक पुष्पकमल दाहाल कमरेड प्रचण्डलाई सम्बोधन गरेर धर्तीमाता नेपाललाई सुन्दर बनाउने अनि यहाँका सम्पूर्ण जनतामा मित्रवत् व्यवहार गरेर सामन्तवादको जालोबाट नेपाली जनतालाई उम्काउने जिम्मेवारी प्रचण्डलाई सुम्पदै उनलाई आफ्नो लक्ष्यमा पुग्न पत्रद्वारा शुभकामना व्यक्त गरिएको छ ।

यस काव्यको दोस्रो शीर्षक *पर्दैन क्यारे रुन* मा नेपाली वीराङ्गना नारीहरूको प्रशंसा गर्दै नारी कोमल भए पनि आफू अन्यायमा परेको बेला दुष्मनसँग प्रतिकार गर्न पछि हट्दैनन् भन्दै चुलोचौकोबाट उम्किएर सम्पूर्ण शोषित पीडित नारी मुक्तिका लागि लड्ने साहसी नारीहरूको मुक्तकण्ठले प्रशंसा गरिएको प्रस्तुत काव्यको तेस्रो शीर्षक *भिडेर रातो दिन* मा वि.सं. २०५२ साल फागुन दुई गतेबाट देशमा चलेको जनयुद्धको चरमोत्कर्ष समय, २०५८ सालमा सत्तासीन पक्षबाट भूमिगत राजनीतिक पार्टी माओवादी पक्षमाथि गरेको पक्षपाती व्यवहारको बयान छ । त्यस्तै नारीलाई बहादुर पुरुषका भोग्या चिज मान्ने यौनपिपासु पुरुष वर्गबाट हुने शारीरिक दुर्व्यवहारको सङ्केत पनि यहाँ दिइएको छ ।

यस काव्यको चौंथो शीर्षक *निर्माण नौलो हुने* मा धमिलिएको राजनीतिक अर्थव्यवस्था र सीमित व्यक्तिको आडमा रहेको देशको अवस्थालाई पुनर्निर्माण गरी नयाँ नेपालको परिकल्पना गर्न साथै नेपाललाई तारामण्डलझैँ झिलीमिली र सुन्दर बनाउन सम्पूर्ण नेपालीहरू एकजुट भएर निस्कनु पर्ने सङ्केत गरिएको छ ।

यस काव्यको पाँचौ शीर्षक *ऊ आउँछ्रे र ?* मा कविले आफू यातना गृहमा रहँदा लक्का युवतीहरूलाई अर्धनग्न पारेर बलात्कारको आरोपमा क्रान्तिकारीहरूलाई फसाउने प्रयत्न गरिन्थ्यो भन्ने प्रसङ्गमा ऊ आउँछ्रे र ? भनेर कविले जिज्ञासा व्यक्त गरेका छन् ।

प्रस्तुत काव्यको छैटौं शीर्षक *तिम्रो नयाँ दृष्टिको* मा अब नयाँ सृष्टिद्वारा धरती शान्त र सुन्दर पार्नुपर्छ र देशवासी जनताहरूलाई सदैव मुक्तिको सास फेर्न दिनुपर्छ, साथै सामन्तवादी समाज व्यवस्था र असमान अर्थनीतिको पञ्जाबाट मुक्ति पाएको अनुभूति हुन दिनुपर्छ भन्ने रहेको छ ।

यस काव्यको सातौं शीर्षक *यो छन्द वैराग्यको* मा जन्मभूमि नेपाल आमालाई सीमित स्वार्थमा रहेकाहरूले दिनदाहाडै नङ्ग्याएको देख्दा कविका मनमा उत्पन्न भएको वैराग्यप्रति लक्षित गरिएको छ ।

प्रस्तुत काव्यको आठौं शीर्षक *नौलो बिहानी हुँ म* मा कविले आफ्नो मातृभूमि नेपालमा साहित्यिक वा भौतिक कुनै न कुनै रूपमा प्रकाश छर्ने नौलो बिहानी हुँ भनी आफूलाई देशप्रेमी भएको कुरा व्यक्त गरेका छन् ।

यस काव्यको नवौं शीर्षक *मानूँ कि क्यै उत्सव* मा देशमा माओवादी जनचाहनाअनुसार क्रमिक रूपले देशमा राजनीतिक परिवर्तनको पूर्वसन्ध्या आउन लागेको खुसियालीमा कविले उत्सव मनाउन चाहेको कुरा उल्लेख गरेका छन् ।

प्रस्तुत काव्यको दसौं शीर्षक *मान्छे रुँदा हुन् किन ?* मा भोको पेटमा पटुका कसेर हिँड्ने तमाम भोकानाङ्गाहरू एक मानु अन्न र एकसरो टालो नपाएर रोएका छन् । यदि उक्त कुराको समाधान हुने हो भने मान्छे रुँदैनन् भन्ने कुरालाई सङ्केत गरिएको छ । यहाँ भोको पेटले वर्गीय भेदभावलाई बुझाएको छ ।

यस काव्यको एघारौं शीर्षक *घन्काउँकी मादल* मा नेपालको प्राकृतिक वर्णन गर्दै त्यही सुन्दर प्राकृतिक मनोरम भूमिमा बसेर मादल घन्काउँकी भन्ने कविको चाहनालाई यहाँ व्यक्त गरिएको छ ।

प्रस्तुत काव्यको बाह्रौं शीर्षक *न्यूयोर्क दिल्लीतिर* मा सङ्कटकालीन अवस्थामा साम्राज्यवादी र विस्तारवादी विदेशी शक्तिहरूका आडमा देशमा चलिरहेको आन्दोलन दबाउन विदेशी भूमिबाट भएको षड्यन्त्रप्रति सङ्केत गरिएको छ ।

यस काव्यको तेह्रौं शीर्षक *दिदी र बैनी मरे* मा पुष्प र कोमल नाम गरेका दिदी र बैनीलाई विनाकारण सतित्व लुटेर गोली हानी हत्या गरेको प्रसङ्गलाई उल्लेख गर्दै चेलीबेटीहरू सरकारका प्रतिनिधि पुलिस प्रशासनबाट सुरक्षित छैनन् भन्ने कुरा व्यक्त गरिएको छ ।

प्रस्तुत काव्यको चौधौं शीर्षक *हे हंसमुखी भन* मा जनआन्दोलनका महान् नायक पुष्पकमल दाहाल कमरेड प्रचण्डलाई सम्बोधन गरी नयाँ नेपालको निर्माणमा लागिपर भन्ने

आग्रह गरेका छन् । यसमा प्रचण्डलाई हंसमुखी नामकरण गरेर प्रतीकात्मक रूपमा नयाँ नेपाल बनाउन जुट भनी आग्रह गरेका छन् ।

यस काव्यको पन्ध्रौं शीर्षक *बास्ना भरी भै झर* मा यातनागृहमा थुप्रै युवतीहरूलाई जल्लादहरूले नारी जातिको अमूल्य पवित्र शील छेदन गरी कैयौं दिन जबरजस्ती बलात्कार गरी बेहोस पारेर जिउँदै खाडलमा पुरेर भोलिपल्ट नै रेडियोमा दोहोरो भिडन्तमा आतङ्ककारीको मृत्यु भनेर फुक्ने फासिस्ट राज्य नीतिका विरुद्धमा जनतालाई न्याय दिलाउन र महिला मुक्तिलाई अग्रगामी दिशातिर लैजान नेतृत्व वर्गलाई अनुरोध गरेको प्रसङ्ग उल्लेख छ ।

प्रस्तुत काव्यको सोहौं शीर्षक *यै भन्दछे पार्वती* मा कविले सम्पूर्ण सहिदका श्रीमतीहरूलाई पार्वतीको प्रतीकको रूपमा लिदै उनीहरूले अब धर्तीमा नयाँ बिहानी आओस् भन्ने चाहना राखेको धारणा व्यक्त गरिएको छ ।

यस काव्यको सत्रौं शीर्षक *हाम्रो खबर्दार छ* मा देशको विकासको लागि बसेका नेतृत्ववर्गले व्यक्तिगत स्वार्थबाट पर रहेर देश र जनताको हितको लागि काम गर्नुपर्छ, कर्तव्य पथबाट चिप्लिए भने जनताहरूले छाड्ने छैनन् भन्दै जनताको खबरदारीलाई यहाँ प्रस्तुत गरिएको छ ।

प्रस्तुत काव्यको अठारौं शीर्षक *पाक्लान् मिठा सुन्तला* मा शान्त नेपालको निर्माण गरी गुलाफसरी सुन्तला पकाउने चाह कविमा रहेको कुरा यहाँ प्रस्तुत गरिएको छ ।

यस काव्यको उन्नाईसौं शीर्षक *छर्दा हुने चाँदनी* मा आकाशमा तारा छरिँदा हुने उज्यालोझैं नेपाल देश प्रकाशमयी बनाउन प्रचण्डप्रति आग्रह गरिएको छ ।

प्रस्तुत काव्यको बीसौं शीर्षक *फर्केर आउ कलि* मा विकसित कलियुगलाई आउन आह्वान गरिएको कुरा उल्लेख भएको छ ।

यस काव्यको एक्काईसौं शीर्षक *फालूँ अँध्यारो दिन* मा मर्न र मार्न नडराई अँध्यारो दिन फाली उज्यालो दिन ल्याएरै छोड्नुपर्छ भन्ने जनताप्रति कविको आग्रह रहेको छ ।

यसरी हरिहर सविताले जनआन्दोलनका महान् नायक पुष्पकमल दाहाल कमरेड प्रचण्डलाई सल्लाह, सुझाव एवम् आशीर्वाद दिँदै तत्कालीन समयको सङ्कटकालीन अवस्थामा राज्यशक्तिले निहत्था जनताप्रति देखाएको व्यवहारलाई सङ्केतात्मक रूपमा व्यक्त गरेका छन् ।

### ४.३.४.२ लय र छन्द

प्रस्तुत काव्यमा शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । शार्दूलविक्रीडित छन्दलाई आत्मसात् गर्ने सन्दर्भमा बरु सविता शब्द प्रयोगमा चुकेका छन् । शार्दूलविक्रीडित छन्दका केही श्लोकहरू यसप्रकार छन् :-

नारी हुन् मुटुतुल्य गृहगहना क्रोधाग्निमा ती जले

आत्मा हुन् पतिकी सुवाससँगकी मरुहरूमा जले । पृ. ४

यस पद्यको प्रथम चरणको आठौं पद दीर्घ हुनुपर्नेमा ह्रस्व रहेको छ । दोस्रो चरणको तेह्रौं र चौधौं अक्षर दीर्घ हुनुपर्नेमा ह्रस्व भएको छ । त्यसैले यिनका कवितामा शार्दूलविक्रीडित छन्दको लय ग्रहण गरिए पनि छन्दोबद्धता कायम हुन नसकेकाले छन्दोभङ्ग दोष यसरी नै यत्रतत्र देख्न सकिन्छ । सम्पूर्ण श्लोकहरू एउटै छन्दमा संरचित भए पनि साहित्यकार हरिहर सविता छन्द प्रयोगमा तुलनात्मक रूपले सफल छैनन् ।

### ४.३.४.३ परिवेश

शिक्षालय, दरबार, सत्ता, घाट, राँची, वसन्त ऋृतु, जेल, गौर घटना, चौराली, भञ्ज्याङ्ग, पाखो खेतबारी, सुर्खेतजस्ता केही स्थलगत, केही घटनागत एवम् केही प्राकृतिक परिवेशमा प्रस्तुत प्रचण्डलाई पत्र काव्यले पूर्णता प्राप्त गरेको छ । परिवेशगत उदाहरण यसप्रकार देखाउन सकिन्छ :-

राँचीमा उपचार गर्न अब यी सत्तामुखीको गण

लानै पर्छ कि ? वा बुझाउ खलती दर्बारमा अर्पण । पृ. १५

यहाँ नेतृत्वदायी सत्तामुखीलाई राँचीमा उपचारको लागि लैजानु पर्छ भन्ने कुरालाई सङ्केत गरिएको छ ।

### ४.३.४.४ पात्रविधान

यस काव्यमा प्रमुख पात्र जनआन्दोलनका महान् नायक पुष्पकमल दाहाल कमरेड प्रचण्ड रहेका छन् भने यिनलाई छवि, छविमयी, हंसमुखी भनेर विभिन्न नामले पुकारेका छन् । तत्कालीन सत्तासीनहरू र विद्रोही पक्षका रूपमा परिचित नेपाल कम्युनिष्ट पार्टी माओवादीका तथाकथित कार्यकर्ताहरू सहायक पात्रका रूपमा रहेका छन् । त्यस्तै गरेर काव्यलाई खासै गति प्रदान नगर्ने अझ भनौं कुनै भूमिका नै नभएका गौण पात्रहरू पनि प्रशस्त रहेका छन् ।

प्रस्तुत काव्यमा सहायक र गौण पात्रहरू क्रमशः जलजला, डी.पी., इच्छुक, बासु, पाखिन बूढा, आमा, बैनी, सखा, बालबालिका, जनता, दाजु, गिरिराज, शशिकला, चुनु, पुष्प, कोमलकली, हत्याराहरू, किसानी, जल्लाद, श्यामा, पार्वती, कला, मरीयार्टी आदि पात्रहरू

रहेका छन् । साथै यस काव्यमा मानवीय पात्रका अतिरिक्त मानवेतर पात्रहरू कोइली, न्याउली, गोही, चिलको पनि प्रयोग गरिएको छ । यसरी बहुपात्रको प्रयोगले काव्यमा केही अवरोध आए पनि लय, वर्णन र विवरण शृङ्खलाबद्ध हुँदै जाँदा कौतूहलताको निर्वाह गर्न काव्य सफल भएको मान्न सकिन्छ ।

### ४.३.४.५ उद्देश्य

**प्रचण्डलाई पत्र** काव्यको उद्देश्य वि.सं. २०५८ सालमा नेपालमा सरकारी पक्ष र विद्रोही पक्षबीच भएगरेका क्रियाकलापहरूलाई पाठकसामु पस्कनु र प्रचण्डलाई देशका खातिर थप प्रोत्साहन प्रदान गर्नु रहेको छ ।

### ४.३.४.६ भाव

यस काव्यमा वीरभावले प्रमुख स्थान ओगटेको पाइन्छ । सङ्कटकालीन अवस्थामा सत्तासीन पक्षबाट विद्रोही पक्षमाथि गरेका व्यवहारहरूलाई यस काव्यमा वीरभावमा प्रस्तुत गरिएको छ ।

### ४.३.४.७ कथनपद्धति

यस काव्यको समाख्याता म पात्र नभई स्वयम् कवि नै परिवेश र वातावरणको समाख्याता बनेकाले तृतीय पुरुष वा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.३.४.८ भाषाशैली र संरचना

प्रस्तुत **प्रचण्डलाई पत्र** (२०६४) काव्यको भाषा सरल, सहज छ । काव्यका विभिन्न स्थानमा प्रशस्तै छन्दोभङ्गका स्थितिहरू रहेका छन् तैपनि काव्य कलात्मक, सहज, सरल र सुबोध रहेको छ । यस काव्यका पत्रहरूमा सहज शैलीमा अति सरल शब्दहरूको प्रयोग गरिएको छ । गीतिलयात्मक शैली भएकाले अनुप्रासीय संरचना मिलेको पाइन्छ । व्याकरणिक दृष्टिले केही शब्द र वाक्यहरू अशुद्ध भएतापनि अर्थप्राधान्यताका आधारले निकै गहकिलो भाषाशैली रहेको छ । यो काव्य शिल्पशैलीगत रूपमा सरल भएकाले सजिलै बुझ्न सकिने खालको रहेको छ । यस काव्यको संरचना हेर्दा यो लघु आयामको देखिन्छ । यस काव्यको कवितात्मक भाग त्रिचालीस पृष्ठमा समेटिएको छ भने जम्मा पृष्ठ संख्या एकसट्ठी रहेको छ । यसमध्ये अठार पृष्ठमा प्रकाशकीय विभिन्न साहित्यकारहरूको मन्तव्य एवम् हरिहर सविताको *आत्म निवेदन* लेखिएको छ । यस काव्यमा एक्काईस ओटा शीर्षक र एकसय चौहत्तर श्लोकहरू रहेका छन् । यस काव्यको मुख आवरणमा प्रचण्डको तस्वीर,

उनको छातीमा नेपाल राष्ट्र रहेको छ भने केही तलपट्टि उनैलाई प्रेषित गरिएको पत्रको बाहिरी आवरण वा खाम रहेको छ । त्यस्तै काव्यको पछिल्लो आवरणमा साहित्यकार हरिहर सविताको तस्वीर र केही तल सानो आकारमा मुखपृष्ठ रहेको छ । यही संरचनामा **प्रचण्डलाई पत्र** काव्य संरचित छ ।

### ४.३.४.९ प्रतीक, बिम्ब, अलङ्कार, रस

प्रस्तुत **प्रचण्डलाई पत्र** काव्यमा केही सामान्य खालका प्रतीक, बिम्बहरूको प्रयोग गरिएको छ । तत्कालीन सरकारी पक्षलाई बुझाउनका लागि गोमन, कालो भूत, अन्धोराक्षस जस्ता प्रतीकात्मक शब्दहरूको प्रयोग गरिएको छ ।

यस काव्यका अधिकांश श्लोकहरू वीर रसले भरिएका छन् भने यदाकदा करुण रसको समेत प्रयोग गरिएको छ । वीर रसयुक्त र करुण रसयुक्त श्लोकका केही उदाहरण क्रमशः यसप्रकार छन् :-

वीर रसको एक उदाहरण-

छाती प्वाल पऱ्यो मऱ्यो सहिद भो झन् दुष्टता हाँस्तछ
सम्झी दिल चसक्क हुन्छ अहिले छाती सबै चल्दछ । पृ. ७

त्यस्तै करुण रसको एक उदाहरण-

अश्रुधार बगाउँदै धुरुधुरु, मान्छे नरोए हुने
भोको पेट लिएर टुल्टुल गरी, मान्छे नमर्दा हुने । पृ. ९

प्रस्तुत **प्रचण्डलाई पत्र** काव्यमा करुण रस र वीर रसको प्रयोग भएतापनि दुवै रस परिपाकमा पुग्न नसक्नु यस काव्यको दुर्बल पक्ष हो । अलङ्कारका दृष्टिले उत्प्रेक्षा र उपमा अलङ्कारको छिटफुट प्रयोग हुन आएको देखिन्छ ।

त्यस्तै उत्प्रेक्षा अलङ्कारको उदाहरण :

त्यो सारा सपना उमारी मनमा चातुर्य दर्साऊँ म
रातो सूर्य उठाई यौ धरतीमा माधुर्य बर्साऊँ म । पृ. १७

उपमा अलङ्कारको उदाहरण :

मीठो सुन्दरता बिछट्ट रसिलो हाँगा नुहेका रवि
आभा दिव्य दिँदै बगे अब हुने यौटा उज्यालो छवि । पृ. २९

### ४.३.५ निष्कर्ष

**प्रचण्डलाई पत्र** काव्य (२०६४) एक्काईस शीर्षकमा संरचित त्रिचालीस पृष्ठको लघुकाव्य हो । यसलाई मानवतावाद अनुसन्धान केन्द्र शिक्षा तथा सञ्चार विभागले वि.सं. २०६४ मा

प्रकाशन गरेको हो । यस काव्यमा वि.सं. २०५८ सालको सङ्कटकालीन अवस्थामा यन्त्रणा गृहमा नारकीय यातना र जड आतङ्क सहेर देश र जनताप्रति पूर्ण विश्वासका साथ समर्पित हुँदा भएगरेका धरपकड, यातना एवम् सत्तासीन पक्षका व्यवहारहरूलाई प्रस्ट्याउने कार्य गरिएको छ ।

### ४.३.६ पुष्प-पत्र महाकाव्यको अध्ययन

**पुष्प-पत्र** महाकाव्य (२०६५) नेपाली महाकाव्यको इतिहासमा नवीन प्रयोगको रूपमा लेखिएको महाकाव्य हो । पत्रात्मक शैलीद्वारा मार्क्सवादी दर्शन द्वन्द्वात्मक भौतिकवाद एवम् ऐतिहासिक भौतिकवादलाई प्रतिपाद्य विषय बनाई लेखिएको यो महाकाव्य मार्क्सवादको एक प्रतिनिधि महाकाव्यको रूपमा स्थापित हुन सक्ने छनक पाइन्छ । दर्शनशास्त्रका गहन विषयलाई उतारिएको यस महाकाव्यलाई वैचारिक महाकाव्य मान्न सकिन्छ । काव्यमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादका सार्वभौम तीन नियमहरू मात्राबाट गुणमा परिवर्तनको नियम, विरोधीहरूको एकताको नियम, निशेषको निशेष नियमहरूलाई अक्षरशः पालन गरी लेखिएको यस महाकाव्यमा मानव जीवन र जगत्का समस्त समस्याहरूको निराकरण गर्न सक्ने क्षमता द्वन्द्वात्मक र ऐतिहासिक महाकाव्यमा प्रस्तुत भएको छ ।[157]

रातो आन्दोलनकी नायिका भनेर चिनिने साहित्यिकार पुष्पलता आचार्यलाई बहिनी सम्बोधन गरेर लेखिएको सत्ताईसवटा पत्रमार्फत मार्क्सवादका नियमहरू, अवधारणाहरू, ज्ञानसिद्धान्त, समाजको वर्गीय संरचना, सामाजिक परिवर्तन, उत्पादन क्षेत्रमा परिवर्तन, राज्यक्रान्ति र राज्यको विलुप्ति, श्रम र पूँजीको संरक्षण, सामाजिक सम्पूर्ण आवश्यकताहरूको परिपूर्ति समाजवादी र साम्यवादी मानव समाजको उदय इत्यादि बारेमा विविध कोणबाट काव्यिक व्याख्या विश्लेषण गर्ने प्रयास कविले गरेका छन् ।[158]

प्रगतिवादी धारबाट मानवतावादी जीवनदर्शनलाई समन्वय गर्दै प्रकृति र आत्मचिन्तनको सहभाव र युगचेतनाको अभिव्यक्ति भएको यस काव्यमा मानवीय अस्तित्वको खोजी गर्दै युगीन जीवनका राष्ट्रियता र अन्तर्राष्ट्रिय आलोकमा तिनको सूक्ष्म पर्यवेक्षण गर्दै लेखिएको यस महाकाव्यमा महाकाव्यका परम्परागत मान्यताहरू देखिँदैनन् । यसमा कुनै धीरोदत्त नायक छैन । सर्गको रूपमा पात्रहरू भए पनि तिनले सर्गीय नियमहरूलाई पालना गरेका छैनन् । एउटा सर्ग एउटै छन्दमा हुनुपर्ने र सर्गान्तमा छन्दान्तरण हुनुपर्ने, सर्गान्तमा आगामी कथाको पूर्वाभास हुनुपर्ने जस्ता महाकाव्यीय नियमका कुराहरू यसमा अवलम्बित भएका छैनन् । महाकाव्यमा तीन, चारवटा पत्रबाहेक अन्य पत्रहरू छन्दमा छैनन् र छन्दमा भएका पनि छन्दका नियम र सिद्धान्तको उचित

---

[157] डी.आर पोखरेल, *पुष्पपत्र नयाँ खालको महाकाव्य,* **पुष्पपत्र,** हरिहर सविता, (काठमाडौं : पुष्पलता आचार्य, २०६५), पृ. ण ।
[158] ऐजन ।

पालना गरिएको देखिँदैन र बाँकी पत्रमा पूर्वीय र पाश्चात्य काव्यसिद्धान्त अनुरूपको प्रबन्धात्मकता पनि पाइँदैन ।

यस महाकाव्यको सैद्धान्तिक पक्षको व्याख्या विश्लेषण गर्नको लागि खण्डकाव्यकै तत्त्वहरूलाई आधार मानिएको छ । जसको सिलसिलेवार व्याख्या माथि ४.३.२ मा गरिएको छ ।

### ४.३.६.१ कथानक

पत्र एक- कविले मान्छेको जीवनसँगसँगै मृत्यु हुन्छ भन्ने विसङ्गत जीवनको चर्चा गरेका छन् । पूर्वजन्म र पुनर्जन्मलाई मृगतृष्णा मान्दै भौतिकवादी दृष्टिकोणमा काव्यको भाव पक्षलाई समेटिएको छ । यस पत्रमा अध्यात्मवादी दृष्टिकोणलाई वहिष्कार गर्दै मान्छेको जीवन कुनै परमात्माको देन नभै प्रकृतिको वरदान हो भन्ने भौतिकवादी चिन्तनको दह्रो आधार प्रस्तुत गर्दै मानव शरीर ‘लास’ बनेपछि फर्केर जीवित आङ्गिक सरलतामा पुग्दैन भन्ने क्रान्तिकारी भौतिकवादी दर्शनशास्त्र अनुरुपको जीवनको व्याख्या सुनाउँदै आफ्नी बहिनीलाई आस्वस्त पारिएको छ । कविका अनुसार भौतिकवादलाई पूर्णतः विश्वास गर्दै मृत्युपछिको जीवन अस्तित्वहीन, स्थानविहीन र समयहीन हुन्छ भन्ने आफ्नो जीवनवादी मत यस पत्रमा प्रकट गरेका छन् ।

पत्र दुई - यस काव्यको दोस्रो पत्रमा कविले कार्लमार्क्सको द्वन्द्वात्मक भौतिकवादी दर्शन, पूँजीवादी असमान अर्थव्यवस्थाको चर्चा गरेका छन् । पूँजीवादको पूर्णतः समर्थन गरेर कान्तिपुत्रको हत्या गर्न खोज्ने पूँजीवादी दर्शनका विरुद्धमा उत्रने कान्तिपुत्रले यस पत्रमा स्थान प्राप्त गरेको छ । काव्यकी नायिका पुष्पलतालाई साक्षी राखी कविले पूँजीवादलाई अन्धकार युगको रूपमा चित्रण गर्दै त्यसका विरुद्धमा क्रान्तिलाई घाम या प्रकाशको प्रतीकका रूपमा कविले व्यक्त गरेका छन् ।

पत्र तीन- यस काव्यको तेस्रो पत्रमा ज्ञानको कुहिरोलाई फ्याकेर द्वन्द्वात्मक भौतिकवादको सहाराले ब्रह्माण्डको कुरा गर्ने इच्छा व्यक्त गरिएको छ । यस पत्रमा अलवर्ड आइन्सटाइन, कार्लमार्क्सका चिन्तन, सृष्टिको आन्दोलन हेर्ने कोलम्बसको यात्रा एवम् चार्ल्स डार्विनको जीव उत्पत्ति सम्बन्धी सिद्धान्त सबै द्वन्द्वात्मक भौतिकवादका स्वतन्त्र अभिव्यक्ति हुन् भन्ने कविको चिन्तनलाई यहाँ प्रस्तुत गरिएको देखिन्छ ।

पत्र चार - यस पत्रमा कविले चेतनाको कुरालाई उठाएका छन् । प्रकृति र पदार्थबाट बनेको मानिस र मानिसभित्रको चेतना, चिन्तन र बोधमा निर्माण हुन्छ, साथै मानवजीवन भन्नु ईश्वरीय वरदान नभै प्रोटिन पिण्डहरूको अस्तित्व हो भन्ने भौतिकवादी चिन्तन यहाँ प्रस्तुत भएको

छ । यस पत्रमा चिन्तन र चेतनालाई पदार्थसँग जोडेर भौतिकवादी जीवनदर्शनको साहित्यिक रङ्गलाई सुललित ढङ्गमा प्रस्तुत गर्ने कला प्रदर्शन यस पत्रको मुख्य अभीष्ट रहेको देखिन्छ ।

पत्र पाँच - यस महाकाव्यको पाँचौ पत्रमा गरिब सर्वहारा दु:खी जनताहरू सहानुभूतिका भाव सम्प्रेषण गर्दै पुराना र पुरातनपन्थी पूँजीवादका विरोधमा निशेषको निशेष सम्बन्धी मार्क्सेली नीति अवलम्बन गर्न बहिनीलाई सङ्केत गरिएको छ । खण्ड नछुट्याइएको दुई भागमा संरचित यस पत्रको पछिल्लो भागमा पुरानालाई फालेर नयाँ अग्रगामी वर्गहरूको हितमा समाजका जीर्ण रूपको अन्त्य गरी नयाँ प्रगतिशील रूपको जन्म यस पत्रमा गरिएको छ ।

पत्र छ - यस महाकाव्यको छैटौं पत्रमा बहिनी भनी ठाउँठाउँमा सम्बोधन गर्दै एउटै परस्पर विरोधी पक्षहरू शान्तिपूर्ण ढंगले रहँदैनन् भनी नयाँ र पुरानाका बीचमा अन्तर्विरोध र सङ्घर्ष भैरहने यथार्थबोध गराइएको छ । कविले यहाँ समाजवादी र प्रतिक्रियावादी, समाजवाद र साम्राज्यवादका बीचमा ठूलो अन्तर्विरोध रहेको हुनाले निरन्तर सङ्घर्ष गर्नु मार्क्सवादी सिद्धान्तको कर्तव्य रहेको चर्चा गरेका छन् ।

पत्र सात - यस महाकाव्यको सातौं पत्रमा वस्तुको परिवर्तनशीलता, क्रमहीन फड्को र विच्छिन्नताबाट नयाँ सामाजिक व्यवस्था स्थापित हुने कुरा व्यक्त गरिएको छ । मजदूर वर्गलाई क्रान्तिकारी सङ्घर्षबाट र गुणात्मक परिवर्तनलाई इन्कार गर्ने संशोधनवादीहरूले क्रान्तिमा हानि पुऱ्याउने हुँदा त्यस्ता शक्तिहरूबाट सचेत हुन बहिनीलाई आग्रह गरिएको छ । मानवजीवनमा सङ्घर्ष र सचेतताको बीउ रोपेर शिशिरे हिंस्रक षड्यन्त्रलाई परास्त गर्नु हाम्रो उद्देश्य हुनुपर्छ भनी काव्यमा आग्रह गरिएको छ ।

पत्र आठ - **पुष्प-पत्र** महाकाव्यको आठौं पत्रमा साम्यवादी सिद्धान्तको रूपले चिनाउन खोजिएको छ । पुरानोबाट नयाँमा सङ्क्रमण हुँदा कुनै आंशिक रूपमा त कुनै पूर्णरूपमा फेरिनु परिवर्तनको सिद्धान्त हो भन्ने कुरालाई कविले यहाँ उल्लेख गरेका छन् । समाजमा क्रान्तिविना पूँजीवाद समाजवादतर्फ संक्रमण हुन सक्दैन, त्यसैले पूँजीवादका अवशेषहरू पूर्णरूपले नष्ट गर्न र गुणात्मक परिवर्तन ल्याउन जनचेतना जगाउन सके समाजवादी सिद्धान्तले साम्यवादी सिद्धान्तको रूप लिने कुरा यस पत्रमा कविले उल्लेख गरेका छन् ।

पत्र नौ - यस महाकाव्यको नवौं पत्रमा कविले अध्यात्मवादी अवधारणाका विपक्षमा उभिएर भौतिकवादी सिद्धान्तको पक्षमा वकालत गर्दै केही काव्यात्मक अभिव्यक्ति र भौतिकवादी जीवनदर्शनलाई कथ्य विषय बनाएका छन् । राजनीतिलाई थाङ्नामा लपेटेर शिशुलाई

झोलुङ्गामा हालेर हल्लाएको अभिव्यक्ति दिँदै दर्शनमा दुधे शिशुलाई बोलाएर संवेदनशीलताको पाठ सिकाउने सन्देश कविले यहाँ दिन खोजेका छन् ।

पत्र दस - यस महाकाव्यको दसौँ पत्रमा कविले अघिल्ला पत्रहरूमाझैँ पूँजीवादी व्यवस्थाको विरोध गर्दै श्रमिकहरूको सहजीवनमा मानवीयता देखेको कुरा यस पत्रमा उल्लेख गरेका छन् । पूँजीवादलाई गोहीका आँशु, गोमन फोणाहरू, करेत आदिमा आरोपित गर्नु उनको काव्यिक उद्देश्य देखिन्छ । समाजमा विद्यमान, क्रूरता, अन्याय, जल्लादका बारुदखाना, सिकारी, विषनंग्रे, पखेटा नभएका दुईखुट्टे गिद्दको दुगुऱ्याइ, चितुवाका विषाक्त दाँतहरूसँग कुनै सम्झौता नगरी चट्टान सरह आफू बाँचिरहेको आत्मकथालाई कविले यसपत्रमा उल्लेख गरेका छन् ।

पत्र एघार - पुष्प-पत्र महाकाव्यको एघारौँ पत्रमा प्रकृतिको सर्वोपरितालाई उल्लेख गर्दै समाज प्रकृतिकै एक विशेष अङ्ग हो र यसको स्थायी रूपमा प्रकृतिसित यसको अन्योन्यक्रिया चालु रहन्छ भन्ने कुरा कविले उल्लेख गरेका छन् । प्रकृतिसँग अन्योन्यक्रियाविना मानवीय श्रमको उत्पादन कार्य हुँदैन यही प्रकृतिसँग संघर्ष गरेर नै मानिसले जीवनयापनका साधन प्राप्त गर्दछ, साथै मान्छेका आधारभूत आवश्यकतामध्ये गास, बास, कपासबिना मान्छे बाँच्न सक्दैन, यसको लागि श्रम खर्चनुपर्छ । त्यसैले श्रम नै सामाजिक जीवनको आधार हो भन्ने धारणा कविको रहेको छ ।

पत्र बाह्र - यस महाकाव्यको बाह्रौँ पत्रमा नारीजातिमाथिको बर्बरपूर्ण व्यवहारको चर्चा कविले गरेका छन् । मानव सभ्यतामा देखिएका यी कुत्सित कुकर्मले जति व्याख्या गरे पनि थोरै हुने सङ्केत यहाँ गरिएको छ । यस काव्यमा घाँटी निमोठिनु, गोलीका सिकार बनाउनु, युवतीहरू जल्लादका जन्जीरमा बलात्कृत हुनु, यो देखेर क्षितिज रुनु, वसन्तसँगै कोइली रुनु, लाजले अनुहार लुकाएर मूक विरहमा प्रकृति रुनुजस्ता प्रकृतिपरक बिम्बहरूले काव्यात्मक उचाइ छुन पुगेको यो पत्र उत्कृष्ट ठहरिएको छ ।

पत्र तेह्र - यस महाकाव्यको तेह्रौं पत्रमा कविले साम्यवाद भनेको स्वतन्त्र र चेतनशील श्रमिकहरूको अति नै सङ्गठित तर सम्पूर्ण मानव समाजको पूर्ण हित गर्ने राज्यव्यवस्था हो भन्ने निष्कर्ष निकालेका छन् ।

पत्र चौध - यस महाकाव्यको चौधौं पत्रमा कविले आफू हिंस्रक सिकारीबाट दुवै पखेटा काटिएर अर्धमृत चरोजस्तै वीभत्स, अत्तालिँदै अविश्राम उडिरहेको यो गन्तव्यहीनपंक्षीको रूपमा आफूलाई लिएका छन् । कालो बादलभित्र काटिएका पखेटा फट्फटाउँदै सृष्टिको सम्पूर्ण

वस्तु दर्शनको मधु घडामा घोलेर, अक्षरहरूमा इमानदारिताको चस्मा लगाएर स्वतन्त्रताको मिरमिरेजस्तै लाग्ने वर्तमानमा पीयूषमयी बहिनीलाई ममताका अक्षरहरूमा पोको पारेर पत्रमा युग-युगको विश्व व्यथा कविले पोखेका छन् । कविले यहाँ मानवजीवनलाई कुनै घेरामा बाँध्नु हुँदैन, परिभाषामा सुम्पन दिनु हुँदैन भन्दै वर्ग विभाजित समाजका कुराहरू उल्लेख गर्दै श्रमको सर्वोच्चताको चर्चा गरेका छन् ।

पत्र पन्ध्र - यस महाकाव्यको पन्ध्रौँ पत्रमा लेखक दर्द, मर्म, व्याकुल शोकको अवस्थामा पुगेर आफूलाई बाँच्न कठिन भएको कुरा उल्लेख गरेका छन् । उनीमाथि मानवीय संवेदना चाङ लाएर थुप्रेका छन् र प्रकृतिले ठगेर अनेक वज्रपात सहनुपरेको गुनासो गर्दै आफ्नो अतीतकालीन संस्मरणले झनै मन छिया-छिया पार्ने हुनाले ती दिन सम्झनै नचाहेको कुरा उनले व्यक्त गरेको पाइन्छ ।

पत्र सोह्र - यस महाकाव्यको सोह्रौं पत्रमा सर्वहारा वर्गहरू समय, साधन, परिस्थिति र शिक्षाको अभावले आफूभित्र सिद्धान्तको सिर्जना गर्न सक्दैनन् भनी कविले उल्लेख गरेका छन् । सर्वहारा वर्गलाई बुद्धिजीवी वर्गका प्रतिनिधिहरूले सिद्धान्तको निर्माण गरिदिनुपर्ने आवश्यकतालाई यहाँ कविले औंल्याएका छन् । समाजलाई विधिवत् निर्माण गर्नु गमलाको फूल र मौरीको हुल हेर्नुपर्ने र सबै तहका वर्गका मस्तिष्क फेर्नुपर्ने सन्देश पनि उनले यस पत्रमा दिएका छन् ।

पत्र सत्र - **पुष्प-पत्र** महाकाव्यको सत्रौं पत्रमा कविले आफूभित्रको बैचैनी र छटपटी, थिचिएको परिस्थिति काव्य नायिका पुष्पलाई सुनाइएको प्रसङ्ग छ । आफू विचलित भएका बेला त्रिकाल, वस्तु ब्रह्माण्ड दर्शन, भावना, शान्ति र चेतनाका कुरा गरेर साहित्यको प्रयोगशालामा पुऱ्याई संवेदना, जिन्दगी, छटपटी र परिवर्तनका कविता लेख्ने उत्प्रेरणा प्राप्त भएकोले यसप्रति कवि अनुगृहीत देखिन्छन् । कविले यहाँ कवितै कविताको थुप्रो महाकविता भनेर मायाले सुम्सुमाइदिन बहिनीलाई अनुनय गरेका छन् ।

पत्र अठार - यस महाकाव्यको पत्र अठारलाई रचनाकारले दर्शनभित्रको दर्शन भनेका छन् । दर्शनलाई मूल विषय बनाइएको यस पत्रमा प्रेम र विवेकभित्र दर्शनको खोजी कविले गरेका छन् । कविका अनुसार सूर्य तेजोमय दर्शन हो र यसले निष्पक्ष भई सबै पदार्थसँग प्रेम गर्दछ । कविको प्रश्नको उत्तरमा संवादात्मक ढाँचामा सूर्यले धर्तीलाई प्रेम गर्नुको तर्क र पुष्टि दिएको रोचक प्रसङ्ग कविले उठाएका छन् ।

पत्र उन्नाईस - कविले पत्र उन्नाईसमा पितृप्रेमभन्दा मातृप्रेमका पक्षमा शब्द खर्चिएका छन् । पुरुषहरूमा भन्दा नारीहरूमा प्रेमको धैर्यता प्रवल रहेको, नपुँसक पतिको आँखा छलेर उसले कसैलाई शरीरमाथि सुताएर एउटा बच्चा जन्माई सृष्टिसँगको प्यारो प्रेम बरबादी नहोस् भन्ने काव्यकार हरिहर सविताको सदिच्छा छ । कवि यहाँ स्वास्नी मान्छेको शरीर मीठो मासु मात्र सम्झनेहरूका विरुद्ध खनिएका छन् । प्रेम आफ्ना निम्ति केही लिनका निम्ति होइन, बरु दिन र आत्मदान गर्नका निम्ति हो र यस्तो प्रेम समष्टिगत विश्वजनीन आत्ममुक्तिको प्रेम नारीसुलभ प्रेम हो भन्दै कविले यसैमा मानवजातिको उद्धार र कल्याण अन्तर्निहित रहेको सन्देश दिएका छन् ।

पत्र बीस - **पुष्प-पत्र** महाकाव्यको बीसौं पत्रमा कविले काव्यिक सुन्दरतालाई अन्यन्तै राम्रो तरिकाले निर्वाह गरेका छन् । काव्यात्मक सौन्दर्यले सजिएको यस पत्रमा मान्छेलाई मणि, प्रेम र महाकाव्यको स्वरूपका रूपमा लिन खोजेको कुराको बयान कविले गरेका छन् ।

पत्र एक्काईस - यस महाकाव्यको एक्काईसौं पत्रमा असल नेताका गफ र विशेषताको चर्चा छ । देशको एउटा असल नेताले आफ्ना नागरिकलाई भातृत्व प्रेम दिन सक्नुपर्छ, साथै उनीहरूको सहमति र सहयोग लिई सत्य र इमान्दार भई तानाशाहको विपरीत भएर जनताको संरक्षण गर्ने न्यायसङ्गत, शिष्ट र व्यवहारिक चरित्रको व्यक्ति जनताको नेता हुने कविको धारणा रहेको छ । कविले यस पत्रमा सहिदको योगदानको चर्चा गर्दै सहिदका लास र टाउकाहरू बली चढाएर सहिदको रगतमा माटो मुछेर विश्वासको टीका नेताहरूलाई लगाइदिने कविको चाहनाले काव्यमा मूर्त रूप पाएको छ ।

पत्र बाईस - पुष्पपत्र महाकाव्यको बाईसौं पत्रमा कविले आफ्नो आँखा अगाडि मारिएका क्रान्तिपुत्रका लासहरू चिन्छस् कि चिन्दैनस् भनी बोकासाहरूले सोधेको प्रश्नलाई भित्रभित्रै लालसलाम गरी म चिन्दिन भन्नुपर्ने बाध्यता रहेको र कवि स्वयम्को मृत्युसँग गोप्य भेट भएको काव्यात्मक आत्मकथनलाई यस पत्रमा प्रस्तुत गरिएको छ ।

पत्र तेईस - यस महाकाव्यको तेईसौं पत्रमा क्रान्तिका यात्रामा हिंडिरहेका बेलामा आमाको काखको दुधे बच्चा हिंस्रक सिकारी बाघले सिकार गरेको दृश्य कविले आफ्नो मानसपटलमा फनफनी घुमिरहेको प्रसङ्ग उल्लेख गरेका छन् । अपराधी न्यायको कठघराबाट फुत्किन भ्याएमा बहिनीले रातो सूर्य झिकेर हाँगा काटिरहेको कालिदास सम्झेर सिरक, होइन सूर्य ओडाउनु भनी काव्यकार सविताले व्यक्त गरेका इच्छाहरू यस पत्रमा प्रस्तुत गरिएको छ ।

पत्र चौबीस - यस महाकाव्यको चौबीसौं पत्रमा प्रकृति चित्रणको मनोहारी प्रस्तुति छ । प्रकृतिलाई नायिका बनाई कवि स्वयम् नायक बनेको र शृङ्गार रसको आश्रयमा रोमाञ्चक अभिव्यक्ति कलाको निखार रहेको यस पत्रमा रचनाकार प्रकृतिमा नै रम्न चाहेको देखाइएको छ । कविले यहाँ प्रकृतिले सुनगाभा, लालीगुराँस, धुपी, सल्ला, गुलमोहर, आँपका मञ्जरी देखाएर एउटी पोटिली युवती अर्धनग्न पारेर मध्यरातमा सर्जकले ओढेको खोलभित्र पठाए पनि प्रकृतिसित उसका मर्म, व्यथा र संवेदनासित समाविष्ट भई कविले बोटबिरुवा, पशुपक्षी, माटो, पानी, हावामा प्रदूषण फैलाउन नहुने सङ्केत गरेका छन् । कविले यहाँ प्रदूषित युगलाई रण्डो भनेका छन् साथै प्रकृतिमाथि संवार भएकोले आफू पनि रण्डो भएको स्वीकारेका छन् ।

पत्र पच्चीस - यस महाकाव्यको पच्चीसौं पत्रमा कविले सहिदको सम्झना, मानचित्र निर्माण, जीर्ण जग भत्काएर नयाँ घर निर्माणको सुनौला भविष्यका सम्भावना सम्हाल्न म्याराथुन यात्राको आवश्यकतालाई यहाँ कविले औंल्याएका छन् । विधवाको सिउँदोले गिज्याउनु, देश हिरोशिमा बन्नु, युवतीका चुरा फुट्नु, हतभागीहरू भोकभोकै मरिरहनु जस्ता विडम्बना र दुर्भाग्यको स्मरण कविले यस पत्रमा गरेका छन् ।

पत्र छब्बीस - यस महाकाव्यको छब्बीसौं पत्र दरबारकाण्डसँग सम्बन्धित रहेको छ । चतुर नेताहरूको क्रियाकलाप र नागार्जुन दरबारको सिर्जनाका साथै तानाशाहको व्यवस्थापनप्रति कवि रुष्ट देखिएका छन् । कविले यहाँ फाँसीको तख्तामा तुर्लुङ्ग झुण्ड्याउनु पर्ने तानशाहलाई प्रकृतिको रमणीय स्थलमा सुविधाले युक्त नागार्जुन दरबारमा समर गराउनु नेताहरूको महान् भुल भएको ठहर गर्दै कविले राजनीति गर्ने नेताहरूको षड्यन्त्र, भ्रष्टाचार र कुठाराघातले कविको दर्शनलाई अपमान गरेको बोध भएको कुरालाई यस पत्रमा वर्णन गरेका छन् ।

पत्र सत्ताईस - यस पुष्प-पत्र महाकाव्यको सत्ताईसौं पत्रमा उनले बहिनीलाई प्रकृतिको सुरम्य स्थल सुर्खेतको बुलबुले र जलजलामा आमन्त्रण गरिएको प्रसङ्ग ल्याएका छन् । कविले यहाँ दर्शनशास्त्रका बौद्धिक भावावेगलाई विराम दिंदै बहिनी पुष्पलताप्रति आफ्ना अन्तर्हृदयका शब्दसुमन समर्पण गरेका छन् ।

**४.३.६.२ लय र छन्द**

प्रस्तुत पुष्पपत्र महाकाव्यमा मन्दाक्रान्ता र शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । विविध छन्दको प्रयोग गरिएको यस महाकाव्यमा कुनै पनि छन्दको परिपाक रूपमा प्रयोग पाइँदैन । प्रस्तुत काव्यमा मन्दाक्रान्ता र शार्दूलविक्रीडित छन्दका केही सिलोकहरू क्रमश: यसप्रकार छन् :-

बहिनी ! हाम्रो हृदय तटमा झल्कियो द्वन्द्ववाद
दुई थोपासित जलनको वेदना विन्दुसाथ । पृ. ३८

रत्ना चाँदनीझैँ मीठी सून तिमी रुँदैछ मेरो जिमी
मेरो लमजुङ हो मुटु हृदयको तिम्रो पनि हो जिमी
मेरो दिव्य नीति पवित्र मुटु हो नबिर्स प्यारो जिमी । पृ. १४६

यहाँ स्पष्ट देख्न सकिन्छ, यी दुवै छन्दको संरचना भत्केको छ र खालि लयले मात्र छन्दलाई जबर्जस्ती बहन गरेको छ ।

यसैले यसकाव्यमा छन्दोबद्धताका तुलनामा विशेष गरी गद्यलय र त्यसमा पनि भाले गद्यलयको प्रयोग भएको छ ।

**४.३.६.३ परिवेश**

ब्रह्माण्ड, प्रकृति, मरुभूमि, फुटपाथ, पहाड, क्षितिज, चुचुरो, धरती, पोखरी, नारायणहिटी राजदरबार, नागार्जुन राजदरबार, वायुमण्डल सडक, ग्यास च्याम्बर, प्रकाशपिण्ड, वेश्यालय, युग, शताब्दी, पर्खाल मर्स्याङ्दी, ताउँदी-पाउँदी, रामपुरजस्ता केही स्थलगत, केही घटनागत त केही प्राकृतिक परिवेशमा प्रस्तुत काव्यको निर्माण गरिएको छ । परिवेशगत उदाहरणलाई यसप्रकार देखाउन सकिन्छ :

राज्य त नागर्जुन पो निरीक्षण गरिरहेछ ।
मेरो प्रभावमा कालो बादल छायो ।       पृ. २२० ।

यहाँ राजसंस्था अन्त्यपछि पनि राजाले नागर्जुन दरबार निरीक्षण गरिरहँदा कविको मनमा कालो बादल छाएको कुरा उल्लेख गरिएको छ ।

**४.३.६.४ पात्रविधान**

यस काव्यमा प्रमुखपात्र पुष्पलता आचार्य रहेकी छन् भने अन्य पात्रहरूमा स्थानानुसार कोही सहायक त कोही काव्यलाई खासै गति प्रदान नगर्ने अथवा काव्यमा कुनै भूमिका नै नभएका गौण पात्रहरू पनि प्रशस्त रहेका छन् । यसका अतिरिक्त मानवेतर पात्रको पनि प्रयोग गरिएको छ । प्रस्तुत काव्यका सहायक र गौण पात्रहरू क्रमश: शिशिर, अभिमन्यु, प्रभु, मैया लोमोनोसोम, जोउल,

चार्ल्सडार्बिन, हेगेल, फेयरवाद, मार्क्स, एङ्गेल्स, श्रमजीवी, लाटोकोसेरो, बृहद, सूर्य, गोही, शकुनी, आइन्सटाइन, कोलम्बस, वेश्या, मजदुरवर्ग, सर्वहारावर्ग, पूँजीपतिवर्ग, जल्लादहरू, सहिदपत्नी, बोकासा, इदिअमिन, बसुन्धरा, छवि, राजा, ज्यामी, दुधेशशी, सार्कीभाइ, डी.पी. दाइ, परेवा, शिकारी, लेनिन, लाटा, बहिरा, अन्धाहरू, ईश्वर, अप्सरा, बाँदर, नुनु आदि रहेका छन् । यसरी मानवीय, मानवेतर एवम् समूहगत पात्रको प्रयोग यस काव्यमा गरिएको छ ।

### ४.३.६.५ उद्देश्य

अत्यन्त छोटो अवधिको आशुलेखनको उपजको रूपमा रहेको यो काव्यको मुख्य उद्देश्य प्रगतिवादी धाराबाट मानवतावादी जीवनदर्शनको समन्वय एवम् प्रकृति र आत्मचिन्तनको सहभाव युगचेतनाको अभिव्यक्ति रहेको छ । त्यस्तै मार्क्सवादी वैचारिकतालाई अन्तर्वस्तु बनाई द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोणलाई शृङ्खलाबद्ध गर्न खोज्नु अर्को उद्देश्य रहेको छ ।

### ४.३.६.६ भाव

यस महाकाव्यमा वीरभावमूलक पङ्क्तिहरू उल्लेख गरिएका छन् । हिटलर, बोकासा, तोदो र इदिअमिनलाई माथ गर्ने निरङ्कुश शासनको यातनाको प्रत्यक्ष अनुभवको भाव अभिव्यञ्जित संवेदनशील स्वरध्वनि यसकाव्यमा अभिव्यञ्जित रहेको छ ।

### ४.३.६.७ कथनपद्धति

यहाँ महाकाव्यको समाख्याता म पात्र नभई स्वयम् कवि नै परिवेश र वातावरणको समाख्याता बनेको हुनाले तृतीय पुरुष वा बाह्य दृष्टिबिन्दु रहेको छ ।

### ४.३.६.८ भाषाशैली र संरचना

प्रस्तुत **पुष्पपत्र** महाकाव्यको भाषा अघिल्ला कृतिहरूभन्दा तुलनात्मक रूपमा जटिल रहेको छ । सामान्य पाठकलाई बुझ्न हम्मेहम्मे पर्ने दर्शनका कुराहरू व्यक्त गरिएको प्रस्तुत काव्यले बौद्धिक पाठकको अपेक्षा गरेको अनुभव हुन्छ भने काव्यमा छन्दोभङ्गको स्थितिसमेत रहेको छ । वीर भावनाले ओतप्रोत भएको यस महाकाव्यमा धेरै क्रान्तिसँग सम्बन्धित नाम र स्थानको वर्णन रहेको छ । यसको भाषाशैलीसँग साक्षात्कार गर्न केही बौद्धिक पाठक वा राजनीतिमा दखल प्राप्त भएको व्यक्ति हुनुपर्ने देखिन्छ । संरचनातर्फ हेर्दा बृहद् आयाम बोकेको प्रस्तुत महाकाव्यको काव्यात्मक भाग

दुई सय अठ्तीस पृष्ठमा समेटिएको छ भने जम्मा पृष्ठ संख्या दुईसय साठी रहेको छ । यसमध्ये बाईस पृष्ठमा प्रकाशकीय, विभिन्न साहित्यकारहरूको मन्तव्य एवम् हरिहर सविताको लेखकीय लेखिएको छ । यस काव्यमा सत्ताइसओटा शीर्षक र प्रशस्तै श्लोकसंख्या रहेका छन् । यस काव्यको मुख आवरणमा पुष्पलता आचार्यको हसिलो अनुहार रहेको छ भने यसको लगत्तै तल हरिहर सविता नाम रहेकाले झ्याप्प हेर्दा पाठक भ्रममा परे पनि पाना पल्टाए लगत्तै यसको तुरुन्तै निवारण हुन्छ । पछिल्लो आवरणमा साहित्यकार हरिहर सविताको तस्वीर रहेको छ । यही संरचनामा **पुष्पपत्र** महाकाव्य संरचित छ ।

### ४.३.६.९ प्रतीक, बिम्ब, रस, अलङ्कार

प्रस्तुत **पुष्पपत्र** महाकाव्यमा दार्शनिक तवरका जटिल एवम् राजनीतिक बिम्ब र प्रतीकहरूको प्रयोग गरिएको छ । उच्चपदस्थ राजनीतिक पक्षलाई बुझाउनका लागि गोमन करेतजस्ता प्रतीकात्मक शब्दहरूको प्रयोग गरिएको छ । यस्तै यस काव्यमा यौनबिम्बका अतिरिक्त प्रशस्तै प्राकृतिक बिम्बको प्रयोग गरिएको छ ।

व्यतिरेक अलङ्कारको उदाहरण :

ब्रह्माण्डीय प्रकृतिलाई बुझ्ने सामर्थ्य बोकेर
अज्ञानताभित्र महाज्ञानी हुनखोज्छ । पृ. १

यस श्लोकमा व्यतिरेक अलङ्कारद्वारा अज्ञानताभित्र महाज्ञानीको चाहना गरिएको छ ।

त्यस्तै उपमा अलङ्कारको उदाहरण :

मेरी 'पुष्प' बनेर कुसुमकलि
सङ्गीत क्यै गाइनौ ।
... आइनौ कसरी भनूँ मृदुमुखे
वृत्तान्त नै पाइनौ । पृ. २२५

यस श्लोकमा आफ्नी बहिनी पुष्पलतालाई कुसुमकलि, मृदुमुखे आदि उपमाद्वारा चिनाउन खोजिएको छ ।

यस काव्यका अधिकांश श्लोकहरू वीर रस एवम् शृङ्गार रसमा लेखिएका छन् भने व्यतिरेक, विरोधाभास, उपमा आदि अलङ्कारको समेत प्रयोग गरिएको छ ।

वीररसयुक्त उदाहरण :-

यातनाको जाँतोमा पिधिँएर
हजारौँ-हजार मान्छेहरू मर्नु नपरोस्
मान्छेले मान्छेको चोक्टालाम्टा लुछेको
मान्छेले देख्नु नपरोस् ।          पृ. ६१

शृङ्गार रसयुक्त उदाहरण :-

चोखो वैंस भरूँ सबै घनघटा
हाँसी तिमी आउन
साँच्चै शर्म र मर्ममा यौवनका
विषाद मेटाउन
तिम्रो चुम्बनको मीठो मधुकला
गालाभरि लाउँछु
सृष्टिशून्य अबोध जीवनकला
धानेर के हुन्छ र ?      पृ. १६२-६३

बिम्ब-प्रतीकको उदाहरण :

उसको बस्त्र फुकालेर
मृदु शरीरभरि मलाई
स्नानगर्न मन लाग्यो
स्तनलाई अलिकति उचालेर
पान गर्न मन लाग्यो । पृ. १९४-९५

माथिको श्लोकमा यौनबिम्बको वीभत्स स्वरूप देखाइएको छ ।

जनताका आकाङ्क्षामाथि कुठाराघात गरेर
नेपाली जनतालाई डसी डसी मार्ने
गोमन र करेतलाई
सुरम्य नागार्जुन पठाउन निर्णयलाई
शान्तिको साम्राज्य सम्झनुपर्ने रहेछ ।   पृ. २१४-१५

माथिको श्लोकमा तत्कालीन राष्ट्रनायक मानिने राजालाई बुझाउन गोमन र करेतजस्ता बिम्ब-प्रतीकको प्रयोग गरिएको छ ।

### ४.३.७ निष्कर्ष

सत्ताईस शीर्षकमा संरचित प्रस्तुत **पुष्पपत्र** महाकाव्य दुईसय अठ्तीस पृष्ठको बृहत् महाकाव्य हो । यसलाई यसै काव्यकी प्रमुख पात्र पुष्पलता आचार्यले वि.सं. २०६५ मा प्रकाशन गराएकी हुन् । खासगरी यस काव्यमा मार्क्स, लेनिन, एङ्गेल्स, माओत्सेतुङ्ग, हेगेल, डार्बिन, लोमोनोसोम, जोउल आदिका द्वन्द्वात्मक भौतिकवाद जीवकोष, जीवाणु, वर्गसङ्घर्ष, आदिमसभ्यता, सर्वहारा वर्गको अधिनायकत्व क्रान्ति, युद्ध, दासप्रथा, पूँजीवादी युग, समाजवाद, साम्यवादकै मूल केन्द्रीयतामा काव्यले गति लिएको छ । सिङ्गो काव्य मार्क्सेली दर्शनको इतिवृत्तमा घुमेको छ । विश्वका मार्क्सवादी द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दृष्टिकोण सर्वाधिक नवीन र विकसित दर्शन हुन् । यिनै दर्शनलाई मूल विषयवस्तु बनाएर हरिहर सविताले आफ्नो वैचारिक भाव यस काव्यमा व्यक्त गरेका छन् ।

## ४.४ कथाको सैद्धान्तिक परिचय

साहित्यिक विधाको रूपमा मान्यता प्राप्त कथाको आफ्नै सैद्धान्तिक ढाँचा छ । कथाको परम्परालाई पहिल्याउँदै जाने हो भने अलिखित रूपमा रहेका लोककथासम्म पुग्न सकिन्छ । मानव सभ्यताको आरम्भसँगै मानिसले कथा भन्ने र सुन्ने क्रम पनि सुरु भएको हो । यसै क्रममा विकसित लोककथा र दन्त्यकथा नै आधुनिक कथा विकासको पृष्ठभूमि मानिन्छ । ललितकलाको एक प्रमुख शाखा साहित्यअन्तर्गत कथा एक मुख्य विधा हो । कथा मानवजीवनमा घटित हुने यथार्थ वा सम्भाव्य किसिमका घटनाहरूको वर्णनमै आधारित हुने हुनाले यसलाई एक किसिमले मानवजीवनकै अवधि जति नै पुरानो साहित्यिक विधा मानिन्छ ।[159] पूर्वीय जगत्का **वेद, उपनिषद, रामायण, महाभारत**जस्ता प्राचीन ग्रन्थहरूका साथै **बृहत्कथा, कथा सरित्सागर, पञ्चतन्त्र र हितोपदेश**का साथै पाश्चात्य जगत्मा पनि थरिथरिका रोचक कथाहरू भेटिन्छन् ।[160] कथा भन्नाले अङ्ग्रेजी 'सर्ट स्टोरी' या हिन्दीको 'कहानी' शब्दको रूपान्तरण हो भने यसको इतिहास ज्यादै पुरानो भए पनि यसको मूल प्राचीन स्रोत **ऋग्वेद** मानिनुका साथै आधुनिक कथा पश्चिमकै देनका रूपमा लिइन्छ ।[161] कथाले खास गरी जीवन र यसको परिवेशलाई क्रममा राखेर कुनै घटना वा चरित्रलाई छुन्छ र यसको इतिवृत्त वर्णन गर्दछ । आजभोलि कथाले पुराकथा र इतिहासको सम्बन्ध राखेर कथा नदिए पनि वा कथाको परिवेश निर्माण नगरे पनि मानवीय चासोका विषयलाई छुन्छ र

[159] नरहरि आचार्य र अन्य (सम्पा.), **नेपाली कथा भाग-१,** सातौँ संस्करण (ललितपुर : साझा प्रकाशन, २०६३) पृष्ठ क ।
[160] ऐजन ।
[161] भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य,** दोस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५९), पृ. २२९ ।

त्यसको महत्ता स्थापित गर्न समसामयिक जीवनलाई छनोट गर्दछ । यसलाई परिभाषित गर्ने क्रममा विद्वान्हरूले आ-आफ्ना धारणा वा प्रतिक्रियाहरू व्यक्त गरेका छन् । वास्तवमा कथा गद्यात्मक कला भएकाले कुनै एउटै मात्र परिभाषामा यसलाई बाँध्नु पनि युक्ति सङ्गत ठहर्दैन ।[162] यसरी कथा साहित्यको एक शाखा भए पनि यो मानवसभ्यता जत्तिकै पुरानो हो भन्ने कुरामा साहित्यकारहरूको मतैक्य पाइन्छ ।

## ४.५ कथाको परिभाषा

कुनै पनि गतिशील वस्तुलाई परिभाषित गर्न सकिँदैन । गतिशील वस्तुहरू परिभाषामा समेटिन सक्दैनन् । समय र परिवेशका कारण तिनीहरूको स्वरूपमा परिवर्तन हुने भएकाले त्यस्ता वस्तुलाई परिभाषाबद्ध गर्न गाह्रो हुन्छ । परिवर्तनशील समाजको अभिव्यक्ति दिने साहित्य पनि परिवर्तनशील हुन्छ । त्यसैले परिवर्तनशील विधा विशेषलाई परिभाषाबद्ध गर्न गाह्रो भए पनि अध्ययन सुविधाका लागि केही परिभाषाहरूलाई उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।[163] पाश्चात्य कथाकार एड्गर एलेन पो का अनुसार "कथा भनेको एउटा यस्तो कथात्मक कृति हो, जुन छोटो हुनाले एक बसाइँमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउनमा वाधा गर्न सबै कुराहरू यसमा रहन दिइँदैन, यो आफैमा पूर्ण हुन्छ ।"[164] अर्का विद्वान् रत्नध्वज जोशीका अनुसार "कथामा मानिसको त्यस्तो अवस्था विशेषको अभिव्यञ्जन खास गरी हुन्छ, जसबाट त्यस पात्रको स्वभाव अथवा कुनै एक प्रवृत्ति विशेषको परिचय पाठकले पाउँदछन् ।"[165] त्यस्तै लक्ष्मीप्रसाद देवकोटाका अनुसार "छोटो किस्सा एउटा सानो आँखी झ्याल हो, जहाँबाट एउटा सानो संसार चियाइन्छ ... थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको पानी

हो ... ।"[166] ईश्वर बरालका अनुसार "एकोन्मुख प्रभाव उत्पादन गरेर केवल एक उद्देश्यको प्राप्ति नै इष्टार्थ हुनाले कथा एक प्रमुख पात्रको जीवनको कुनै अङ्गको र त्यस जीवनसम्बन्धी कुनै एक मुख्य घटना वा भावदशाको मात्र उद्घाटन गर्छ ।"[167]

यसरी हेर्दा विभिन्न विद्वान्हरूले कथालाई आ-आफ्नै ढङ्गबाट परिभाषित गरेको पाइए पनि सम्पूर्ण परिभाषाहरूको निचोड लिई कथालाई यसरी परिभाषित गर्न सकिन्छ :–

---

[162] दयाराम श्रेष्ठ (सम्पा.), **नेपाली कथा भाग ४,** दोस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६०), पृष्ठ ६ ।
[163] दयाराम श्रेष्ठ (सम्पा.), पूर्ववत्, पृष्ठ ७-८ सम्म ।
[164] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली आख्यान,** (कीर्तिपुर : क्षितिज प्रकाशन, २०६३) पृ. ६४ ।
[165] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १२१ ।
[166] ऐजन ।
[167] ऐजन ।

कथा वास्तवमा विचार तथा भावना सञ्चरण गर्ने एउटा यस्तो कला हो, जसले आफ्नो सानो आयतनलाई सुन्दर आकार प्रदान गरेर त्यसमा जीवन र समाजको सजीव चित्र कोर्दछ ।

## ४.६ कथाका तत्त्वहरू

कथा बन्नका निम्ति कतिपय तत्त्वहरूको आवश्यकता पर्दछ ।[168] कथाका उपकरणहरूलाई साहित्यशास्त्रमा अनिवार्य तत्त्व मानिन्छ । कथाका तत्त्वहरू के-के हुन् भन्ने सन्दर्भमा विद्वान्हरू बीचमा मतमतान्तर पाइन्छ तापनि कथाका आधारभूत तत्त्वहरूका सम्बन्धमा भने सबैको एउटै मत रहेको देखिन्छ । यहाँ खासगरी कथावस्तु, पात्र, कथोपकथन, देश, काल र परिस्थिति, भाषाशैली र उद्देश्यजस्ता तत्त्वहरूको आधारमा हरिहर सविताका कथाहरूको अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

### ४.६.१ कथावस्तु

कथावस्तु कथाको प्रमुख तत्त्व हो । यसले कथाका अन्य तत्त्व वा घटकहरूलाई समेत गहिरो रूपमा प्रभाव पारेको हुन्छ । कथारुपी तस्वीरमा कथावस्तुले चित्रपटको काम गर्छ । कथामा अस्थिपञ्जरको रूपमा रहेको कथावस्तुलाई अन्य भाव भाषा एवम् वर्णन चित्रणरुपी मांसपेशीले स्वरूप प्रदान गर्ने गर्दछन् ।[169] कथावस्तुलाई प्रभावकारी तुल्याउन कथाकारले आफ्नो कथाका पात्रको व्यक्तित्वको त्यस बिन्दुलाई प्रस्तुत गरेको हुन्छ, जसद्वारा उसको सम्पूर्ण जीवन परिचालित हुन्छ ।

कथामा कथावस्तुको गठन विभिन्न किसिमकले गरिएको हुन सक्छ तापनि सामान्यतया कथाकारले प्रारम्भ, विकास, कौतुहल र चरम सीमाका शृङ्खलाद्वारा कथावस्तुलाई संगठित गर्ने गरेको पाइन्छ ।[170] वास्तवमा कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो । त्यसैले कुनै पनि कथाको मूल्य निर्धारण यसै तत्त्वले गर्दछ । आज त्यो तत्त्व निकै शक्तिहीन मानिए पनि नकार्न भने सकिएको छैन ।

### ४.६.२ पात्र/चरित्र

कथामा पाइने व्यक्तिलाई चरित्र वा पात्र भनिन्छ ।[171] यसले कथालाई सजीव बनाएर कथानकलाई गतिदिने काम गर्दछ । विशेषत: यसमा पात्रको व्यक्तित्वको उपस्थापन र तिनीहरूको कार्यव्यापारलाई घटनासँग संयोजन गर्ने गरिन्छ । मोहनराज शर्माका अनुसार पात्रको वर्गीकरण लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका

---

[168] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** दोस्रो संस्करण, (काठमाडौँ : ने.रा.प्र.प्र., २०६३) पृ. ३८१ ।

[169] भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य** पूर्ववत्, पृष्ठ २३० ।

[170] नरहरि आचार्य र अन्य, (सम्पा.), पूर्ववत् पृष्ठ घ ।

[171] मोहनराज शर्मा, पूर्ववत्, पृ. ३९१ ।

आधारमा गर्न सकिन्छ ।[172] लिङ्गका आधारमा स्त्री र पुरुष, कार्यका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा वर्गीय र व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्य र मञ्चीय, आबद्धताका आधारमा बृहद र मुक्त गरी चरित्रहरूलाई वर्गीकरण गर्न सकिन्छ । कथा ज्यादै छोटा रचना हुनाका कारण यसमा पात्रका सम्पूर्ण क्रियाकलापको चित्रण भने सम्भव हुँदैन ।

### ४.६.३ कथोपकथन/संवाद

कथामा पात्रले बोल्नु वा सोच्नुलाई कथोपकथन भनिन्छ ।[173] कथालाई स्वभाविक रूपले अघि बढाउनमा कथोपकथन वा संवादको ठूलो भूमिका रहन्छ । कथोपकथनले कथामा प्रवाहशीलता, सजीवता र कुतुहल उत्पन्न गराउँछ, तर कथोपकथन पात्र वा परिस्थितिको अनुकूल हुनुपर्दछ । यो कथाको सूक्ष्म तत्त्व हो र पनि यसको आफ्नै महत्त्व रहेको हुन्छ । यसले कथाको कथानकलाई विस्तार गर्न पात्रको चरित्रलाई खोलेर देखाउने काममा मद्दत गर्दछ ।

### ४.६.४ देश, काल र परिस्थिति

देश र काल भन्ने बित्तिकै स्थान र समय अनि परिस्थिति भन्नाले वातावरण भन्ने बुझिन्छ । वातावरणलाई कथाको पृष्ठभूमि पनि भन्न सकिन्छ, यसले कथामा सजीवता, स्वाभाविकता, विश्वसनीयता र मार्मिकता थप्ने काम गर्दछ ।[174] यसलाई अर्को शब्दमा परिवेश पनि भनिन्छ । मोहनराज शर्माका अनुसार कथामा चरित्रले कार्यव्यापार गर्ने र घटनाहरू घटित हुने वस्तुजगत्लाई परिवेश भनिन्छ ।[175] खासगरेर कुनै विशेष परिस्थितिकै चित्रणद्वारा मूल भावनाको उद्‌घाटन सम्भव भएकाले कथावस्तुको विकासका लागि वातावरणको चित्रण हुनु राम्रो मानिन्छ । अतएव पात्रहरूको मनोदशा चरित्र एवम् स्वभावानुसार देशकाल आदिको वर्णन रहनुपर्छ ।

### ४.६.५ भाषाशैली

साहित्य भाषाको शक्ति हो । अन्य साहित्य विधाझैँ कथाको पनि समस्त गौरव त्यसको भाषामा निहित हुन्छ भने भाषाको समस्त सामर्थ्य पनि कथा आदि साहित्यिक विधाहरूमै नि:सृत हुन्छ ।[176] भाषा साहित्यिक अभिव्यक्तिको पनि माध्यम हो । कथाले भाषाको

---

[172] मोहनराज शर्मा, पूर्ववत्, पृ. ३९२ ।
[173] ईश्वरीप्रसाद गैरे, पूर्ववत्, पृ. ११ ।
[174] ऐजन, पृ. १६ ।
[175] मोहनराज शर्मा, पूर्ववत्, पृ. ३९६ ।
[176] मोहनराज शर्मा, पूर्ववत्, पृ.४०० ।

गद्यरूपलाई अँगाल्छ । शैली अभिव्यक्तिको प्रकार हो । कस्ता शब्द र वाक्यमा कसरी रचनालाई अभिव्यक्ति गर्ने भन्ने कुरो नै शैली हो, जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ ।[177] कथामा सरल, सहज र स्वाभाविक भाषाशैलीको अपेक्षा गरिन्छ ।

### ४.६.६ उद्देश्य

प्रत्येक साहित्यिक रचना कुनै न कुनै प्रयोजनको पूर्तिका लागि लेखिएको हुन्छ । आजभोलिका कथामा उद्देश्यको तात्पर्य जीवनका कुनै विशेष दशाको चित्रण अथवा समसामयिक यथार्थको उद्‌घाटन हो भन्ने मानिन्छ ।[178] मूलत: कथाको उद्देश्य छोटकरीमा परितोष दिलाउनु नै हो अथवा मनोरञ्जन गराउनु हो, तर साहित्यिक आनन्दानुभूति या मनोरञ्जन गराउनुदेखि बाहेक कथाको अर्को भित्री लक्ष्य जीवनका मार्मिक अनुभूतिलाई अभिव्यक्ति गर्नु पनि हो ।[179] यसरी कथाको उद्देश्य आनन्द र मनोरञ्जनका साथसाथै जीवन-जगत्सम्बन्धी कुनै न कुनै दृष्टिकोण दिनु पनि कथाको उद्देश्य हो । यसप्रकार कथाकार र कथाको उद्देश्य वा लक्ष्यअनुसार कथाको गठन गरिनुपर्छ र एउटा न एउटा उद्देश्य हुनुपर्दछ । यिनै कथागत तत्त्वका आधारमा हरिहर सविताका कथाहरूको अध्ययन गरिएको छ ।

## ४.७ कालरात्रि कथासङ्ग्रह (२०४७) को अध्ययन

वि.सं. २०२० सालको वरपरबाटै नेपाली साहित्यमा प्रवेश गरेका हरिहर सविताको पहिलो पुस्तकाकार कृति **कालरात्रि** कथासङ्ग्रह (२०४७) हो । नेपालमा २०४६ सालमा भएको जनआन्दोलनलाई मुख्य विषयवस्तु बनाइएको यस कथासङ्ग्रहमा वि.सं. २०४६ चैत्र १७ देखि २८ गतेभित्र जम्मा १२ दिनको अवधिमा लेखिएका नौवटा कथा र नवआगन्तुक शीर्षक कथा गरी जम्मा दशवटा कथाहरूबाट यसको संरचना तयार भएको छ । देशमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था ल्याउनका लागि समग्र देशवासीहरूले गरेको आन्दोलनलाई विशेषत: यस सङ्ग्रहका कथाहरूको सामल बनाइएको छ ।

### ४.७.१ विषयप्रवेश

[177] ऐजन, पृ. ४०४ ।
[178] ऐजन, पृ. ४०८ ।
[179] भानुभक्त पोखरेल, पूर्ववत् पृ. २३३ ।

साहित्यकार हरिहर सविताद्वारा लेखिएको पहिलो प्रकाशित पुस्तकाकार कृति **कालरात्रि** कथासङ्ग्रह (२०४७) हो । यस अघि उनका फुटकररूपमा विभिन्न पत्रपत्रिकाहरूमा कथा, कविताहरू प्रकाशित भैसकेका थिए ।

श्रीमती लीलादेवी रेग्मीद्वारा प्रकाशित प्रस्तुत कथासङ्ग्रहमा दशवटा कथाहरू सङ्ग्रहित भएका छन् । तिनका शीर्षक यसप्रकार रहेका छन् अन्त्येष्टि, महाकालरात्रि, खुनीरात, भावना, विश्वास, पारपाचुके, उसको आत्मकथा, बेवारिसे, नवआगन्तुक र बसाइँ आदि । विशेषत: वि.सं. २०४७ को राजनीतिक जनआन्दोलनलाई मुख्य विषयवस्तु बनाई तयार पारिएको प्रस्तुत कथासङ्ग्रहका सम्पूर्ण कथाले केही न केही रूपमा भए पनि तत्कालीन परिस्थितिलाई आत्मसात् गरेको पाइन्छ ।

### ४.७.२ अन्त्येष्टि

*अन्त्येष्टि* **कालरात्रि** कथासङ्ग्रहको पहिलो कथा हो । यो नितान्त राजनैतिक पृष्ठभूमिमा तयार पारिएको कथा हो । सीताराम बूढाको अथवा आन्दोलनकारी शिवदत्तको अन्त्येष्टिले पञ्चायती व्यवस्थाको *अन्त्येष्टि*को प्रतीकात्मक अर्थ वहन गरेको छ । निम्नवर्गीय श्रमिक किसान र अन्य ग्रामीण र सहरिया जनताको चरित्रचित्रणलाई मूलआधार बनाइएको छ, तापनि आन्दोलन दबाउन गोली-बन्दुक र सङ्गीन लिएर हिंड्ने पुलिसहरूको दुश्चरित्रलाई पनि उस्तै रूपमा चित्रण गरिएको छ । हिन्दू धर्मावलम्बी देशका रक्षकद्वारा नै हिन्दूधर्मको विपरीत काम गरेको चित्रण गर्दै हिन्दूधर्म पालन गर्ने रक्षक नै नामधारी मात्र रहेको प्रति व्यङ्ग्य गरेको पाइन्छ ।

झ्यालखाना, पशुपति मन्दिर, गोलीका पर्रा, विद्यालय, क्याम्पस, सदरमुकाम, पुलिस ठाना, हिन्दूधर्म अनुसारको दाह-संस्कार र *अन्त्येष्टि* क्रिया वि.सं. २०१८ र वि.सं. २०४७ सालको राजनीतिक परिवेश र तत्कालीन शासक वर्गले बौद्धिक वर्गमाथि पुऱ्याएको प्रताडनाको सेरोफेरो नै यसको परिवेश हो । यस कथामा मुख्य पात्रहरूमा शिवदत्त रहे पनि सहायक पात्रका रूपमा सीताराम बूढा, उनका तीन भाइ छोरा, पुलिस र अन्य बाँकी विधवा बैनी तुलसा, एक युवक र बूढी आइमाई गौण पात्रका रूपमा रहेका छन् । कथामा संवाद आंशिक रूपमा रहेको छ । तत्कालीन समसामयिक विषयवस्तुलाई यथार्थ रूपमा उजिल्याई पाठकसमक्ष पुऱ्याउनु लेखकीय उद्देश्य देखिन्छ । सरल र सहज रहेको प्रस्तुत कथाको भाषाशैलीले केही प्रौढ पाठकको अपेक्षा गरेको महसुस हुन्छ ।

### ४.७.३ महाकालरात्रि

*'महाकालरात्रि'* **कालरात्रि** कथासङ्ग्रहको दोस्रो कथा हो । प्रस्तुत *'महाकालरात्रि'* कथा कर्फ्युको समयलाई सङ्केत गरी लेखिएको प्रतीकात्मक कथा हो । काठमाडौँ महानगरपालिका भित्रका विभिन्न स्थलहरूमा नेपाल बन्दका समयमा आन्दोलनकारी र गोलीका पर्रा बर्साउने

पुलिसहरूबीच चलेको घमासान युद्धलाई कृष्णकलाले वर्णन गरेको राजनीतिक प्रसङ्ग नै यस कथाको कथावस्तु हो ।

सगरमाथा, अन्नपूर्ण, धौलागिरी, रारा, फेवाजस्ता हिमाल र तालतलैयाहरू एवम् चुरे महाभारत, धुन्ची र मार्गोर अनि असन, बागबजार, पुतलीसडक, इन्द्रचोकजस्ता काठमाडौँका स्थल र तत्कालीन राजनीतिक माहोल नै प्रस्तुत कथाको परिवेश हो । यस कथामा कृष्णकला मुख्य पात्रका रूपमा रहेकी छिन् । कृष्णकलाका चारवटा बच्चा, बूढी आमा, दशरथ, हेनरी जोन विलियम, बुचर, टुरिष्टहरू सहायक पात्र हुन् । युवायुवतीहरू, बूढाबूढीहरू गौण पात्रका रूपमा रहेका छन् । सरल भाषाशैलीमा लेखिएको प्रस्तुत कथाको संवाद पात्रअनुसारको नै रहेको छ । तत्कालीन राजनैतिक विषयलाई यथार्थ रूपमा आमपाठकसामु पुऱ्याई आम नागरिकलाई सचेत गराउनु यस कथाको प्रमुख उद्देश्य रहेको पाइन्छ ।

### ४.७.४ खुनीरात

*'खुनीरात'* **कालरात्रि** कथासङ्ग्रहको तेस्रो कथा हो । प्रस्तुत *खुनीरात* कथामा वि.सं. २०४६ साल चैत्र २७ गतेको रातको समयमा घटेको घटनाको वर्णन छ । भरतपुर नगरपालिका, नारायणगढ र यस वरपरका क्षेत्रमा पञ्चायती व्यवस्थाविरुद्ध आम नागरिकले चर्काएको नारा र यसको प्रतिकार स्वरूप तत्कालीन शासन वर्गले देखाएको नारकीय व्यवहारलाई नै कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ । एक रातको समयमा घटेका घटनालाई लिएर लेखिएको प्रस्तुत कथा प्रतीकात्मक रहेको छ ।

प्रकाश र भक्तराम मुख्य पात्र रहेको यस कथामा डी.एस.पी. मिल्ट्री, पुलिस सहायक पात्रका रूपमा रहेका छन् । प्रस्तुत कथामा एउटी आइमाई, कर्मचारी, शिक्षक, घरमालिक, गौण पात्रका रूपमा आएका छन् । दूध डेरी, नारायणगढ, बाटा-घाटा, पाटी-पौवा, विद्यालयहरूको सुनसान र मध्यरातमा घटित घटना नै प्रस्तुत कथामा परिवेशको रूपमा आएको छ । कथामा छिटपुटरूपमा संवादको प्रयोग भए तापनि गहन एवम् सरल भाषा र चित्रात्मक शैलीको प्रयोग गरिएको छ ।

नेपालकै मध्यभागमा पर्ने नारायणगढ, भरतपुरको स्थल र त्यहाँको बौद्धिक वर्गले शासकीय व्यवहारमाथिको आक्रोश व्यक्त गरेको एक रातको समयलाई प्रस्तुत गर्नु नै *खुनीरात* कथाको उद्देश्य रहेको पाइन्छ ।

### ४.७.५ भावना

*'भावना'* **कालरात्रि** कथासङ्ग्रहको चौथो कथा हो । प्रस्तुत कथामा हत्या, हिंसा र आतङ्कले बाल मनस्थितिमा पुऱ्याएको असरलाई देखाइएको छ । वि.सं. २०४६ सालको बहुदल प्राप्तिको लागि के बालक, के वृद्ध, के युवा सम्पूर्ण वर्गका जनताको हातेमालोमा प्रजातन्त्र प्राप्त गरेको सङ्केत

गरिएको छ । प्रस्तुत *भावना* कथामा सामुहिक हत्या र पुलिसको दवदबाबाट त्रसित ग्रामवासीहरू कसरी मरेर जाने सहिदहरूका छातीमा छाती मिलाउन आँट गर्दै छन् भन्ने देखाइएको छ । उपद्रवी गोरुको जस्तो स्वभाव देखाएर पुलिसहरूलाई सर्वसाधारण घायल बनाउने जनतालाई मृत्युशैयामा पुऱ्याउने गोरुझैँ बुद्धि विवेक शून्य भएको अरूको इसारामा चल्ने मूर्ख पशुका रूपमा देखाइएको प्रतीकात्मक कथाका रूपमा यसलाई लिन सकिन्छ ।

प्रस्तुत कथामा डर, त्रास, भय, आतङ्कको राजनैतिक खिचातानी एवम् गहुँदाइँ गर्ने गाउँले परिवेश एवम् पशुपति, गितानगर जस्ता स्थलगत र विशेषगरी पञ्चायती व्यवस्थाको विरुद्ध चालिएको यथार्थ कदमलाई नै परिवेशका रूपमा राखिएको छ । केटाकेटीहरू नवीन, दीपक, विजय, सुरेश, सुदन, माधव, जानुका, निरु, सम्झना, इन्दिरा मुख्य पात्रका रूपमा रहेका छन् भने कथामा माइलाबा, हरिसर, पुलिस आदि सहायक पात्रका रूपमा र बूढाबूढीहरू, ज्यामी, मैया गौण पात्रका रूपमा रहेका छन् । संवादपक्ष झिनो रहेको छ । भाषाशैली सरल, सहज रहेको प्रस्तुत कथामा केही बिम्ब, प्रतीकको समेत प्रयोग गरिएको छ । बहुदल प्राप्तिका लागि समाजका बालक, युवा र वृद्ध सम्पूर्ण एक भई लागिपर्नुपर्छ भन्ने चुरो कुरो नै यसको प्राप्ति हो ।

### ४.७.६ विश्वास

*'विश्वास'* **कालरात्रि** कथासङ्ग्रहको पाँचौ कथा हो । शासक पक्षले आफ्नो विरोध गरेको बहानामा गोरु र कुकुरजस्ता अज्ञानी पशुहरूको समेत हत्या गराएर मान्छेलाई पिटीपिटी मार्ने तत्कालीन परिस्थितिमाथि व्यङ्ग्य गरिएको छ । यस कथामा सुनेर पनि नसुनेजस्तो देखेरपनि नदेखेजस्तो गर्ने ठूलाबडाको एकोहोरो स्वभावको उल्लेख गरिएको छ । जनतालाई कुवाका भ्यागुता र दाम्लाका गोरु बनाएर तत्कालीन राजनीतिले यस देशका मानिसका अतिरिक्त पशु र वनस्पतिको समेत हत्या गराएको पाइन्छ ।

प्रस्तुत कथामा प्रजातन्त्र प्राप्तिका लागि कर्मचारी, बटुवा, डुलुवा, डाक्टर, व्यापारी, मजदुर सम्पूर्णले आ-आफ्नो स्थानबाट सक्दो सहयोग पुऱ्याइरहेको अवस्थाको चित्रण छ । प्राणहीन घरहरूलाई समेत गोली खुवाएर सरकारी सम्पत्तिको दुरुपयोग गरेको आदि सामलहरूद्वारा यस कथाको कथानक निर्माण भएको छ ।

*'विश्वास'* कथामा ठाना, चौतारी, जङ्गल, अन्नपूर्ण, विदेशी बैंक, आकाश, भकारा आदि जस्ता परिवेशको चित्रण गरिएको छ । प्रस्तुत कथामा ठूल्दाइ, कान्छा, श्यामबहादुर, व्यापारी, कर्मचारी, डाक्टर, वकिल, मजदुर, नेत्रबहादुर, ग्रामवासी युवती, डी.एस.पी. तर्कबहादुर जस्ता मानवीय एवम् गोरु, कुकुर जस्ता मानवेतर पात्रहरूको प्रयोग गरिएको छ । प्रस्तुत कथाका पात्रहरूले मुख्य भूमिका निर्वाह नगरेका तर सहायक भूमिकाका रूपमा सम्पूर्ण पात्रहरूले अहम्

भूमिका खेलेको पाइन्छ । "मान्छेलाई त पिटीपिटी मार्ने जमाना आयो, जावो गोरु" जस्ता ग्रामवासी पात्रहरूका संवादले तत्कालीन परिस्थितिमाथि तिखो प्रहार गरेको पाइन्छ । यस कथामा कुनै कुनै शब्दहरूको पुनरावृत्ति भए पनि भाषा शैलीमा खासै असर परेको छैन । भाषा सरल र शब्दहरू सहज छन् ।

वि.सं. २०४६ साल चैत्र महिनाको घटनालाई लिएर लेखिएको यस कथामा 'मामाको धन फुपूको श्राद्ध' भनेझैँ सरकारी पक्षले जनताको आन्दोलन दबाउनका लागि जतिसुकै धनराशि खर्च गर्न पनि पछि पर्दैनन् भन्ने मुख्य कुरालाई प्रकाश पार्नु यस कथाको उद्देश्य हो ।

### ४.७.७ पारपाचुके

*'पारपाचुके'* **कालरात्रि** कथासङ्ग्रहको छैटौँ कथा हो । यस कथामा पुलिसको जागिर खाई सरकारी पक्षको प्रतिनिधित्व गरेको कमल र जनताको प्रतिनिधित्व गरेकी कमला यी दुई एक आपसमा श्रीमान् र श्रीमती हुन् । कमलाको पटकपटकको आग्रहमा पनि कमलले पुलिसको जागिर छोड्दैन । पुलिसद्वारा आफ्नै छोराको हत्या गरिएको खबर पाएपछि श्रीमान्, श्रीमती र छोरासमेत आहत बन्न पुगेकै बेलामा कमललाई दलबलसहित युद्धमा जाने टेलिफोन आउँछ । पुत्रशोकले विह्वल भएको समयमा कमलाले "जागिर छोडिदिनुहोस्" भनी आग्रह गर्दा पनि कमलले जागिर छोड्न नमिल्ने बताउँछ । यस्तो अवस्थामा अब कमलाले छोराको छातीमा गोली हान्ने, देश कङ्गाल बनाउने, जन्मभूमिलाई मरुभूमि बनाउने व्यक्तिलाई कहिल्यै माफ गर्न नसकिने बरु एउटै विकल्पको पारपाचुकेलाई रोजेको सन्दर्भबाट कथानक टुङ्ग्याइएको छ ।

यस कथामा कमल, कमला र दीपक मुख्य पात्रका रूपमा आएका छन् । कमलको छोरो, पुलिस, बिरामीहरू, विद्यार्थी, इन्स्पेक्टर, नरेशजस्ता पात्रहरू सहायक पात्रका रूपमा आएका छन् । साथै बूढाबूढीहरू, नर्सरी, के.जी.का विद्यार्थीहरू टीकादत्त गौण पात्र हुन् । मानवीय पात्रका अतिरिक्त प्रस्तुत कथामा काग, गिद्ध, मृगजस्ता मानवेतर पात्रको समेत प्रयोग छ । नागासाकी र हिरोसिमा, गोलीको आवाज ड्याङ्गडुङ्ग आवाज, भक्तपुर र कीर्तिपुरका साथै पाटनका रगतका खोला आदि यस कथाका परिवेशको रूपमा आएका छन् । केही तत्सम शब्द, केही तद्भव शब्द एवम् अनुकरणात्मक शब्दहरूको प्रशस्त प्रयोगले प्रस्तुत कथाको भाषाशैली रोचक बनेको छ । श्रीमान्, श्रीमती भनेका एक रथका दुई पाङ्ग्रा हुन्, एकको अभावमा रथ सफलतासाथ गुड्न सक्दैन । दुवै पाङ्ग्राको उत्तिकै भूमिका हुन्छ, त्यस्तै सफल जीवनका लागि श्रीमान् र श्रीमतीमा राम्रो विचार भावनाका साथै राम्रो समझदारी हुनुपर्छ नत्र जीवनमा पारिवारिक दुर्घटना आइ परी पारपाचुके समेत गर्नुपर्ने यथार्थ कुरालाई यस कथामा व्यक्त गरिएको छ ।

### ४.७.८ उसको आत्मकथा

*'उसको आत्मकथा'* **कालरात्रि** कथासङ्ग्रहको सातौँ कथा हो । देश विकास गर्ने अनि जनताको भलाई गर्ने विश्वास दिलाएर जनताको मन जितेर बनेका नेताहरू निश्छल, निर्मल र जनप्रेमी हुनुपर्छ । जनताको इच्छा आकाङ्क्षाबमोजिम देश सञ्चालन गर्नुपर्छ । विदेशीका डर, धाक र धम्कीमा टसको मस नभै दृढ, अडिग र बलियो तर्क गर्न सक्ने हुनुपर्छ । जनता र जनताका समस्यासँग परिचित हुनुपर्छ भन्दै प्रस्तुत कथामा नेता भनेका व्यक्तिगत नभै देश र जनताका प्रतिनिधि पात्र मानिएको छ । देश बनाउने र भत्काउने संयन्त्र यिनैको हातमा हुन्छ भन्ने मूलभूत कुरा नै यस कथाको कथावस्तुका रूपमा रहेको पाइन्छ ।

यस कथामा नेताहरू प्रमुख पात्रका रूपमा रहेका छन् । मरिचमान र नेता बाबा यस कथाका सहायक पात्रहरू हुन् भने सेनानी, मन्त्रीगणजस्ता पात्रहरू गौण पात्रका रूपमा रहेका छन् । यस कथामा मानवीय पात्रका अतिरिक्त मानवेतर पात्रको रूपमा बाजलाई लिइएको छ । बाङ्डुङ्ग शिखर सम्मेलन र जेनेभा शिखर सम्मेलन, राता झन्डा फर्फराएको रंगीचङ्गी वातावरण, अस्पताल वरपरको वातावरण र वि.सं. २०४६ सालको जनआन्दोलन यस कथाको आफ्नै परिवेश हो । संवाद तत्त्व सबल हुन नसकेको यस कथाको भाषाशैली भने सरल र सहज नै रहेको छ । देशका नेता भनेका जनताका अभिभावक हुन्, यिनले मन्त्री बनेर सत्ता हत्याउने दाउ मात्र नहेरी जनहितको लागि कार्य गर्नुपर्छ, अन्यथा जनता एकमुष्ट भएर समुद्रझैँ उर्लने छन्, तब सम्पूर्ण स्वार्थी प्रवृत्तिका मानिसहरूको हार हुनेछ भन्ने राजनैतिक प्रसङ्ग नै यस कथाको मुख्य प्राप्ति हो ।

### ४.७.९ बेवारिसे

*'बेवारिसे'* कथा **कालरात्रि** कथासङ्ग्रहको आठौँ कथा हो । प्रस्तुत कथामा एकातिर देश र जनताको रक्षा गर्न खटिएका पुलिस रक्षकहरूले ठूलाबडाको आडमा दिउँसै जनताको घरमा पसी निर्दोष महिलामाथि एकल र सामूहिक बलात्कार गरेर देशका रक्षक नै भक्षक भएको यथार्थलाई प्रस्तुत गरिएको छ भने अर्कातिर जनतालाई शिक्षित तुल्याउने शिक्षक संगठनका कार्यकताहरूलाई खोजी-खोजी जेल-नेल दिने तत्कालीन पञ्चेनीति नै यस कथाको मुख्य कथानक हो ।

प्रस्तुत *'बेवारिसे'* कथामा शिवराम प्रमुख पात्र हो । शिवरामकी बलात्कृत पत्नी शर्मिला, गुप्तचर, जुंगेमुठेहरू, लठैतहरू, रूपबहादुर सहायक पात्रका रूपमा रहेका छन् । त्यस्तै दुःशासन, द्रौपदीजस्ता पौराणिक पात्रका साथै बालबच्चाहरू गौण पात्रका रूपमा आएका छन् । ठाना, काठमाडौँ वरपरको स्थल एवम् डी.एस.पी.कार्यालय आदि यस कथाको परिवेशको रूपमा रहेको छ । सन्तोषजनक संवाद रहेको प्रस्तुत कथाको भाषाशैली सरल, सहज र अनुकरणीय रहेको छ । देश र जनताको रक्षा गर्न खटिएका पहरेदार नै भक्षक भए भने देशले बेहोर्नुपर्ने स्थितिप्रति सङ्केत गरी त्यस्ता कार्यकर्तालाई तत्काल सुधार गर्नुपर्ने कुरा यस कथाको प्रमुख उद्देश्य रहेको छ ।

### ४.७.१० नव आगन्तुक

*'नव आगन्तुक'* कथा **कालरात्रि** कथासङ्ग्रहको नवौँ कथा हो । यस कथा सङ्ग्रहका १० वटा कथाहरूमध्ये तुलनात्मक रूपमा थोरै भए पनि भिन्न विषयवस्तु अँगालेको कथाका रूपमा नव आगन्तुक आएको छ । प्रस्तुत कथामा भारतको सिलोङबाट लखेटिएका दुई पात्रहरूलाई नव आगन्तुक नामकरण गरेर कथाको शीर्षक सार्थक बनाइएको छ । प्रस्तुत कथामा आफू भारतीय साम्राज्यबाट लखेटिनु परेको कुरा नेपालको कुनै सामान्य होटलमा आई प्रस्तुत गर्ने र होटल साहुनी र अन्य सर्वसाधारणले उनीहरूको कुरा सुनुवाइबाट कथाको सुरुवात भएको छ । प्रस्तुत कथामा विदेशमा लखेटिएर देश प्रस्थान गर्ने बित्तिकै सुरक्षित हुने ठूलो आशा बोके पनि आफू रुख मुन्तिर बसेर भोकभोकै छट्पटिएर मर्नुसम्म पर्ने सरकारी बेवास्तापनलाई देखाइएको छ । त्यस्तै शरणार्थीका रूपमा रहेका गर्भवती महिलालाई समेत त्यहाँकै दुराचारी, दुष्ट, पातकी मानवहरूले लाठी बर्साएर क्रूरता र अमानवीय व्यवहार प्रदर्शन गरेको प्रसङ्ग नै यस कथाको मुख्य कथानक हो ।

यस *नव आगन्तुक* कथामा उज्यालो चोक, हेटौडा दुग्ध विकास, चितवन फिल्ड, सिलोङ, प्रमहार, कुलाङ्ग, नगजेरी, नखलाङ्ग, भेलोर, मेघालयजस्ता परिवेशको चित्रण गरिएको छ । दुई नव आगन्तुकहरू यस कथाका प्रमुख पात्र हुन् । त्यस्तै रमेश, साहुनी, सुत्केरी आइमाई सहायक पात्र हुन् । त्रिफला, टीकाराम, धनपति यस कथाका गौण पात्र हुन् भने सिंह, मृग, हात्ती, बाघ आदि यस कथाका मानवेतर पात्र हुन् । सरल भाषा, अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको प्रस्तुत कथा पठनीय र रोचक रहेको छ ।

प्रस्तुत कथामा बर्मा गए पनि कर्मसँगै भन्ने उखानझैँ भारतबाट लखेटिएका नव आगन्तुकहरू ठूलो आशाका साथ नेपाल प्रवेश गरे पनि सरकारी पक्षबाट कुनै सहयोग र शरणार्थीहरूप्रति कुनै सम्मान प्राप्त हुँदैन भन्ने तर्क नै यस कथाको उद्देश्य रहेको छ ।

### ४.७.११ बसाइँ

*बसाइँ* कथा **कालरात्रि** कथासङ्ग्रहको दसौँ र अन्तिम कथा हो । यस कथामा गाउँका ठूलाठालु शोषकहरूको अनैतिक चरित्रलाई उदङ्ग्याइएको छ । प्रस्तुत कथामा गाउँका सर्वसाधारण जनतामाथि शक्तिशाली वर्गले कसरी प्रभुत्व जमाउँछ भन्ने यथार्थलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत *बसाइँ* कथामा डुम्रे, भोटेओडार, नारायणगढ, लमजुङ, टिकौली लगायतका स्थलगत परिवेश र वि.सं. २००७ साल र वि.सं. २०४७ साललाई समेत प्रस्तुत गरिएको छ । यस कथामा केशव र कृष्ण प्रमुख पात्रका रूपमा रहेका छन् । त्यस्तै पुलिस इन्सपेक्टरजस्ता गौण पात्रको प्रयोग भएको छ । मानवीय पात्रका अतिरिक्त काग, गिद्धजस्ता मानवेतर पात्रको समेत प्रयोग गरिएको छ ।

प्रशस्त उखानहरूको प्रयोग गरिएको यस कथाको भाषाशैली सरल र अझ उखानले भाषालाई थप रोचकता प्रदान गरेको पाइन्छ ।

यस *बसाइँ* कथामा भारतीय साम्राज्यवादले लखेटिएका शरणार्थीले नेपालमा बसाइँ सर्दा पनि सम्मानित जीवन बिताउन नपाएको विषयलाई पाठकसामु राख्न चाहनु नै यसको मुख्य उद्देश्य रहेको पाइन्छ ।

## ४.८ निष्कर्ष

दशवटा कथाहरूको सङ्ग्रह प्रस्तुत **कालरात्रि** कथासङ्ग्रह जम्मा असी पृष्ठमा संरचित छ । यस कथासङ्ग्रहका प्रत्येक कथाका अन्त्यमा दिइएको मितिअनुसार वि.सं. २०४६ चैत्र सत्रदेखि अट्ठाईस गतेभित्र जम्मा बाह्र दिनको अवधिमा लेखिएको नौवटा र अर्को *नवआगन्तुक* शीर्षक कथा गरी जम्मा दशवटा कथाहरूबाट **कालरात्रि** कथासङ्ग्रहको संरचना भएको छ । यस कथासङ्ग्रहका कथाहरूमा शोषित, पीडित र निमुखा जनताको आवाज गुञ्जिएको छ । आफूले राजनीतिक जीवनको कटु अनुभव गरेकाले ती अनुभवहरूले पनि उनका कथामा कुनै न कुनै रूपमा स्थान पाएका छन् । यस सङ्ग्रहका कथाहरूले कलात्मक मूल्य र मान्यताभन्दा बढी वैचारिक आग्रह बोकेका छन् ।

हरिहर सविताका कथामा परम्परागत वर्णनात्मक शैली र सरल भाषाको प्रयोग गरिएका छन् तथापि कथाकारको क्रान्तिकारी विद्रोहताले कतैकतै भाषिक सीमा पार गरेर उत्तेजना देखाउन खोजेको पनि पाइन्छ । कुनै शब्दको पुनरावृत्ति र अंग्रेजी शब्दको अत्यधिक प्रयोग एवम् देशका पहरे ठानिएका पुलिस प्रशासनप्रति नकारात्मक दृष्टिकोण राख्नु यस कथासङ्ग्रहका कथाहरूको आफ्नै सीमा रहेको पाइन्छ ।

# परिच्छेद : पाँच

# उपसंहार

## ५.१ परिचय

यस परिच्छेदमा साहित्यकार **हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**को सन्दर्भमा अघिल्ला परिच्छेदहरूमा गरिएका अध्ययन विश्लेषणको परिच्छेदगत सारांश र समग्र निष्कर्ष दिई सङ्क्षिप्त रूपमा मूल्याङ्कनसमेत गरिएको छ ।

## ५.२ परिच्छेद एकको निष्कर्ष

यस परिच्छेदमा **साहित्यकार हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षक शोधपत्रको विषयपरिचय र रूपरेखा प्रस्तुत गरिएको छ । उक्त रूपरेखामा शोधशीर्षक, शोधप्रयोजन, शोधविषय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन र शोधविधि, सैद्धान्तिक ढाँचा र शोधपत्रको रूपरेखासमेत उल्लेख गरिएको छ ।

## ५.३. परिच्छेद दुईको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार हरिहर सविताको जीवनी अन्तर्गत पृष्ठभूमि, वंशपरम्परा, जन्म र नामकरण, बाल्यकाल, उपनयन र शिक्षादीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति, आर्थिक अवस्था र पेसा, सेवा, साहित्यिक तथा सामाजिक क्षेत्रमा प्रवेश तथा त्यस क्षेत्रमा भएका कार्यहरू, रूचि, अविस्मरणीय घटनातर्फ रोचक र दु:खद घटना, भ्रमण, सम्मान तथा पुरस्कार, प्रेरणाको स्रोत, चिन्तन, विचार, दर्शन र निष्कर्ष उल्लेख गरिएको छ ।

## ५.४. परिच्छेद तीनको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार हरिहर सविताको व्यक्तित्व परिचयअन्तर्गत उनको बाह्यव्यक्तित्वको साथै आन्तरिक व्यक्तित्वभित्र साहित्यिक र साहित्येतर गरी दुई किसिमबाट उल्लेख गरिएको छ ।

## ५.५. परिच्छेद चारको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार हरिहर सविताको कृतित्वअन्तर्गत उनका कथा, काव्य तथा महाकाव्यको अध्ययन विश्लेषण अनुसन्धानपद्धतिअनुसार गरिएको छ ।

## ५.६. समग्र निष्कर्ष एवम् उपसंहार

वि.सं. २००९ साज जेष्ठ २७ गते पिता हेमनाथ रेग्मी तथा माता सरस्वती रेग्मीका कोखबाट जन्मिएका हरिहर सविता नेपाली साहित्यका एक उज्ज्वल नक्षत्र हुन् । वि.सं. २०२० सालतिरबाट अनौपचारिक साहित्य सृजनामा तल्लीन रहेका हरिहर सविताको औपचारिक रूपमा साहित्यमा प्रवेश भने वि.सं. २०२५ सालमा **'मातृभूमि'** पत्रिकामा एउटा कथा प्रकाशित गराएर भएको हो । आफ्नो जन्मस्थान लमजुङ जिल्लाको अलैंचे भए पनि बसाईसराईको सिलसिलामा चितवन जिल्ला बसोबास गरेका हरिहर सविताको गोत्र भने कौशिक रहेको छ । गाउँघरमा माहिला नामले चिनिने हरिहर सविताको प्रमाणपत्रमा उल्लेखित भएको नामचाहिँ हरिहर रेग्मी हो । वि.सं. २०२९ सालमा वैवाहिक जीवनमा बाँधिएका उनका हाल तीन छोरा र एक छोरीको साथ सुखद पारिवारिक जीवन बितेको पाइन्छ । आफ्नो जीवनको धेरै हिस्सा रोजगारमै बिताएका उनको जीवन निकै सङ्घर्षपूर्ण रहेको जानकारी प्राप्त हुन्छ । नेपाली साहित्यको विकास र उन्नयनमा निकै लागि परेका हरिहर सविताले आफ्नो साहित्यिक यात्राका क्रममा पाँचवटा कृतिहरू नेपाली साहित्यलाई अर्पण गरेर ठूलो गुन लगाएका छन् । साहित्य लेखनको प्रारम्भिक समयमा विशेष गरेर कविता र कथामा पूर्णता पाएको उनको रचनात्मक कलमले खण्डकाव्य र महाकाव्यसम्मको साहित्यक यात्रामा त्यतिकै सफलता प्राप्त गरेको छ ।

नेपाली साहित्यका क्षेत्रमा छुट्टै आफ्नो स्थान निर्माण गरेका हरिहर सवितामा कविता कथाका अतिरिक्त विविध साहित्यिक, राजनैतिक, समसामयिक, दर्शन, सम्बन्धी विविध लेख, रचना बेलाबेलामा स्थानीय तथाा राष्ट्रिय पत्रपत्रिकामार्फत प्रकाशित हुने गरेका छन् । यसबाट उनको बहुआयामिक व्यक्तित्व झल्किन पुग्दछ । मानव मनको अन्तस्करणबाट अभिव्यञ्जित हुने सुललित रचना नै साहित्य हो भन्ने हरिहरका हालसम्म प्रकाशित साहित्यिक कृतिहरू यस प्रकार रहेका छन् ।

क. **कालरात्रि** कथासङ्ग्रह (२०४७)

ख. **जानुका** शोककाव्य (२०४८)

ग. **मणि** शोकाव्य (२०४८)

घ. **प्रचण्डलाई पत्र** काव्य (२०६४)

ङ. **पुष्पपत्र** महाकाव्य (२०६५)

सामाजिक भावनालाई आत्मसात गरेर हिड्ने हरिहरको व्यक्तित्व बहुआयामिक देखिन्छ । आध्यात्मिक चिन्तनतर्फ झुकाव नराख्ने हरिहर सविता भौतिकवादका पूजारीभन्दा पनि अत्युक्ति नहोला । राजनीतिक रूपमा कम्युनिष्ट विचारधारामा उनी पूर्णत: मार्क्सवाद, लेनिनवाद र माओवादजस्ता राजनीतिक वादका अनुयायी नै हुन् । प्रगतिवादी साहित्यतर्फ अग्रसर रहने उनले साहित्यले समसामयिक जनजीवनलाई छुने खालको साहित्य नै वास्तविक साहित्य हो भन्ने कुरामा विश्वास राख्दछन् । साहित्य सृजना गरेर समाजमा आफ्नो छुट्टै स्थान जमाउन चाहने हरिहरले साहित्यमा गुणात्मकतालाई स्थान दिएका छन् । परिमाणात्मक रूपमा धेरै लेख्नुभन्दा गुणात्मक एउटै कृतिले अमर राखिरहन्छ भन्ने विचारका धनी हरिहरका प्रकाशित साहित्यिक कृतिहरू निकै ओजपूर्ण रहेका छन् । पूर्वीय काव्यसिद्धान्तका केही कुराहरू साथै पाश्चात्य काव्यसिद्धान्तका केही कुराहरूलाई उचित समायोजन गरेर साहित्य लेखन गर्ने हरिहर सविता एक प्रगतिवादी धाराका कुशल साहित्यकार हुन् । साहित्य लेखनको प्रारम्भिकसमयमा निकै उग्र क्रान्तिकारी भाव लिई वि.सं २०४७ सालमा **कालरात्रि** कथासङ्ग्रह प्रकाशित गराउन पुगेका उनका त्यसपछिका कृतिहरू वि.सं. २०४८ सालमा प्रकाशित दुई काव्यहरू क्रमश: **जानुका** र **मणि**जस्ता काव्यमा आइपुग्दा करुण रसको शोकपूर्ण भावनाले पूर्णता पाएको देखिन्छ । वि.सं. २०४८ सालबाट धेरै समयको अन्तरालपछि काव्य प्रकाशनमा जुटेका हरिहर सविताका वि.सं. २०६४ साल प्रकाशित काव्य **'प्रचण्डलाई पत्र'** मा आइपुगेपछि पुन: क्रान्तिकारी भावनाले स्थान प्राप्त गर्दछ । यसरी काव्यिक फड्को मार्दै गएका उनको २०६५ सालमा प्रकाशित **पुष्पपत्र** महाकाव्यले झनै प्रगतिवादी साहित्यमा नयाँ स्थान प्राप्त गर्न सफल रहेको छ ।

नेपाली साहित्यको क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सिपालु हरिहर सविता चितवन हुँदै राष्ट्रिय स्तरमा नाम कमाउन सफल साहित्यिक व्यक्तित्वका रूपमा रहेका छन् । साहित्यका विविध विधाहरूमा सफलतापूर्वक कलम चलाउन सिपालु हरिहरको साहित्यप्रतिको लगावले उनलाई छुट्टै व्यक्तिका रूपमा चिनाएको पाइन्छ ।

विशेष गरी प्रगतिवादी साहित्यिक धारामा रही काव्यकृतिहरू सिर्जना गरेका हरिहर सविता चितवन जिल्लाका साहित्यकार मात्र नभई उनको साहित्यिक योगदानले राष्ट्रिय परिवेशमा नै फड्को मार्ने जमर्को गरिरहेको देखिन्छ । पूर्वीय काव्यजगत्का केही सैद्धान्तिक मान्यताहरूलाई पालना गर्दै पश्चिमी साहित्यसँग पनि साक्षात्कार गर्न सिपालु हरिहर सविताको साहित्यिक योगदान उल्लेखनीय रहेको देखिन्छ ।

# सन्दर्भसामग्रीसूची

## क) सन्दर्भग्रन्थसूची


आचार्य, कृष्णप्रसाद, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,** (काठमाडौँ : क्षितिज प्रकाशन २०६४ जेठ) ।

आचार्य, नरहरि र अन्य (सम्पा.), **नेपाली कथा** भाग-१, सातौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५९) ।

उपाध्याय, केशवप्रसाद, **साहित्यप्रकाश,** छैटौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५९) ।

कोइराला, शिवहरि, **कवि रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि.नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६५) ।

गौतम, लक्ष्मणप्रसाद, *'चितवनको कवितासिर्जनपरम्परा र कविता सङ्ग्रहहरूको विश्लेषण,* **चितवन साहित्य : सर्वेक्षण र विश्लेषण,** (चितवन वाङ्मय प्रतिष्ठान, २०५२ चैत्र), पृष्ठ सङ्ख्या २३-२५ ।

________________, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** (ललितपुर : साझा प्रकाशन, २०६०) ।

गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली आख्यान,** (काठमाडौँ : क्षितिज प्रकाशन, २०६३) ।

घिमिरे, मीनादेवी, **रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९) ।

ढुङ्गाना, रामचन्द्र (सम्पा.), **सङ्क्षिप्त नेपाली कोश,** पाँचौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५७) ।

त्रिपाठी, बासुदेव र अन्य (सम्पा.), **नेपाली कविता** भाग-२, (ललितपुर : साझा प्रकाशन, २०४८) ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता,** भाग-४, चौथो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६०) ।

पण्डित, रमेश, बुकी साहित्यिक पत्रिका, अप्रकाशित स्नातक कार्यमूलक अध्ययनपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६३) ।

पोखरेल, डी.आर., *पुष्पपत्र नयाँ खालको महाकाव्य,* **पुष्पपत्र,** हरिहर सविता, (काठमाडौं : पुष्पलता आचार्य, २०६५) ।

पोखरेल, बालकृष्ण, **नेपाली बृहत् शब्दकोश,** पुनर्मुद्रण २०५५, (काठमाडौँ ने.रा.प्र.प्र. २०४०) ।

पोखरेल, भानुभक्त, **सिद्धान्त र साहित्य,** दोस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५९) ।

पौडेल, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र,** (काठमाडौ : भुँडीपुराण प्रकाशन, २०५७) ।

भट्टराई, घटराज र अन्य (सम्पा.), **प्राचीन नेपाली पद्य,** तेस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५९) ।

भट्टराई, गंगाकुमारी, **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९)

भट्टराई, गोविन्दप्रसाद, **पूर्वीय काव्य सिद्धान्त,** (काठमाडौँ : ने.रा.प्र.प्र., २०३१) ।

रेग्मी, हरिहर सविता, **कालरात्रि** कथासङ्ग्रह, (चितवन : लीलादेवी रेग्मी, २०४७) ।

________________, **जानुका** शोककाव्य, (चितवन : लक्ष्मी पण्डित, २०४८) ।

________________, **मणि** शोकाव्य, (चितवन : स्व.वि.यु. रामपुर, २०४८) ।

________________, **प्रचण्डलाई पत्र** काव्य, (बाँके : मानवतावाद तथा अनुसन्धान केन्द्र, २०६४) ।

________________, **पुष्पपत्र** महाकाव्य, (काठमाडौँ : पुष्पलता आचार्य, २०६५) ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** दोस्रो संस्करण, (काठमाडौँ : ने.रा.प्र.प्र., २०६३) ।

श्रेष्ठ, दयाराम (सम्पा.), **नेपाली कथा** भाग-४, दोस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६०) ।

## ख) सन्दर्भपत्रिकासूची

खनाल, नारायणप्रसाद, *शोककाव्य सृजनपरम्परामा चितवनका स्रष्टाहरूको योगदान,* **चितवन महोत्सव स्मारिका-२०६३,** (उद्योग वाणिज्य सङ्घ, नारायणगढ), पृ. ५९ ।

खनाल, हरिहर, *साहित्य र अनुसन्धानमा चितवन,* **विवेक,** (**चितवन परिचय विशेषाङ्क,** अङ्क-२, वर्ष-५, २०४६), पृ. ७५ ।

गौतम, लक्ष्मणप्रसाद, *छन्दोबद्ध कवितामा चितवन,* **चितवन महोत्सव स्मारिका-२०६१,** (उद्योग वाणिज्य सङ्घ, नारायणगढ), पृ. ६५ ।

पोखरेल, डी.आर., *पचासको दशकमा प्रकाशित चितवनको गद्य साहित्य,* **चितवन महोत्सव स्मारिका-२०६१,** (उद्योग वाणिज्य सङ्घ, नारायणगढ) पृ. ९१ ।

# परिशिष्ट

# परिशिष्ट : एक

## क. फुटकर रचना विवरण

१. **अन्तरंग** साप्ताहिक (कविता) *विदाइमा,* वर्ष ११, अङ्क ३१, २०६० वैशाख २५ विहिबार ।

२. **अन्तरंग** साप्ताहिक (कृति समीक्षा) *लमजुङ्की मादीकी पूर्णिमासँग पौडी खेलेपछि,* वर्ष १०, अङ्क ४१, २०६० जेठ २७ विहिबार ।

३ **अन्नपूर्ण** वार्षिक (कथा) *फागु पूर्णिमा,* वर्ष १, २०४६, अङ्क १ ।

४. **अन्नपूर्ण** वार्षिक (कथा) *महाअष्टमीको दिन दराई कान्छो,* वर्ष ४, अङ्क २, २०४९ ।

५. **काँकेविहार** राष्ट्रिय दैनिक (कथा) *फुर्सद,* वर्ष ६, अङ्क १५०, २०६३ फाल्गुन १९ शनिबार ।

६. **काँकेविहार** राष्ट्रिय दैनिक (लेख) *केही अतित, केही वर्तमान, केही भविष्यका कुरा,* वर्ष ६, अङ्क १८८, २०६३ चैत्र २८ बुधबार ।

७. **काँकेविहार** राष्ट्रिय दैनिक (लेख) *दाइ हुमागाई अलविदा ! लालसलाम,* वर्ष ६, अङ्क १३६, २०६३ फाल्गुन ५ शनिबार ।

८. **काँकेविहार** राष्ट्रिय दैनिक (लेख) *रौतहट हत्याकाण्डले जन्माएका केही प्रश्नहरू,* वर्ष ६, अङ्क १७८, २०६३ चैत्र १८ आइतबार ।

९. **काँकेविहार** राष्ट्रिय दैनिक (लेख) *नयाँ नेपालको शिक्षामन्त्रीलाई शुभकामना,* वर्ष ६, अङ्क १८२, २०६३ चैत्र २२ विहिबार ।

१०. **काँकेविहार** राष्ट्रिय दैनिक (व्यङ्ग्य लेख) *तराईको आन्दोलन र डरपोक राज्य,* वर्ष ६, अङ्क १२५, २०६३ माघ २२ सोमबार ।

११. **काँकेविहार** राष्ट्रिय दैनिक (व्यङ्ग्य लेख) *यही हो त लोकतन्त्र हजुर ?* वर्ष ६, अङ्क ९३, २०६३ पुष २१ विहिबार ।

१२. **काँकेबिहार,** राष्ट्रिय दैनिक, *भाइ प्रचण्डलाई छोटो पत्र,* वर्ष ६, अङ्क २३४, २०६४ जेठ १७ बिहिवार ।

१३. **काँकेविहार** राष्ट्रिय दैनिक (लेख) *म मूर्ख वादशाहा होइन,* वर्ष ६, अङ्क २३९, २०६४ जेठ २३ वुधबार ।

१४. **काँकेविहार** राष्ट्रिय दैनिक (व्यङ्ग्य लेख) *बरु भुतुक्कै हुन जाती,* वर्ष ६, अङ्क ३०३, २०६४ भदौ ८ शनिबार ।

१५. **काँकेविहार** राष्ट्रिय दैनिक (कविता) *कप्याङकुरुङ,* वर्ष ७, अङ्क १३५, २०६५ भाद्र ३ वुधबार ।

१६. **चितवन पोष्ट,** (लेख), *मेरो रह, मनको बह, कहँदै नकह है !*, वर्ष ८, अङ्क २४१, पूर्णाङ्क १७४७, २०६१ माघ १० गते ।

१७. **चितवन पोष्ट,** राष्ट्रिय दैनिक (व्यङ्ग्य लेख) *गाइजात्रा कि ? दाइजात्रा,* वर्ष ९, अङ्क १४६, २०६३ असोज २२ आइतबार ।

१८. **चितवन पोष्ट** राष्ट्रिय दैनिक (लेख) *स्मृति, वर्तमान र विरक्त लाग्दो अल्झन,* वर्ष १०, अङ्क २७६, २०६३, फाल्गुन ३० बुधबार ।

१९. **चितवन पोष्ट** राष्ट्रिय दैनिक (व्यङ्ग्य लेख) *सिंहदरबार पसेपछि भाका उस्तै उस्तै,* वर्ष १०, अङ्क २७३, २०६३ फाल्गुन २६ शनिबार ।

२०. **चितवन पोष्ट** राष्ट्रिय दैनिक (लेख) *कलाकर्मी सहिदहरूप्रति लालसलाम ! लालसलाम,* वर्ष १०, अङ्क २४८, २०६३ चैत्र २९ शुक्रबार ।

२१. **चितवन पोष्ट** राष्ट्रिय दैनिक (लेख) *पागल कविहरू र घायलकी आमाको घायल मन,* वर्ष १०, अङ्क २७०, २०६३ फाल्गुन २३ वुधबार ।

२२. **चितवन पोष्ट** राष्ट्रिय दैनिक (लेख) *म किन लेख्छु ?,* वर्ष १०, अङ्क २८२, २०६३ चैत्र ७ बुधबार ।

२३. **चितवन पोष्ट** राष्ट्रिय दैनिक (व्यङ्ग्य लेख) *देवघाटको मेला र सिंहदरबारको भेल,* वर्ष १०, अङ्क ३४१, २०६३ माघ ७ शनिबार ।

२४. **चितवन पोष्ट** राष्ट्रिय दैनिक (लेख) *भाइ अरुण पीडितलाई एउटा पत्र,* वर्ष १०, अङ्क २०, २०६४ भाद्र २३ आइतबार ।

२५. **चितवन पोष्ट,** राष्ट्रिय दैनिक (लेख) *हाम्रो साहित्यिक सुस्ता अवलोकन भ्रमण संस्मरण,* वर्ष १०, अङ्क ७६, २०६४ कार्तिक २ शनिबार ।

२६. **चितवन पोष्ट** राष्ट्रिय दैनिक (लेख) *स्व. पारिजात दिदीको सम्झनामा,* वर्ष १०, अङ्क १७, २०६४ वैशाख २० विहिबार ।

२७. **चितवन पोष्ट** राष्ट्रिय दैनिक (पत्र साहित्य) *गुरु पोषराज मलाई माफ गर !* वर्ष १०, अङ्क ११, २०६४ वैशाख १३ शनिबार ।

२८. **चितवन पोष्ट** राष्ट्रिय दैनिक (लेख) *आगे आठै दलमा चेतना भया,* वर्ष १०, अङ्क ६०, २०६४ असार १० गते आइतबार ।

२९. **चितवन पोष्ट** राष्ट्रिय दैनिक, *दूध बेचेर पुस्तक निकाल्ने मूर्ख मान्छे चेतकान्त,* वर्ष १२, अङ्क १२५, पूर्णाङ्क ३२१३, २०६४ ।

३०. **चितवन पोष्ट** राष्ट्रिय दैनिक (लेख) *सरकार ! मलाई पनि घरवास चाहियो,* वर्ष ११, अङ्क ३४८, २०६५ जेठ २४ शुक्रबार ।

३१. **चितवन पोष्ट** राष्ट्रिय दैनिक (लेख) *नागार्जुन गणतन्त्रको चिरहरण गर्न सक्छ,* वर्ष ११, अङ्क ३५६, २०६५ असार १, आइतबार ।

३२. **चितवन पोष्ट** राष्ट्रिय दैनिक (लेख) *रिमाल जयन्ती साहित्य संगम,* वर्ष ११, अङ्क ३४७, २०६५ जेठ २३ विहिबार ।

३३. **चितवन पोष्ट** राष्ट्रिय दैनिक (लेख) *चितवन प्रतिभा प्रवाह,* वर्ष १२, अङ्क २५४, २०६६ जेठ २, शनिबार ।

३४. **चितवन पोष्ट,** (कृति समीक्षा), *प्रतिध्वनि कवितासङ्ग्रहभित्र डी.डी.शर्मा,* वर्ष १३, अङ्क १४९, पूर्णाङ्क ३२३६, २०६६ माघ २ गते ।

३५. **चितवन पोष्ट,** (लेख), *अझै सहमतीय प्रणालीमा जाउँ कि ?* वर्ष १२, अङ्क १०८, पूर्णाङ्क ३१९३, २०६६ मंसीर १४ गते ।

४७. **चितवन पोष्ट,** राष्ट्रिय दैनिक (लेख), *सुकूनभित्रकी रमा प्राशर र पोखरा,* वर्ष १३, अङ्क २०३, २०६५ चैत्र ७ गते शनिबार ।

३६. **नौलो सुनगाभा,** मासिक (कविता), *मेरो लमजुङ,* वर्ष ५, अङ्क ७, पूर्णाङ्क ३, २०६३, माघ पृष्ठ ११ ।

३७. **नौलो बिहानी,** मासिक (कविता), *प्रचण्डलाई एउटा पत्र,* वर्ष ३१, अङ्क १, पूर्णाङ्क ६, २०५६ कार्तिक पृष्ठ २४ ।

३८. **नौलो राँको,** (सामयिक संकलन कथा), *गणतान्त्रिक झोला,* वर्ष २९, अङ्क २५ पूर्णाङ्क ८, २०६४ ।

३९. **नौलो राँको,** (संस्मरण), *म मर्दिन भन्ने पनि मर्‍यो बा !* वर्ष ४१, अङ्क ९, २०६६ माघ ।

४०. **पत्रहार,** बुद्धिमान दुरा 'धम्पु', *पत्र बहिनीलाई,* लमजुङ २०६६ पौष ।

४१. **प्रगतिशील लेखक सङ्घ** चितवन (कथा) *सङ्कटकालको अर्को चूडान्त,* (कथा) वर्ष ३, अङ्क १, पूर्णाङ्क १, २०६४ चैत्र ।

४२. **प्रलेस : चितवन,** (स्रष्टा परिचय अङ्क), *सपना बाँड्नेहरू,* (गद्यकविता), वर्ष ३, अङ्क २, २०६६ ।

४३. **महिमा** राष्ट्रिय साप्ताहिक (गद्यकविता) *कति बलियो थियो उसको अन्त्य,* वर्ष ५, अङ्क १४०, २००६४ जेठ १७ विहिबार ।

४८. **महिमा,** राष्ट्रिय साप्ताहिक (लेख), *कांग्रेसी व्यवहार यो देशको लागि धिक्कार,* वर्ष ३, अङ्क ३०, २०४९ मंसिर २२ गते सोमबार ।

४४. **मर्स्याङ्दी** मासिक (लघुकथा) *छोडपत्र,* वर्ष २, अङ्क २, २०५८ जेष्ठ ।

४५. **सेरोफेरो** त्रैमासिक (लघुकथा) *अनुनय,* वर्ष ८, अङ्क ११, २०४४ कार्तिक ।

४६. **त्रि.वि.कर्मचारी संघ एकाइ समिति** रामपुर (कथा) *नोकरी,* वर्ष १, अङ्क १, २०५५ कार्तिक ।

## ख. विशिष्ट व्यक्तिहरूसँगको अन्तर्वार्ताप्रश्नावली

शोधकार्यको क्रममा शोधार्थीबाट शोधनायकका परिवारजन, सहकर्मी मित्रहरू, समवर्ती साहित्यकारहरूसँग **साहित्यकार हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रको लागि लिइएको लिखित अन्तर्वार्ताको प्रश्नावली नमुना यसप्रकार रहेको छ–

१. साहित्यकार हरिहर सवितासँग यहाँको औपचारिक परिचय कहिलेदेखि भएको हो ?

२. नेपाली साहित्यमा हरिहर सविताको आगमन र उनको लेखन प्रतिभालाई यहाँले कसरी मूल्याङ्कन गर्नुभएको छ ?

३. व्यक्तिगत रूपमा हरिहर सवितालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

४. हरिहर सवितासँग सम्बन्धित तपाईंको कुनै अविष्मरणीय क्षण भए बताइदिनुहोस् न ।

५. हरिहर सविताको साहित्यिक उचाइ के-कस्तो रहेको छ र त्यसलाई तपाईंले कसरी हेर्नुहुन्छ बताइदिनुहोस् न ।

६. हरिहर सविताका साहित्यिक कृतिहरूको अध्ययनपछि तपाईंले कस्तो रसास्वादन प्राप्त गर्नुहुन्छ ?

७. हरिहर सविताको भावी साहित्यिक यात्रालाई तपाईंले कसरी पूर्व कल्पना गर्नुभएको छ ?

८. हरिहर सविता नेपाली साहित्यको कुन धारासँग निकट रहेर लेख्ने साहित्यकार हुन् ?

९. साहित्यकार हरिहर सविताबारे मैले सोध्न बिर्सेका केही कुराहरू छन् भने बताइदिनुहोस् न ।

## ग. विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोतविवरण

शोधकार्यको सिलसिलामा शोधार्थीबाट **साहित्यकार हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रको लागि विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोत विवरण यसप्रकार रहेको छ –

१. अम्बिका रेग्मी (शोधनायककी भाउजू) भ.न.पा.-१०, चितवन ।

२. गोमा रेग्मी (शोधनायककी छोरी) भ.न.पा.-७, चितवन ।

३. डी.आर. पोखरेल (शोधनायकका समवर्ती साहित्यकार) भ.न.पा.-१०, चितवन ।

४. दीननाथ पण्डित (शोधनायकका सहकर्मी) भ.न.पा.-१०, चितवन ।

५. प्रदिप रेग्मी (शोधनायकका माहिँला छोरा) भ.न.पा.-७, चितवन ।

६. माधव रेग्मी (शोधनायकका जेष्ठ सुपुत्र) भ.न.पा.-७, चितवन ।

७. रह शर्मा (शोधनायकका दाजु) भ.न.पा.-१०, चितवन ।

८. रामकृष्ण रेग्मी (शोधनायकका जेष्ठ दाजु) भ.न.पा.-१०, चितवन ।

९. रविकिरण अधिकारी (शोधनायकका सहकर्मी) भ.न.पा.-१०, चितवन ।

१०. रविमोहन सापकोटा (शोधनायकका बाल्यकालीन मित्र) भ.न.पा.-७, चितवन ।

११. लक्ष्मणप्रसाद गौतम (शोधनायकका सहकर्मी) भ.न.पा.-१०, चितवन ।

१२. लीला रेग्मी (शोधनायककी श्रीमती) भ.न.पा.-७, चितवन ।

१३. विजयराज पण्डित (शोधनायकका सहकर्मी) भ.न.पा.-१०, चितवन ।

१४. सुदिप रेग्मी (शोधनायकका कान्छा छोरा) भ.न.पा.-७, चितवन ।

१५. होमनाथ सापकोटा (शोधनायकका सहकर्मी) भ.न.पा.-१०, चितवन ।

# परिशिष्ट : दुई

संसारका सर्वहारा एक हौं ।
मार्क्सवाद-लेनिनवाद-माओवाद र प्रचण्डपथ जिन्दावाद

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी)**
**Communist Party of Nepal (Maoist)**
जिल्ला संगठन समिति, लमजुङ
District Organisation Comminte, Lamjung

प.सं.:-
च.नं.:- ६८

मिति/Date २०६५।३।१२

विषय:- सिफारिस नोट।

श्री जो जस सँग सम्बन्ध राख्दछ।

महोदय,

प्रस्तुत विषयमा महान जनयुद्धका क्रममा कृषि तथा पशु विज्ञान अध्ययन संस्थान लमजुङ क्याम्पसका तत्कालिन कर्मचारी हरीश रेग्मी (सरिता) को आवासमा तत्कालिन प्रहरी एवं सुरक्षा फौजले पटकपटक छापामारी उहाँसँग भएका बहुमूल्य सामान, लत्ता-कपडा, शैक्षिक प्रमाणपत्र कब्जामा लिई बेपत्ता बनाएको व्यहोरा सिफारिससाथ प्रमाणित गरिन्छ। साथै पटक पटक गिरफ्तार गर्ने गरी हैरानमा पारेको व्यहोरा समेत अनुरोध गरिन्छ।

क्रान्तिकारी अभिवादन सहित।

(गोरख अधिकारी)
कार्यालय सचिव